सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ जेठ २०८३, शनिबार (6 June 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ५४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

भारत भ्रमणबाट फर्किए रवि

‘कूटनीतिक च्यानलमार्फत सीमा समस्या समाधान’



भारतको औपचारिक भ्रमणमा गत सोमबार गएका रास्वपा सभापति रवि लामिछाने शुक्रबार स्वदेश फर्किएका छन्। नयाँदिल्लीमा मंगलबार र बुधबार उच्चस्तरीय राजनीतिक भेटवार्ता सम्पन्न गरेका लामिछाने बिहीबार लखनउ हुँदै अयोध्या पुगेका थिए। अयोध्यास्थित भगवान् श्रीराम मन्दिरमा दर्शन तथा पूजाअर्चना गरेपछि उनी दिल्ली विमानस्थल हुँदै शुक्रबार साँझ काठमाडौं फर्किएका हुन्। काठमाडौं फर्किएपछि विमानस्थलमा लामिछानेले भ्रमणबारे यसरी ब्रिफिङ गरे-

‘ढोल बजाएर’ होइन, कूटनीतिमार्फत समाधान

सीमालगायत कुनै पनि संवेदनशील विषय कूटनीतिक माध्यमबाटै समाधान गर्नुपर्ने मुख्य कुरा हो। यस्ता मुद्दा समाधानका लागि निश्चित चरण हुन्छन् र कूटनीतिक प्रक्रियाका आफ्नै विधि तथा अभ्यास हुन्छन्। सीमा समस्या समाधानका लागि कूटनीतिक च्यानललाई सक्रिय बनाएर अघि बढ्नुपर्छ। यो विषय ‘ढोल बजाएर’ समाधान हुने होइन, बरु कूटनीतिक संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गरेर समाधान खोजिने विषय हो। समस्या समाधानका चरणहरू क्रमबद्ध अघि बढ्छन् र नेपाललेे पनि यही अभ्यास निरन्तरता दिइरहेको छ। आवश्यक समयमा, आवश्यक ठाउँमा र सही ढंगले आफ्ना धारणा प्रस्तुत गर्ने प्रक्रिया नेपालले सुरु पनि गरेको छ र अहिले पनि निरन्तरता दिइरहेको छ। सीमासँग सम्बन्धित यस्ता संवेदनशील विषय सडक, सदन वा मिडियाको चासोभन्दा अझ जिम्मेवार र संवेदनशील ढंगले अघि बढाइन्छन्।

नेपाल-भारत सम्बन्धमा पारदर्शिता र नयाँ दृष्टिकोण

पहिले धेरैजसो राजनीतिक भ्रमणहरू बन्द कोठामा हुने र विषयवस्तु सार्वजनिक नहुने अवस्था थियो। तर, यसपटकका छलफलहरू पारदर्शी रूपमा अघि बढाइएका छन्। हामी लुकीछिपी वा अपारदर्शी सम्बन्धको पक्षमा छैनौं। नेपाल-भारत सम्बन्ध पारदर्शी, स्पष्ट र विश्वासमा आधारित हुनुपर्छ भन्ने हाम्रो मान्यता हो। यो प्रक्रिया धेरै विषयहरूको ‘रिसेट’ पनि हो, जसले दुई देशबिचको सम्बन्धलाई अझ सकारात्मक, व्यवस्थित र विश्वासयोग्य रूपमा अघि बढाउन मद्दत पुग्ने विश्वास लिएका छौं।

नेपालले आफ्नै क्षमताले गर्न सक्ने धेरै कामहरू छन् भने केही विषयहरू मित्रराष्ट्रहरूको सद्भाव, सहयोग र सहकार्यबाट मात्रै अघि बढ्न सक्छन्। मित्रराष्ट्रसँग हाम्रो अपेक्षा के हो भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ। राष्ट्रका रूपमा हामीले आफ्ना प्राथमिकताहरू निर्धारण गरेर सोहीअनुसार छलफल गरेका छौं र आफ्ना धारणा तथा आवश्यकताहरू स्पष्ट रूपमा राखेका छौं।

विकास कूटनीति र सहकार्यमा केन्द्रित छलफल

भ्रमणका क्रममा विभिन्न चरणमा सार्थक र विस्तृत छलफल भएका छन्। हामीले राजनीति, अर्थराजनीति तथा विकास कूटनीतिलाई केन्द्रमा राखेर संवाद अघि बढाएका छौं। अघिल्लो सरकारका सकारात्मक कामहरूको निरन्तरता, अझै निष्कर्षमा पुग्न बाँकी रहेका विषय तथा अल्झिएका विकास आयोजनालाई कसरी सम्पन्न गर्ने भन्नेलगायत आपसी हितका विविध विषयमा कुराकानी भएको छ।

बदलिँदो विश्व परिवेशमा धेरै देशहरूले विकास र समृद्धिको

» पृष्ठ २ मा क्रमशः

■ परराष्ट्रमन्त्री खनाल दिल्लीमा

आज समकक्षीसँग औपचारिक वार्ता



भारतीय विदेशमन्त्री एस जयशंकरको निमन्त्रणामा भारत भ्रमणमा गएका परराष्ट्रमन्त्री शिशिर खनाललाई नयाँदिल्लीस्थित विमानस्थलमा स्वागत गर्दै विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावर

पर्शुराम काफ्ले/नयाँ पत्रिका

परराष्ट्रमन्त्री शिशिर खनाल औपचारिक भारत भ्रमणका क्रममा शुक्रबार नयाँदिल्ली पुगेका छन्। उनलाई इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय विदेश मन्त्रालयका नेपाल तथा भुटान हेर्ने अतिरिक्त सचिव मनु महावर, नयाँदिल्लीस्थित नेपाली दूतावासका कार्यवाहक राजदूत डा. सुरेन्द्र थापा तथा अन्य अधिकारीहरूले स्वागत गरेका थिए। खनाल भारतीय विदेशमन्त्री डा. एस जयशंकरको निमन्त्रणामा भारत भ्रमणमा गएका हुन्।

खनालले शनिबार नयाँदिल्लीस्थित हैदराबाद हाउसमा समकक्षी जयशंकरसँग औपचारिक द्विपक्षीय वार्ता गर्ने कार्यक्रम छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि शिष्टाचार भेट हुने चर्चा भए पनि दुवै पक्षले त्यसको औपचारिक पुष्टि गरेका छैनन्।

शुक्रबार नेपाल एयरलाइन्सको नियमित उडानमार्फत दिल्ली प्रस्थान गर्नुअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै खनालले नेपाल-भारत सम्बन्धका सबै समसामयिक विषयमा खुला छलफल हुने बताए। ‘अहिले उठेका सबै विषयमा छलफल


» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ इन्टरपोलको रेड नोटिसमा ९८ नेपाली

साना अभियुक्त धमाधम पक्राउ, मोस्ट वान्टेडहरू ‘मस्त’

अन्तर्राष्ट्रिय सहकार्य, कूटनीतिक समन्वय र सुपुर्दगी सन्धिको कमजोरीका कारण गम्भीर अपराधका अभियुक्त पक्राउमा ढिलाइ



● **दीपशमशेर जबरा**
सहप्रवक्ता, नेपाल प्रहरी

अपराध गरेर विदेश भागेकालाई पक्राउ गरेर नेपाल ल्याई कानुनी कारबाही गर्न इन्टरपोलको सहयोगमा प्रहरीले प्रयास गरिरहेको छ। धेरै घटनामा सफलता मिलिरहेको छ, कतिपयमा हामी प्रयास गरिरहेका छौं।



● **उत्तमराज सुवेदी**
पूर्वएआइजी, नेपाल प्रहरी

नेपालको प्रहरी सहचारी नहुँदा स्थानीय प्रहरीसँग नेपालबाटै समन्वय गर्न गाह्रो हुन्छ। त्यसकारण हाम्रो कूटनीतिक समन्वय बढाउनुपर्छ, त्यसका लागि केही देशमा प्रहरी सहचारी पठाउनैपर्ने हुन्छ।

नवराज मैनाली/नयाँ पत्रिका

तुलनात्मक रूपमा साना तथा कम जटिल मुद्दाका अभियुक्तहरूलाई अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को सहयोगमा विभिन्न देशबाट सहजै पक्राउ गरी नेपाल ल्याइएको छ। तर, यसविपरीत सहकारी ठगीदेखि बैंकिङ कसुर, मानव बेचबिखन र संगठित अपराधसम्मका गम्भीर अभियोग लागेका व्यक्तिहरू भने विदेशमा खुलेआम बसिरहेका छन्। स्वदेश फर्काउने प्रयास अपेक्षाकृत सफल नहुँदा मोस्ट वान्टेड सूचीका ठुला अभियुक्तहरू

» पृष्ठ २ मा क्रमशः

रेड नोटिस र पक्राउको विवरण

	रेड नोटिस	पक्राउ
०७९	१३	६
०८०	४१	१२
०८१	३७	१८
०८२	१८	११
०८३	५	२

■ थरीथरी नोटिस

वारेन्ट जारी भएका फरार अभियुक्तहरूको खोजीका लागि रेड नोटिस। सनाखत नभएका मानव शवको पहिचान गर्न ब्ल्याक नोटिस। हराएका मानिसहरूको अन्तर्राष्ट्रियस्तरमा खोजी गर्न एल्लो नोटिस। अपराधीले अपराध गर्न प्रयोग गरेका हतियार, विस्फोटक पदार्थ तथा खतराजन्य अन्य चिजबस्तु लुकाएको स्थानबारे जानकारी दिन ओरेन्ज नोटिस। आपराधिक कार्यविधिबारे जानकारी दिन पर्पल नोटिस। व्यक्तिको आपराधिक क्रियाकलापकबाट सार्वजनिक सुरक्षामा हुन सक्ने सम्भावित खतराबारे जानकारी गराउन ग्रिन नोटिस। अपराधमा संलग्न व्यक्तिको खोजतलास तथा जानकारी प्राप्त गर्न ब्लु नोटिस।

■ रेड नोटिस जारी भएर पनि पक्राउ नपरेका हाइप्रोफाइल अभियुक्त



जिबी राई
● पाँचवटा सहकारीमा २१ अर्ब अपचलन
● दुई वर्षअघि रेड नोटिस जारी
● हाल : मलेसिया



भरत महर्जन
● सुमेरु सहकारीको तीन अर्ब ९३ करोड अपचलन
● एक वर्षअघि रेड नोटिस जारी
● हाल : बेलायत



सुदर्शन गौतम
● अमेरिका लैजाने भन्दै मानव तस्करी गरेर अलपत्र पारेको
● सात वर्षअघि रेड नोटिस जारी
● हाल : क्यानडा



पवनकुमार कार्की
● तत्कालीन क्यापिटल मर्चेन्ट फाइनान्सको रकम हिनामिना
● १० वर्षअघि रेड नोटिस जारी



ज्योति गुरुङ
● मितेरी सहकारी ठगी प्रकरणकी मुख्य आरोपी
● दुई वर्षअघि रेड नोटिस जारी

■ ठगीलगायत मुद्दामा विदेशबाट पछिल्लो एक वर्षमा पक्राउ गरेका अभियुक्त



तुल्सी अधिकारी
आपराधिक लाभमा फरार अधिकारी थाइल्यान्डबाट पक्राउ



विनु शाक्य
वैदेशिक रोजगार ठगीमा फरार शाक्य कम्बोडियाबाट पक्राउ



प्रकाश पाठक
आपराधिक लाभमा फरार पाठक फिलिपिन्सबाट पक्राउ



ज्योति भण्डारी
सहकारी ठगीमा फरार भण्डारी कम्बोडियाबाट पक्राउ



गजेन्द्र राई
ज्यान मुद्दामा फरार राई कतारबाट पक्राउ

देउवादम्पतीको रेड नोटिस ‘होल्ड’मा



सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धानमा रहेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी आरजुराणा पनि नेपाल प्रहरीले रेड नोटिसका लागि इन्टरपोललाई पत्राचार गरेको थियो। त्यससम्बन्धी प्रक्रिया भने ‘होल्ड’मा छ। देउवादम्पती तीन महिनादेखि विदेशमा छन्। उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गर्न इन्टरपोलले थप प्रमाण माग गरेको छ। यसअघि जिल्ला अदालतको पक्राउ पुर्जीका आधारमा प्रहरीले प्रक्रिया अघि बढाएको थियो। त्यसलाई सर्वोच्चले बदर गरेपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले विशेष अदालतबाट पक्राउ पुर्जी लिने तयारी गरेको छ।

■ पार्कमा व्यायाम



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

काठमाडौं महानगरपालिका- ३२, नरेफाँटस्थित मनोहरा खोलाछेउको पार्कमा शुक्रबार बिहान व्यायाम गरिरहेका सर्वसाधारण। महानगरले खुला ठाउँमा पार्कसँगै व्यायामका लागि उपकरण पनि राखेको छ। पार्कमा बिहान-बेलुका हिँड्न तथा व्यायाम गर्नेको घुइँचो लाग्ने गरेको छ।

झ्यनयाँ

सामाजिक सञ्जाल

जेन-जीको सुन्दर चौतारी



● पवन बराइली

सोलुदेखि अस्ट्रियासम्म आङछुटिनको यात्रा



सोलुबाट अस्ट्रिया पुगेकी आङछुटिन शेर्पा त्यहाँ प्रतिष्ठित जागिर गरेपछि फर्केर नेपालका गाउँगाउँका स्कुल बनाइरहेकी छिन्।

● शान्ति तामाङ

■ बजेटमा ‘फ्युचर्स कन्ट्र्याक्ट’ नीति

पेट्रोलियम पदार्थको मूल्य स्थिर राख्न सरकारको नयाँ रणनीति

अजित अधिकारी/नयाँ पत्रिका

पेट्रोलियम पदार्थको मूल्यमा निरन्तर भइरहेको उतारचढावलाई रोकी उपभोक्ताको भान्सादेखि राष्ट्रिय विकास निर्माणसम्म सहजता ल्याउन सरकारले नयाँ रणनीति अघि सारेको छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले १५ जेठमा संसद्मा प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमार्फत इन्धनको मूल्य नियन्त्रण गर्न अन्तर्राष्ट्रियस्तरमा अभ्यासमा रहेको ‘फ्युचर्स कन्ट्र्याक्ट’ नीति लागू गर्न अध्ययन गर्ने उल्लेख गरेका छन्। ‘इन्धनको मूल्य स्थायित्व कायम गर्न फ्युचर्स कन्ट्र्याक्ट गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्नेछौं,’ बजेट वक्तव्यको बुँदा नम्बर ५६ (ङ) मा भनिएको छ।

विश्वका ठुला तेल कम्पनी र क्रुड (कच्चा) तेल उत्पादकबिच अभ्यास भइरहेको यो नीतिले दुवै पक्षलाई फाइदा पुऱ्याउने र पेट्रोलियम पदार्थको कारोबारमा सहजता ल्याउने काम गरिरहेको छ। सोही अन्तर्राष्ट्रिय अभ्यासलाई सरकारले नेपालमा समेत लागू गर्न खोजेको हो। आयल

» पृष्ठ २ मा क्रमशः

■ के हो ‘फ्युचर्स कन्ट्र्याक्ट’ नीति ?



यो निश्चित समयका लागि पहिले नै मूल्य तय गरी एउटै दरमा इन्धन खरिद गर्ने उच्च जोखिम र पूर्वानुमानमा आधारित सम्झौता हो। आयल निगमले हाल प्रत्येक १५ दिनमा घटबढ हुने अन्तर्राष्ट्रिय बजार मूल्यका आधारमा इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट तेल किनेर नेपाली उपभोक्तालाई वितरण गर्दै आएको छ। त्यसैले अन्तर्राष्ट्रिय बजारमा भाउ बढ्दा नेपालमा तत्काल असर पर्ने गरेको छ। फ्युचर्स कन्ट्र्याक्ट नीतिअनुसार सबैभन्दा धेरै तेल खरिद गर्ने मुलुकमा मेक्सिको अगाडि छ। मेक्सिकन सरकारले बर्सेनि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य थपघट हुने जोखिमबाट बच्न ‘आयल हेजिङ प्रोग्राम’मार्फत भविष्यको मूल्य पहिले नै तय गरेर क्रुड खरिद गर्ने गरेको छ। यस्तो नीतिले सरकारको राजस्वलाई समेत स्थिर राख्न मद्दत मिल्ने गरेको छ। त्यस्तै, ठुला वायुसेवाप्रदायक कम्पनीले पनि हवाई इन्धन खरिद गर्दा यो नीति लिने गरेका छन्। भारतको इन्डियन आयल कर्पोरेसन र भारत पेट्रोलियमले क्रुड आयल खरिद गर्दा समय-समयमा फ्युचर्स कन्ट्र्याक्ट गर्ने गरेका छन्।

कानुन बनाएर पेट्रोलियमको भाउमा स्थायित्व ल्याए उपभोक्ता र सरकार दुवैलाई फाइदा



● **मनोज ठाकुर**, प्रवक्ता, नेपाल आयल निगम

विश्वका ठुला कम्पनीहरूले यो अभ्यास गरिरहेका छन्। नेपालले अहिलेसम्म यस्तो नीति नलगाएकाले केही अन्योल र जटिलता अवश्य छन्। तर, सरकारले बलियो कानुन बनाएर र सही तयारीका साथ अघि बढ्ने हो भने यस्तो नीतिले उपभोक्ता र राज्य दुवैलाई दीर्घकालीन फाइदा पुऱ्याउन सकिन्छ। नाफा-घाटाको जोखिम लिएर हुने यस्तो कारोबारले उत्पादकलाई भविष्यमा बिक्री गर्ने कच्चा तेलको परिमाण यकिन गर्न मद्दत मिल्छ भने खरिदकर्तालाई एउटै दरमा तेल किनेर बजारमा बिक्री गर्न सहज हुन्छ।

मानव अधिकार आयोगको प्रतिवेदनविरुद्ध एमाले आक्रामक

अदालत जानेसहित सबै कानुनी विकल्प प्रयोग गर्ने निर्णय

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले राष्ट्रिय मानव अधिकार आयोगले सार्वजनिक गरेको प्रतिवेदनविरुद्ध न्यायिक पुनरवलोकनका लागि अदालत जानेसहित उपलब्ध सबै कानुनी विकल्प प्रयोग गर्ने निर्णय गरेको छ। पार्टीले गरेको आन्तरिक छलफलका निष्कर्ष शुक्रबार सार्वजनिक गर्दै महासचिव शंकर पोखरेलले आयोगको सिफारिस र निर्णयविरुद्ध कानुनी प्रतिवादका सम्पूर्ण उपाय अवलम्बन गरिने बताए।

आयोगले गत १२ जेठमा २३-२४ भदौका घटनाबारे अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङलाई जेन-जी युवाको हत्याको घटनामा दोषी ठहर गर्दै नयाँ कानुन बनाएर फौजदारी अभियोग चलाउन सिफारिस गरेको थियो। साथै, उनीहरूलाई पाँच वर्षसम्म राजनीतिक गतिविधिमा संलग्न हुन नपाउने व्यवस्था गर्न पनि सुझाव दिएको थियो।

तर, एमालेले उक्त सिफारिस संविधान र प्रचलित

» पृष्ठ २ मा क्रमशः

● पार्टी निर्णय सुनाउँदै महासचिव **शंकर पोखरेल**ले भने-



विधिको शासन, संवैधानिक सर्वोच्चता, प्राकृतिक न्याय तथा लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षणलाई केन्द्रमा राखेर आगामी रणनीति तय गरिनेछ। आवश्यक परे प्रभावित पक्षका तर्फबाट आयोगसमक्ष औपचारिक आपत्ति वा पुनरवलोकनको माग गरिनेछ। संवैधानिक प्रश्न उठेमा न्यायिक पुनरवलोकनका लागि अदालत जाने र आवश्यक परे उपलब्ध सबै कानुनी उपचारका विकल्प प्रयोग गरिनेछ।

साना अभियुक्त...

पृष्ठ १ बाट क्रमशः

कानुनी दायराबाहिरै छन् ।

नेपाल प्रहरीको अनुरोधमा इन्टरपोलले जारी गरेको रेड नोटिस सूचीमा हाल ९८ नेपालीसहित ९९ जना फरार अभियुक्त रहेका छन् । धेरैजसो युएई, मलेसिया, कतार, साउदी अरेबिया तथा अमेरिकामा छन् । अन्तर्राष्ट्रिय सहकार्य, कूटनीतिक समन्वय र सुपुर्दगी सन्धिको कमजोरीका कारण गम्भीर अपराधका अभियुक्तहरू पक्राउ प्रक्रियामा ढिलाइ भइरहेको सम्बद्ध अधिकारीहरूको विश्लेषण छ ।

एक व्यापारीलाई त्रासमा राखेर करिब ६ करोड असुलेको आरोप लागेकी 'टिकटकर' तुल्सी अधिकारीविरुद्ध गत ३ चैतमा नेपाल प्रहरीको अनुरोधमा इन्टरपोलले रेट नोटिस जारी गऱ्यो । चीनमा बसेर गहनाको व्यापार गर्दै आएकी अधिकारी इन्टरपोलको नोटिस जारी भएको साढे दुई महिनामै पक्राउ परिन् । गत १६ जेठमा नेपाल प्रहरीले उनलाई थाई प्रहरीको सहयोगमा थाइल्यान्डबाट पक्राउ गरी नेपाल ल्याएको ।

तुलनात्मक रूपमा सामान्य मुद्दाकी अभियुक्त अधिकारीलाई प्रहरीले सहजै विदेशबाट पक्राउ गरेर ल्याउँदा प्रश्नहरू उठ्न थालेका छन्- गम्भीर प्रकृतिका र धेरैजना पीडित रहेका मुद्दाका अभियुक्तलाई भने वर्षौंदेखि प्रयास गर्दा पनि किन ल्याउन सकिएको छैन । सहकारी ठगीदेखि बैंकिङ कसुर तथा मानव बेचबिखनजस्ता गम्भीर मुद्दाका अभियुक्त विभिन्न देशमा खुलेआम छन्, तर सरकारको पहुँचबाहिर ।

त्यसमध्ये एक हुन् सहकारी ठगीका अभियुक्त गितेन्द्रबाबु (जिबी) राई । पाँचवटा सहकारीमा अर्बौं रकम अपचलन गरी विदेश भागेका उनीविरुद्ध इन्टरपोलले रेड नोटिस जारी गरेको दुई वर्ष भइसकेको छ । अनेक प्रयास गर्दा पनि उनलाई पक्राउ गरेर प्रहरीले स्वदेश ल्याउन सकेको छैन ।

०८० को फागुनमा उनीविरुद्ध इन्टरपोलले रेड नोटिस जारी गरेको थियो । उनी मलेसियामा बस्दै आएको सूचना भए पनि त्यहाँको सरकारले राईलाई पक्राउ गर्न सहयोग नगरेको प्रहरी अधिकारी बताउँछन् । उनलाई पक्राउ गर्न एसपीकै एक टोली डेढ वर्षअघि मलेसिया जाँदासमेत रित्तो हात फर्कियो ।

मलेसियामा व्यवसायमा लगानी गरेको आधारमा त्यहाँको सरकारले उनलाई संरक्षण गरेको अनुमान गरिएको छ । 'हाम्रो कूटनीतिक पहल बलियो नभएसम्म उनलाई ल्याउन गाह्रो हुने देखिन्छ,' प्रहरीको इन्टरपोल शाखाका एक अधिकारीले भने । उनी मात्र होइन, सोही सहकारी ठगीमा फरार भएका भूपेन्द्र राई, देवेन्द्रबाबु राई, अनन्तबाबु राई, शिवबहादुर गुरुङ लगायतविरुद्ध पनि नोटिस जारी भएकोमा उनीहरूसमेत फरार छन् ।

सुमेरू सहकारीको तीन अर्ब ९३ करोड अपचलन गरेर सपरिवार बेलायत भागेका भरत महर्जनविरुद्ध रेड नोटिस जारी भएको एक वर्ष भइसकेको छ । उनलाई पनि नेपाल ल्याउन त्यहाँको प्रहरीबाट सहयोग नभएको प्रहरी अधिकारी बताउँछन् ।

ललितपुरको मितेरी सहकारी ठगी प्रकरणकी मुख्य आरोपी ज्योति गुरुङविरुद्ध रेड नोटिस जारी भएको पनि करिब दुई वर्ष पुग्न लागेको छ । सुरक्षा निकायका अनुसार उनी हाल अमेरिकामा रहेको सूचना छ, तर उनलाई पक्राउ गरी नेपाल ल्याउन अझैसम्म सफलता मिलेको छैन । अमेरिकी निकायबाट आवश्यक सहयोग नपाउँदा उनको प्रत्यर्पण प्रक्रिया अघि बढ्न नसकेको प्रहरी अधिकारीहरू बताउँछन् । उनी पक्राउ नपर्दा सहकारीमा डुबेको रकम असुलउपर गर्न पनि कठिनाइ भइरहेको छ ।

ज्योति गुरुङ उक्त सहकारीकी पूर्वमहाप्रबन्धक हुन् । सहकारीको रकम विदेशमा लगेर अपचलन गरेको आरोप उनीमाथि लागेको छ । उनी काग्रेस नेता धनराज गुरुङकी पूर्वपत्नी पनि हुन् । सोही ठगी प्रकरणका अर्का अभियुक्त ज्योति भण्डारीलाई भने गत वर्ष कम्बोडियाबाट पक्राउ गरी नेपाल ल्याएर कानुनी कारबाही अघि बढाइएको थियो ।

त्यस्तै, मानव बेचबिखन मुद्दामा कलाकार सुदर्शन गौतमविरुद्ध रेड नोटिस जारी भएको सात वर्ष भइसकेको छ । क्यानडा बस्ने उनले अमेरिका लैजाने भन्दै मानव तस्करी गरेर अलपत्र पारेको घटनामा प्रहरीले अनुसन्धान गरेर मुद्दा दायर गरे पनि उनलाई कानुनी दायरामा ल्याउन सकेको छैन । गौतम पनि क्यानडाको नागरिक भइसकेको आधारमा प्रहरीले ल्याउन नसकेको हो ।

प्रहरीले पक्राउ गर्न नसकेका अर्का चर्चित अभियुक्त पवनकुमार कार्की हुन् । तत्कालीन क्यापिटल मर्चेन्ट फाइनान्सको रकम हिनामिना गरी भागेका उनी पनि अमेरिकामा छन् । अमेरिकाको ग्रिनकार्ड भएको आधारमा उनलाई त्यहाँको प्रहरीले नेपाल ल्याउन दिएको छैन । १० वर्षसम्म रेड नोटिसमा रहेका उनको नाम हालै इन्टरपोलले हटाएको छ ।

हिमालयन फाइनान्सको रकम हिनामिनामा अदालतबाट दोषी ठहर भएकी सिसम मल्ल पनि अमेरिकामै फरार छिन् । उनीविरुद्ध पनि इन्टरपोलको रेड नोटिस जारी भएको आठ वर्ष भइसकेको छ । तर, अमेरिकी सुरक्षा निकायले सहयोग नगरेको प्रहरी अधिकारी बताउँछन् ।

इन्टरपोलबाट रेड नोटिस जारी भई अमेरिकामै रहेका अर्का मोस्ट वान्टेड व्यक्ति हुन्- निटुप लामा । बाघको हाडखोर तस्करी गर्ने ठुलो गिरोहको सदस्य देखिएपछि उनीविरुद्ध १५ वर्षअघि नै रेड नोटिस जारी भएको थियो । उनलाई पनि अहिलेसम्म पक्राउ गर्न नसकेको सिआइबीका अधिकारी बताउँछन् ।

यसरी गम्भीर मुद्दाका अभियुक्तहरू रहेको ठाउँ थाहा हुँदा पनि प्रहरीले ल्याउन सकेको छैन । तर, वैदेशिक रोजगार ठगीलगायत सामान्य मुद्दाका अभियुक्तलाई भने प्रहरीले विदेशबाट पक्राउ गरी ल्याइरहेको छ ।

गत ३० वैशाखमा प्रहरीले वैदेशिक रोजगारमा पठाइदिने भन्दै ११ लाख रुपैयाँ ठगी गरेका पाँचथरको मिक्लाजुङ घर भएका सुवास लावतीलाई युएईबाट पक्राउ गरी नेपाल ल्याएको थियो ।

यस्तै, गत २८ माघमा उच्चपदस्थलाई धम्क्याएको अभियोग लागेका प्रकाश पाठकलाई प्रहरीले फिलिपिन्सबाट पक्राउ गरी ल्यायो । त्यस्तै, कात्तिक ३० मा ठगी मुद्दाकै आकाश कुशवाहलाई मलेसियाबाट पक्राउ गरी प्रहरीले नेपाल ल्याएको थियो ।

भदौमा खिमबहादुर थापालाई साउदी अरबबाट पक्राउ गरी ल्याइएको थियो । ०८२ मा यस्ता विभिन्न मुद्दामा ११ जनालाई विदेशबाट पक्राउ गरी नेपाल ल्याइएको थियो ।

नेपाल प्रहरीका सहप्रवक्ता एसएसपी दीपशमशेर जबरा भने रेड नोटिस जारी भएका सबै फरार अभियुक्तलाई प्रहरीले पक्राउ गर्ने प्रयास गरिरहेको बताउँछन् । 'अपराध गरेर विदेश भागेकालाई पक्राउ गरेर नेपाल ल्याई कानुनी कारबाही गर्न इन्टरपोलको सहयोगमा प्रहरीले प्रयास गरिरहेको छ,' उनी भन्छन्, 'धेरै घटनामा सफलता मिलिरहेको छ, कतिपयमा हामी प्रयास गरिरहेका छौं ।' एक उच्च प्रहरी अधिकारी भने सम्बन्धित देशसँग सुपुर्दगी सन्धि नभएको र राज्यको कूटनीतिक सक्रियता कमजोर भएकाले पनि कतिपय देशले फरार अभियुक्त ल्याउन सहयोग नगरेको सुनाउँछन् । फरार व्यक्ति पत्ता लगाएर जानकारी दिँदा पनि केही देशले उनीहरूलाई पक्राउ गर्न चासो नदिने गरेका छन् ।

नेपाल प्रहरीका अवकाशप्राप्त एआइजी उत्तमराज सुवेदी मुख्यगरी कमजोर कूटनीतिक र समन्वयको कमजोरीका कारण रेड नोटिस जारी भएका व्यक्तिलाई ल्याउन कठिन हुने गरेको बताउँछन् । 'नेपालको प्रहरी सहचारी नहुँदा स्थानीय प्रहरीसँग नेपालबाटै समन्वय गर्न गाह्रो हुन्छ,' उनी भन्छन्, 'त्यसकारण हाम्रो कूटनीतिक समन्वय बढाउनुपर्छ, त्यसका लागि केही देशमा प्रहरी सहचारी पठाउनैपर्ने हुन्छ ।'

कतिपय घटनामा पनि नेपालकै कागजपत्रको कमजोरीले गर्दा पनि सम्बन्धित देशले सहयोग नगर्ने बताउँछन् । साथै, सम्बन्धित देशको स्वार्थ र प्रभावका कारण पनि कतिपय व्यक्ति रेड नोटिस जारी भएर पनि पक्राउ पर्न नसकेको उनको भनाइ छ । 'रेड नोटिस जारी भएका कतिपय व्यक्ति अमेरिकामा छन्, त्यहाँ पिआर लिइसकेका छन् भने अमेरिकाले उनीहरूलाई दिन मान्दैन,' उनी भन्छन्, 'कतिपयले त्यहाँ लगानी गरेको आधारमा सम्बन्धित देशले संरक्षण गरिदिने गरेको छ ।'

पछिल्लो एक वर्षमा को-को पक्राउ गरी ल्याइयो ?

नाम	पक्राउ परेको देश	मुद्दा
तुल्सी अधिकारी	थाइल्यान्ड	आपराधिक विश्वासघात
सुवास लावती	युएई	ठगी
प्रकाश पाठक	फिलिपिन्स	आपराधिक लाभ
कृष्ण सुनार	कुवेत	मानव बेचबिखन
ज्योति भण्डारी	कम्बोडिया	सहकारी ठगी
समसुद्दिन अन्सारी	कतार	वैवाहिक बलात्कार
आकाश कुसवाह	मलेसिया	ठगी
खिमबहादुर थापा	साउदी अरब	कर्तव्य ज्यान
कलबहादुर बस्नेत	युएई	मानव बेचबिखन
जावेद अनवरद्दिन	युएई	आपराधिक विश्वासघात
रेशमबहादुर राना	युएई	कर्तव्य ज्यान

९९ जना रेड नोटिसमा

नेपाल प्रहरीको अनुरोधमा इन्टरपोलले रेड नोटिस जारी गरेका ९९ जना फरार छन्, जसमा एक विदेशी छन् । फरारमध्ये लुकेको देश थाहा हुँदा पनि कतिपयलाई प्रहरीले ल्याउन सकेको छैन । धेरैजसो युएई, मलेसिया, कतार, साउदी अरेबिया तथा अमेरिकामा छन् । खाडीका देशहरूले त्यहाँको अदालतको स्वीकृत लिएर मात्र पक्राउ गरी निष्कासन गर्दछन् । कतिपयको हकमा मुद्दाको प्रकृति हेरेर त्यहाँको अदालतले निष्कासनको अनुमति नदिने गरेको छ । अमेरिकाको हकमा आफ्नो देशको पिआर लिइसकेका व्यक्तिलाई पक्राउ गर्न असहयोग गर्दै आएको छ । दुई देशबिच फौजदारी अपराधका विषयमा कुनै कानुनी सम्झौता नभएकाले पनि समन्वय गर्न प्रहरीले कठिनाइ भोग्दै आएका छन् ।

पाँच वर्षमा ११४ विरुद्ध रेड नोटिस, ५० जना पक्राउ

पछिल्लो पाँच वर्षमा नेपाल प्रहरीको आग्रहमा इन्टरपोलले ११४ जनाविरुद्ध रेड नोटिस जारी गरेको छ । प्रहरीको इन्टरपोल शाखाको तथ्यांकअनुसार ०७९ मा १३, ०८० मा ४१, ०८१ मा ३७, ०८२ मा १८ र ०८३ मा पाँचजनाविरुद्ध रेट नोटिस जारी भएको हो । यो अवधिमा रेड नोटिस जारी भएका ५० जनालाई पक्राउ गरी नेपाल ल्याएको छ । ०७० मा ६, ०८० मा एक, ०८१ मा १८ , ०८२ मा ११ र ०८३ मा दुईजनालाई विदेशबाट पक्राउ गरी ल्याइएको प्रहरीका सहप्रवक्ता जबरा बताउँछन् । युएई, कतार, मकाउ, मलेसिया, रोमानिया, कम्बोडिया, ओमान र थाइल्यान्डबाट फरार अभियुक्तलाई नेपाल प्रहरीले पक्राउ गरी ल्याएको छ । नेपाल प्रहरी इन्टरपोलमा आबद्ध भएपछि मात्र ३५ जनाविरुद्ध नेपालको अनुरोधमा रेड नोटिस जारी भएको छ ।

२० वर्षदेखि रेड नोटिसमा

कतिपय फरार अभियुक्त २० वर्षदेखि इन्टरपोलको रेड नोटिसमा छन् । वैदेशिक रोजगार ठगीमा संलग्न भक्तबहादुर लामा सन् २००७ देखि निरन्तर इन्टरपोलको रेड नोटिसमा हुँदा पनि पक्राउ परेका छैनन् । त्यस्तै, ठगी मुद्दामा पशुपति शुक्ला पनि सन् २०१२ देखि इन्टरपोलको वान्टेड सूचीमा छन् । ३३ किलो सुन तस्करीमा संलग्न तुलबहादुर मगर, कृष्ण बस्नेतलगायत पनि रेड नोटिसमा छन् । लामो समयसम्म पक्राउ नपरेपछि इन्टरपोलले कतिपयको नाम सूचीबाट हटाउने गर्दछ । कतिपयको हकमा भने लामो समय राख्ने गरेको छ ।

३४ जना नेपालीविरुद्ध डिफ्युजन

नेपाल प्रहरीको अनुरोधमा इन्टरपोलले ३४ जनाविरुद्ध डिफ्युजन नोटिस जारी गरेको छ । अनुसन्धानकै क्रममा रहेका फरार अभियुक्तहरूको खोजीका लागि जारी हुने डिफ्युजन नोटिसका आधारमा पनि पछिल्लो पाँच वर्षमा नेपाल प्रहरीले १० जनालाई विदेशबाट पक्राउ गरी स्वदेश ल्याई कानुनी कारबाही गरेको छ ।

प्रहरी सहचारीको प्रस्ताव सधैं अलपत्र

प्रहरीमा सुधारको विषय उठ्दा सधैं नछुट्ने विषय हो- प्रहरी सहचारी । अन्तरदेशीय अपराधको सञ्जाल बढ्दै गरेको र अपराध गरेका व्यक्तिहरू विभिन्न देशमा पुग्ने प्रवृत्तिका कारण प्रहरीलाई टाउको दुखाइ बन्दै आएको छ । गृहमन्त्री फेरिएसँगै सधैं यो विषयले प्राथमिकता पाउँछ । तर, सधैं छलफलमै सीमित हुन्छ । चुनावी सरकारको समयमा पनि प्रहरी प्रधान कार्यालय हुँदै यससम्बन्धी प्रस्ताव अर्थ मन्त्रालयसम्म पुगेको थियो । तर, अर्थले सहमति नदिएपछि त्यत्तिकै रोकियो । पछिल्लो एक दशकयता हरेक वर्षजसो प्रहरीले प्रहरी सहचारीको प्रस्ताव गर्दै आएको छ । तर, कुनै पनि सरकारले यसलाई कार्यान्वयनमा लगेका छैनन् ।

नेपालीको धेरै संख्या रहेका देशहरू संयुक्त अरब इमिरेट्स (युएई), मलेसिया, चीन, अमेरिका र युरोपको कुनै देशमा सहचारी राख्न ६ महिनाअघि पनि पत्राचार भएकोमा रोकिँदै आएको छ । पूर्वएआइजी उत्तमराम सुवेदी प्रहरी सहचारी नहुँदा सूचना आदान-प्रदानदेखि रेड नोटिस जारी भएका व्यक्ति पक्राउसम्म समस्या हुँदै आएकाले यसमा सरकार गम्भीर हुनुपर्ने बताउँछन् । प्रहरी प्रवक्ता डिआइजी अविनारायण काफ्ले प्रहरी सहचारी राख्ने विषयमा छलफल हुँदै आएको बताउँछन् ।

दाबी विरोध तथा राय सुझावको लागि प्रकाशित १५ दिने सार्वजनिक सूचना

झापा जिल्ला कचनकबल गा.पा वडा नं. ७ (साविक बालुबाडी-५) को वडा कार्यालयको कित्ता नं. २०९, ४२३, ४२६, ४२९ र ४३४ मा ईटा बनाउने उद्देश्यको उद्योग स्थापना गर्न लागिएको हुँदा उपरोक्त उद्देश्यको उद्योगले त्यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक र रासायनिक जैविक पक्षमा पर्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपशिलको स्थानमा लिखित राय सुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

राय सुझाव दिने स्थान :

१. कचनकबल गा.पा. वडा नं. ७ (साविक बालुबाडी-५) को कार्यालय
२. घरेलु तथा साना उद्योग कार्यालय (झापा)

प्रस्तावक : सन्तोष राउत
बिर्तामोड-४

मोटरसाइकल हरायो

मिति २०८३/२/१९ गते अन्दाजी राती २२:१३ बजे का.जि. का.म.न.पा.-३२, नरेफाँटस्थित डेराकोठा अगाडि पार्किङ गरी राखेको मेरो निम्न व्यहोरा भएको 149 cc FZS FIV3DLX सेतो रंगको मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : कमलेश महतो
मो.सा.नं.: म.प्र.०३-०४४ प ५०००
चेसिस नं.: ME1RG8813T0012986
इन्जिन नं.: G3N5E0551138
सम्पर्क न.: 9702786512

पैसाको विवादमा मध्यराति युवतीको हत्या

झापामा **चिरञ्जीवी घिमिरे**



घटनाबारे जानकारी दिँदै जिल्ला प्रहरी कार्यालय झापाको टिम

झापाको दमक नगरपालिका- १० स्थित रतुवाखोलामा १६ जेठमा बोरामा पोको पारिएको अवस्थामा मृत भेटिएकी २१ वर्षीया रमा तिवारीको हत्या शारीरिक सम्पर्कका लागि पैसाको विवाद हुँदा भएको खुलेको छ । नेपाल प्रहरीको संयुक्त टोलीले गरेको सघन अनुसन्धानबाट हत्यामा संलग्न भारत बिहार (अररिया ग्राम पञ्चायत) घर भई हाल दमक- ५ बस्ने ३३ वर्षीय राकेशकुमार पण्डितलाई पक्राउ गरेपछि यो तथ्य बाहिर आएको हो ।

जिल्ला प्रहरी कार्यालय झापाकी प्रमुख प्रहरी उपरीक्षक (एसपी) वसुन्धरा खड्काका अनुसार मृतक तिवारी र आरोपित पण्डित एक-अर्काका लागि अपरिचित थिए । १३ जेठमा राति घरबाट निस्किएकी रमाको दमक- ९ स्थित चियादोकान चोकमा पण्डितसँग भेट भएको थियो । बाटोमा भेटिएपछि दुवैबिच शारीरिक सम्पर्कका लागि सहमति भयो । पण्डितले एटिएमबाट पैसासमेत निकाले । त्यसपछि उनीहरू दमक- ५ मा रहेको एउटा झाडीमा पुगेका थिए । त्यसपछि रमाले पूर्वसहमतिविपरीत थप पैसा मागेपछि दुईबिच विवाद सुरु भएको पण्डितले प्रहरी बयानमा बताएका छन् । सोही विवाद बढ्दै जाँदा पण्डितले घाँटी थिचेर रमाको हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

यो क्रूर हत्याकाण्डको रहस्य सुल्झाउन कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर, नेपाल प्रहरी प्रदेश प्रहरी कार्यालय धरान र इलाका प्रहरी कार्यालय दमकको संयुक्त टोली खटिएको थियो । इलाका प्रहरी कार्यालय दमकका प्रमुख प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतको कमान्डमा खटिएको टोलीले पण्डितलाई उनकै डेराबाट पक्राउ गरेको हो । पक्राउ परेका पण्डितविरुद्ध ज्यानसम्बन्धी कसुर र जबर्जस्ती करणी कसुरमा जिल्ला अदालत झापाबाट पाँचच दिनको म्याद थप गरी हिरासतमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

१३ जेठको राति करिब ११ बजे हत्या गरेपछि पण्डित शव छाडेर आफ्नो डेरामा पुगेका थिए । शव व्यवस्थापनका लागि उनले डेराबाट बोरा र पाइप लिएर आए । प्रहरीका अनुसार शव लान उनले मोटरसाइकलसमेत परिवर्तन गरेका थिए । मध्यरातको करिब १२ बजे उनले रमाको शवलाई बोरामा पोको पारी घटनास्थल (दमक-५) बाट करिब १५ किलोमिटर दक्षिणमा पर्ने दमक- १० स्थित रतुवाखोलामा पुऱ्याएर फालेका थिए । १६ जेठमा शव सडेर दुर्गन्धित अवस्थामा फेला परेको थियो ।

हत्याको भोलिपल्टै मन्दिरमा माफी, शव भेटिएकै दिन भारत फरार

अनुसन्धानका क्रममा आरोपीको अनौठो व्यवहारसमेत फेला परेको छ । मध्यरातमा हत्या गरेका पण्डित 'प्रायश्चित' गर्न भोलिपल्ट अर्थात् १४ जेठ बिहान साढे ६ बजे नै दमक- ६ स्थित पशुपति मन्दिर पुगेर माफी मागेका थिए । उनी मन्दिर पुगेको दृश्य सिसिटिभी फुटेजमा समेत कैद भएको छ । १६ जेठमा रतुवाखोलामा शव भेटिएकै दिन उनी लुक्नका लागि भारत पुगेका थिए । तर, सुरक्षित ठानी दुई दिनपछि पुनः दमकस्थित आफ्नै डेरामा फर्किएका उनलाई प्रहरीले

कूटनीतिक...

पृष्ठ १ बाट क्रमशः

क्षेत्रमा उल्लेखनीय फड्को मारिरहेका छन् । तर, हाम्रो देशमा राजनीतिक अस्थिरता कायम रहँदा नेपाल केही हदसम्म समृद्धिको यात्रामा पछाडि परेको अनुभूति गरिएको छ । हाम्रा छिमेकी राष्ट्रहरूले हासिल गरेको प्रगति पनि प्रेरणादायी छ । अब नेपालले पनि त्यो गतिलाई समातेर अघि बढ्नुपर्ने आवश्यकता छ । यिनै विषयलाई केन्द्रमा राखेर विभिन्न तहमा भेटवार्ता र छलफलहरू भएका छन् ।

निरन्तर संवादबाट समस्या समाधान

यो भ्रमण भारतीय जनता पार्टी (भाजपा)का अध्यक्षको निमन्त्रणामा सम्पन्न भएको हो । एक देशको सत्तारूढ दल र अर्को देशको प्रमुख राजनीतिक दलबिच सरकार सञ्चालन, पार्टी व्यवस्थापन तथा आपसी सहकार्यका विविध विषयमा स्वाभाविक रूपमा छलफल हुने गर्छ । यस क्रममा उच्च राजनीतिक तहमा महत्त्वपूर्ण भेटघाटहरू सम्पन्न भएका छन् ।

हामीले विकास कूटनीतिलाई केन्द्रमा राखेर भेटवार्ता गरेका छौं । नेपालले विकास र समृद्धिको यात्रामा हासिल गर्नुपर्ने लक्ष्य तथा त्यसका लागि आवश्यक सहकार्यका विषयमा गम्भीर छलफल भएको छ ।

त्यसैगरी द्विपक्षीय सम्बन्धसँग जोडिएका विभिन्न कूटनीतिक विषयको संवेदनशीलतालाई ध्यानमा राख्दै ती विषयमा निरन्तरता दिने गरी सकारात्मक संवाद भएका छन् ।

प्रधानमन्त्रीको अभिव्यक्तिबारे- सरकार नै ढालुँला जसरी धेरै न्वाइज नदिँदा राम्रो हुन्छ

परराष्ट्र मामिलासँग सम्बन्धित विषय पार्टीको हुँदैन, देशको हुन्छ । प्रधानमन्त्रीले बोलेको विषयमा परराष्ट्र मन्त्रालयले आधिकारिक रूपमा हामीले भन्न खोजेको के हो, प्रधानमन्त्रीको वास्तविकता र भनाइ सार्वजनिक गरिसकेपछि योभन्दा बढी आधिकारिक माग्नु आवश्यक देख्दिनँ । परराष्ट्रले जे भन्यो, सरकारको स्पष्टीकरण त्यही हो । हामी राजनीतिक अस्थिरताका पक्षमा छैनौं, स्थिरताका पक्षमा छौं । निर्वाचनअघि गरेका हाम्रा भनाइहरू हेर्नुहोला । सधैंभरि किचलोको वातावरण सिर्जना गर्नुहुँदैन । हामी जे सुधार्नुपर्नेछ, सुधार्नेछौं । ध्यानाकर्षण हुनुपर्ने विषयमा सचेत हुन्छौं । यसैबाट सरकार नै ढालुँलाजसरी धेरै न्वाइज नदिँदा राम्रो हुन्छ । नेपाल र भारतको सम्बन्ध गहिरो त्यतिबेला हुन्छ जब समृद्धिको बाटोमा हामी पनि सँगसँगै हिँड्छौं । आइटीदेखि खेलकुदसम्मको फराकिलो तस्बिरबारे कुराकानी गरेको छु । सहकार्यले सम्बन्ध अघि बढ्न सक्छ । विगतमा भएका कमजोरीको भारी बोक्नुपर्दैन । हामी विकास कूटनीतिमार्फत समृद्धिको यात्रामा अघि बढ्न तयार छौं, आपसी सम्मान र हितका आधारमा अघि बढ्न चाहन्छौं भन्ने सन्देश दिएको छु ।

स्वागतको पनि अर्थ लगाउन थालियो भने त के राम्रो होला र !

तामझाम तपाईंहरूलाई लागेको होला, मलाई लागेन । कुन अतिथिलाई कसरी सत्कार गर्ने भन्ने कुरा बोलाउने पक्षले निर्णय गर्ने कुरा हो । असाध्यै प्रेमपूर्वक स्वागत भयो भनिएको छ । हामीलाई गरिएको स्वागत हामी नेपाल र नेपालीका लागि हो । नागरिकको सम्मान हो । राम्रो स्वागतको पनि अर्थ लगाउन थालियो भने त के राम्रो होला र ।

प्रधानमन्त्रीको भारत भ्रमण उपयुक्त समयमा हुन्छ

भाजपा अध्यक्ष र प्रधानमन्त्रीज्यूलाई बोलाएको छु । उहाँहरूले आउँछौं भन्नुभएको छ । दुईतर्फ अनुकूल हुने गरी जहिले जुर्नेछ, भ्रमण हुनेछ ।

परराष्ट्रमन्त्री...

पृष्ठ १ बाट क्रमशः

हुन्छ । लामो समयपछि दुई देशबिच उच्चस्तरीय औपचारिक भ्रमण हुँदै छ । हाम्रो प्राथमिकताका सबै विषयहरूमा संवाद हुन्छ,' परराष्ट्रमन्त्री खनालले भने । सीमासम्बन्धी विषय पनि एजेन्डामा रहने हो भन्ने प्रश्नमा उनले भने, 'म कुनै विशिष्ट विषयमा अहिले टिप्पणी गर्दिनँ, तर उठेका सबै विषयमा खुला संवाद हुनेछ ।'

नेपाल र भारतबिच विद्यमान ३० भन्दा द्विपक्षीय संयन्त्रको पुनरवलोकन तथा सक्रिय बनाउनेलगायत दुई देशबिच जलविद्युत्, पर्यटन, सीमापार कनेक्टिभिटी, नेपाललाई भारतबाट अतिरिक्त हवाई प्रवेश मार्गलगायतका विषयमा छललफल गर्ने एजेन्डा लिएर परराष्ट्रमन्त्री खनाल दिल्ली पुगेका छन् ।

दिल्ली विमानस्थलमा नेपाली समुदायका प्रतिनिधिहरूसँग भेट गर्दै खनालले आफ्नो भ्रमणको मुख्य उद्देश्य द्विपक्षीय सहकार्यलाई थप सुदृढ बनाउनु रहेको बताए । 'निर्वाचनपछि नेपालमा बलियो सरकार बनेको छ । लामो समयदेखि उच्चस्तरीय भेटघाट हुन सकेको छैन । उद्योग, व्यापार, प्रविधि, जलविद्युत् तथा लगानीका क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा हामी छलफल गर्नेछौं,' उनले भने ।

परराष्ट्र स्रोतका अनुसार खनालले यसअघि नेपाल-भारत सहकार्य र साझेदारीसँग सम्बन्धित सरोकारवाला सबै मन्त्रालयसँग छलफल गरेका छन् । 'विगतमा सहमति भएका र कार्यान्वयनमा गएका परियोजनाहरूको समीक्षा गर्ने तथा दुई देशबिच सम्बन्धका सबै पक्षहरूबारे छलफल गर्ने तयारी साथ परराष्ट्रमन्त्रीज्यू जानुभएको छ,' एक उच्च कूटनीतिक अधिकारीले नयाँ पत्रिकासँग भने ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले दुई देशबिच विकास साझेदारी, लगानी, जनस्तरको सम्बन्धलगायत बृहत् कार्यसूचीमा दुई परराष्ट्रमन्त्रीहरूबिच छलफल हुने बताएका छन् । 'नेपालसँग हाम्रो विकास साझेदारीदेखि जनता-जनताबिचको सम्बन्ध र व्यापार तथा लगानीसम्मको बृहत् कार्यसूची (एजेन्डा) रहेको छ । दुई परराष्ट्रमन्त्रीहरूबिच भेटवार्तामा यी सबै सम्बन्धबारे छलफल हुनेछ । हाम्रोतर्फबाट भन्दा नेपालसँग रहेको यो बहुआयामिक साझेदारीलाई अझ सुदृढ बनाउन हामी उत्सुक छौं,' शुक्रबार भारतीय विदेश मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा जैसवालले भने ।

नेपाल र भारतबिच सम्बन्धका सबै पक्षबारे छलफल गर्ने संयुक्त आयोगको नेतृत्व पनि परराष्ट्रमन्त्रीहरूले गर्दै आएका छन् । तर, यसपटक संयुक्त आयोगको बैठक नभएर परराष्ट्रमन्त्री खनालको औपचारिक द्विपक्षीय भ्रमण हो । नेपाल र भारतबिच पछिल्लो (सातौं) संयुक्त आयोगको बैठक ०८० पुस २० मा नेपालमा भएको थियो । बैठककै क्रममा नेपालबाट भारतमा दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर भएको थियो ।

पेट्रोलियम...

पृष्ठ १ बाट क्रमशः

निगमका प्रवक्ता मनोज ठाकुरले निश्चित समयसम्म खरिद गर्ने पेट्रोलियम पदार्थको मूल्य पहिले नै तय गर्ने र एउटै दरमा सम्झौता अवधिभर तेल खरिद गर्ने फ्युचर्स कन्ट्र्याक्ट नीति नेपालमा पनि लागू गर्न सकिने भए पनि केही जटिलता रहेको बताए ।

'विश्वका ठुला तेल कम्पनीहरूले कच्चा तेल खरिद गर्दा फ्युचर्स कन्ट्र्याक्टको अभ्यास गर्दै आएका छन्,' उनले भने, 'यस्तो सम्झौताले तेल कम्पनीलाई मूल्य नियन्त्रण गर्न र उत्पादकलाई खेर नजाने गरी क्रुड उत्खनन गर्न मद्दत मिलिरहेको छ ।' उनका अनुसार फ्युचर्स कन्ट्र्याक्ट निकै जोखिममा आधारित सम्झौता हो । उदाहरणका लागि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ सय डलर प्रतिब्यारेल रहेका बेला तेल कम्पनी र क्रुड उत्पादकबिच ६ महिनाका लागि फ्युचर्स कन्ट्र्याक्ट हुन सक्छ ।

यस्तो सम्झौतापछि ६ महिनासम्म सय डलर प्रतिब्यारेलकै दरले क्रुडको कारोबार हुनेछ । यस अवधिमा कच्चा तेलको अन्तर्राष्ट्रिय मूल्य थपघट भए पनि सम्झौता भएकै दरमा कारोबार हुने गर्छ । 'सामान्यतया आगामी दिनमा कच्चा तेलको भाउ कति थपघट हुन्छ भन्ने कुरा विज्ञको सहायतामा अनुमान गरेर फ्युचर्स कन्ट्र्याक्ट हुने गर्छ,' प्रवक्ता ठाकुरले भने, 'यस्तो सम्झौतामा दुवै पक्षले वेलावेला नोक्सानीसमेत व्यहोर्ने गरेका उदाहरण छन् ।'

कारोबारमा जोखिम भए पनि दुवै कम्पनीलाई मूल्य नियन्त्रणमा भने यस्तो सम्झौताले फाइदा हुने गरेको उनले बताए । 'तेल कम्पनीले नियमित रूपमा एउटै भाउमा कच्चा तेल किनेपछि बजार मूल्यलाई स्थायित्व दिन सजिलो हुन्छ,' उनले भने, 'क्रुड उत्पादकले समेत आगामी ६ महिनासम्म उत्खनन गर्नुपर्ने परिमाणको अर्डर लिएपछि सोहीअनुसार खानी सञ्चालन गर्न सहज हुन्छ ।' अन्तर्राष्ट्रिय बजारमा आउने उतारचढावले केही जोखिम हुने भए पनि कारोबारलाई स्थायित्व दिन यस्तो सम्झौताको निरन्तर अभ्यास भइरहेको ठाकुरले बताए ।

नेपालले भने इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट सोझै प्रशोधित इन्धन आयात गर्ने भएकाले फ्युचर्स कन्ट्र्याक्ट कार्यान्वयन गर्न केही जटिल हुने उनको भनाइ छ । 'विश्वमा क्रुड आयलको कारोबारमा यस्तो अभ्यास भइरहेकाले प्रशोधित तेलमा पनि यो नीति लागू गर्न केही जटिलता आउन सक्छन्,' उनले भने,
'तर, बलियो कानुन बनाएर कार्यान्वयन गर्न खोज्ने हो भने उपभोक्ता र

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २३ जेठ ०८३
nayapatrikaofficial @nayapatrika

सामाजिक सञ्जाल : जेन-जीको सुन्दर चौतारी

सामाजिक सञ्जाललाई कतिपयले अध्ययनको सहयोगी टुल्स बनाएका छन् भने कतिपयले करिअरको सुरुवाती पाइला नै बनाएका छन्



प्रविधि



● पवन बराइली

> १५ सेकेन्डदेखि एक मिनेटसम्मका भिडियो युवाले निरन्तर स्क्रोल गराइरहेका हुन्छन् । नृत्य, कमेडी, फेसन, मोटिभेसन, समाचार सबै एउटै स्क्रिनमा आउँछ । म्यासेन्जर, ह्वाट्सएपजस्ता एपमा साथी, परिवार र सहकर्मीसँग जोडिन्छन् । आजभोलि उनीहरू धेरैको दैनिकी मोबाइल 'नोटिफिकेसन'बाट सुरु हुन्छ ।

आजका जेन-जीको जीवन मोबाइल स्क्रिनसँग गहिरो रूपमा जोडिएको छ। विद्यार्थी, कलाकार, व्यवसायी, डेलिभरी राइडरलगायत हरेक पेसामा लागेका जेन-जीको दिनचर्या सामाजिक सञ्जाल वरिपरि घुमिरहेको छ भन्दा फरक नपर्ला । जेन-जीको धेरैजसो समय मोबाइल स्क्रिनमै बित्छ । उनीहरूको संसार अब कलेज, कार्यालय वा घरमा सीमित छैन, सामाजिक सञ्जाल, गेम, भिडियो प्लाटफर्म र अनलाइन प्लाटफर्मभित्र पनि फैलिएको छ ।

जेन-जीले सबैभन्दा बढी प्रयोग हुने प्लाटफर्ममा टिकटक, इस्टाग्राम र फेसबुक रिल्स पर्छन् । १५ सेकेन्डदेखि एक मिनेटसम्मका भिडियोहरू युवाले निरन्तर स्क्रोल गराइरहेका हुन्छन् । नृत्य, कमेडी, फेसन, मोटिभेसन, समाचार सबै एउटै स्क्रिनमा आउँछ । म्यासेन्जर, ह्वाट्एप जस्ता एपमा साथी, परिवार र सहकर्मीसँग जोडिन्छन् । आजकल उनीहरू धेरैको दैनिकी मोबाइल 'नोटिफिकेसन'बाट सुरु हुन्छ ।

जेन-जीले सामाजिक सञ्जाललाई केवल मनोरञ्जनको रूपमा मात्रै लिएका छैनन् । उनीहरूमध्ये कतिपयले सामाजिक सञ्जाललाई व्यवसाय विस्तारको टुल्स बनाएका छन्, कतिपयले अध्ययनको सहयोगी टुल्स बनाएका छन्, कतिपयले विश्रामस्थल बनाएका छन् भने कतिपयले करिअरको सुरुवाती पाइला नै बनाएका छन् ।

करिअर विस्तार गर्ने चौतारी

जेन-जी पुस्ताका लागि सामाजिक सञ्जाल केवल उपकरण होइन । काम, मनोरञ्जन, सम्बन्ध, आम्दानी र पहिचानको केन्द्र बनेको छ । धेरैले सञ्जाललाई व्यवसाय विस्तारको माध्यम पनि बनाएका छन् । भक्तपुरका प्रवीन थापा धेरैजस्तो अनलाइनमै हुन्छन् । उनले इन्स्टाग्राम, फेसबुक र टिकटकजस्ता प्लाटफर्म चलाउँछन् । उनी सामाजिक सञ्जाल मनोरञ्जनका लागि मात्र नभई नेटवर्किङ र व्यावसायिक कामका लागि प्रयोग गर्छन् । प्रवीन कन्सल्टेन्सीमा काम गर्ने भएकाले उनी सामाजिक सञ्जालमा निकै सक्रिय छन् । उनको अधिकतम समय फोनमै बित्ने गर्छ । विशेषगरी, अफिसको कामले उनी सधैं अनलाइनमै रहनुपर्छ । प्रवीनका अनुसार अहिलेको समयमा सामाजिक सञ्जालविना कामै चल्दैन ।

काठमाडौंको टोखा बस्ने २१ वर्षीय आदर्श खतिवडा आजभोलि सामाजिक सञ्जालमा 'फुड ब्लगर'का रूपमा परिचित छन् । इन्स्टाग्राम, टिकटक, युट्युब र फेसबुकजस्ता डिजिटल प्लाटफर्ममा खानेकुराका आकर्षक भिडियोहरू पस्किने आदर्शले दुई वर्षमै राम्रो पहिचान र आम्दानी कमाउन सफल भएका छन् । सानैदेखि युट्युब र सामाजिक सञ्जालमा रुचि राख्ने उनले फुड ब्लगिङलाई आफ्नो करिअरको रूपमा अगाडि बढाएका छन् । एउटा रेस्टुरेन्टमा आफैंले पैसा तिरेर खाएको भिडियोमा 'मिलियन भ्युज' आएपछि यस क्षेत्रमा निरन्तर अगाडि बढ्ने उनले हौसला पाए । सामाजिक सञ्जालको कामबाटै उनले आफ्नो पढाइ र व्यक्तिगत खर्च सजिलै धानिरहेका छन् । अहिले उनी कतिपय रेस्टुरेन्टको ब्रान्डिङका कन्टेन्ट क्रिएटरको रूपमा समेत कार्यरत छन् । डिजिटल संसारमा रमाउने आदर्शको दिन मोबाइलको नोटिफिकेसनबाटै सुरु हुन्छ । दिनमा १० देखि १२ घण्टासम्म सामाजिक सञ्जालमा बिताउँछन् ।

सुरुमा भिडियोमा भ्युज नआउँदा र नराम्रा कमेन्ट आउँदा उनी निराश हुन्थे । तर, अहिले दुई वर्षको अनुभवले उनलाई परिपक्व बनाएको छ । 'सुरुवाती दिनमा भिडियोमा भ्युज नआउँदा डिप्रेस्ड हुन्थेँ । त्यसमाथि मान्छेले नकारात्मक कमेन्ट गर्थे, त्यसलाई ब्लक पनि गर्थैं । तर, अहिले यस्ता कुराले खासै फरक पार्दैन,' उनी भन्छन् । कामबाट राम्रो आम्दानी हुन थालेपछि घरमा पैसा माग्नु नपरेको उनी सुनाउँछन् । 'सामाजिक सञ्जालको विभिन्न प्लाटफर्ममा भिडियो राख्न सक्यो भने धेरै राम्रो सम्भावना छ,' उनी भन्छन्, 'मैले खटेर काम गर्दा महिनाको एक लाख रुपैयाँभन्दा बढी आम्दानी हुन्छ ।'

दुःखसुखको साथी

भक्तपुरका सुरेश तिमिल्सिना सामाजिक सञ्जालमार्फत ओभेलमा परेका मानिसका प्रेरणादायी कथा खोज्छन्, संकलन र प्रचार गर्छन् । उनले टिकटक र फेसबुकजस्ता माध्यमलाई मनोरञ्जनका लागि नभई संघर्ष र सफलताका वास्तविक कथा खोज्न प्रयोग गर्ने गरेका छन् । ती कथालाई 'रुटिन अफ नेपाल बन्द'जस्ता प्लाटफर्ममा पोस्ट गर्छन् । सार्वजनिक गर्दा कतिपय असहायले आर्थिक र शैक्षिक सहयोगसमेत पाएका छन् । उनी आफ्नो अधिकतम समय सकारात्मक सन्देश प्रवाह गर्ने सामग्रीको खोजी र लेखनमा बिताउँछन् । यो काम उनले कुनै पारिश्रमिकविना स्वयंसेवकको रूपमा काम गर्छन् ।

उनले डिजिटल प्लाटफर्मलाई समाजसेवा र मानवीय भावना जोड्ने बलियो सेतुका रूपमा स्थापित गरेका छन् । 'टिकटक, फेसबुक र इन्स्टाग्राम प्रयोग गर्छु । टिकटकमा मनोरञ्जनका भिडियोभन्दा बढी मोटिभेट हुने खालका सामग्री खोज्छु । किनभने, आफैं पनि स्टोरी लेख्ने गर्छु,' उनी भन्छन् । टिकटकमा कृषिमा केही गरिरहेका मान्छेको कथा, वैदेशिक रोजगारीबाट फर्केर गाउँमै उद्यम गरिरहेका व्यक्तिका प्रेरक कथा हेर्न मन पराउँछन् । फेसबुकमा पनि उनले मान्छेलाई सकारात्मक ऊर्जा दिने पेजलाई मात्र फलो गरेका छन् । कुनै प्रेरक प्रसंग भेट्नेबित्तिकै उनी त्यसको खोजीनीतिमा लाग्छन् । उनी भन्छन्, 'कुनै अनलाइनले एकदम मोटिभेट हुने टाइपको कन्टेन्ट हालेको देखेपछि त्यसलाई पढ्छु, त्यसपछि त्योसँग सम्बन्धित मान्छेको नम्बर पत्ता लाउँछु र कुराकानी गरेर फेरि उसको अर्को स्टोरी बनाउँछु ।'

उनले हालसम्म हजारभन्दा बढी यस्ता लुकेका कथा लेखिसकेका छन् । उनी यो काम कुनै तलबका लागि नभई विशुद्ध स्वयंसेवकका रूपमा गर्छन् । उनका लागि सामाजिक सञ्जाल केवल समय कटाउने माध्यम मात्र नभई समाजका लुकेका सकारात्मक कथा बाहिर ल्याउने एउटा कर्मथलो बनेको छ । उनी भन्छन्, 'मेरो कर्म नै सामाजिक सञ्जालमा छ । लुकेका कथा बाहिर ल्याइरहेको छु । कसैका दुःखको कथा ल्याएको छु, कसैका सुखका कथा । सामाजिक सञ्जाल मेरो सुखदुःखको साथी बनिरहेको छ ।'

सम्बन्धको माध्यम

हुलाकमार्फत चिठी आदानप्रदान गर्ने समय छैन अहिले । फोन गरेर हालखबर सोध्ने, सम्बन्ध कायम राख्ने समय पनि गुज्रिन लागेको महसुस हुन्छ । पोस्टबक्स नम्बर, इमेल आइडीसमेत साटफेर गर्ने समय गुज्रिँदै गएको देखिन्छ । आजका जेन-जी सामाजिक सञ्जालमा सक्रिय हुँदा सम्बन्धका पुराना माध्यम क्रमशः पुरानो हुँदै गएको देखिन्छ । अहिले सम्बन्धहरू फलोअर्स, सब्स्क्राइबरमा बदलिन थालेका छन् । जेन-जीका सम्बन्ध सामाजिक सञ्जालभित्र छन् । उदाहरणका रूपमा गेम स्ट्रिमिङलाई लिन सकिन्छ । जेन-जी अधिल्लो पुस्ताजस्तो राति अबेरसम्म भेटेर गेम खेलेर बस्दैनन् । उनीहरू अनलाइनमा भेट्छन् । अनलाइनमै टिम बनाउँछन् र अनलाइनमै राति अबेरसम्म गेम खेलेर बस्छन् । गेममा 'टिम अप' गर्ने चलन बढेको छ । काठमाडौंको कपनमा बस्ने २३ वर्षीय रोशन मगरले यसरी गेम खेल्ने गरेको सुनाउँछन् । 'सामाजिक सञ्जालको सबैभन्दा ठुलो फाइदा नै 'कनेक्सन' कायम राख्नु हो । यसबाट केही नयाँ साथी पनि जोडिएका छन् । आफन्तसँग यसले नजिक पनि बनाउँछ । फुर्सद भएसम्म सामाजिक सञ्जाल चलारहेको हुन्छु,' रोशन भन्छन् ।

ललितपुरका आधार सुनार उच्च माध्यमिक शिक्षा पूरा गरेर हाल घरमै छन् । उनी आफ्नो दैनिक जीवनमा मोबाइल फोनलाई अभिन्न अंगका रूपमा लिन्छन् । बिहान उठेदेखि बेलुकासम्म फुर्सदको समयमा फेसबुक, इन्स्टाग्राम र टिकटकजस्ता सामाजिक सञ्जाल प्रयोग गर्ने गरेको उनी बताउँछन् । उनका लागि सामाजिक सञ्जाल मनोरञ्जनको माध्यम मात्र नभई साथीभाइ र आफन्तसँग सम्पर्कमा रहने प्रभावकारी साधन पनि हो । दैनिक रूपमा सन्देश आदानप्रदान गर्ने, साथीहरूको हालखबर बुझ्ने तथा विभिन्न विषयमा कुराकानी गर्ने काम सामाजिक सञ्जालमार्फत हुने गरेको उनी बताउँछन् ।

थकान मेटाउने डिजिटल छहारी

अघिल्लो पुस्ता थकाइ मेट्न चौतारा, पाटीपौवा जान्थे, साथीहरू मिलेर गफिन्थे । अहिलेको जेन-जी थकाइ मेटाउन सामाजिक सञ्जालमा बस्छन् । रिपोर्टिङका क्रममा भेटिएका अधिकांश जेन-जीको एउटै भनाइ थियो, हाम्रो थकाइ मेटाउने माध्यम सामाजिक सञ्जाल हो । ललितपुरकी सपना तामाङका लागि पनि सामाजिक सञ्जाल कलेजको व्यस्ततापछिको 'रिल्याक्सेसन'को प्रमुख स्रोत हो । कलेजको पढाइले दिने मानसिक प्रेसरबाट केही समयका लागि टाढा रहन उनी सामाजिक सञ्जालको सहारा लिने गर्छिन् । उनी भन्छिन्, 'कलेजबाट थाकेर आएपछि इन्टरटेनमेन्टका लागि मात्र सामाजिक सञ्जाल हेर्ने गर्छु ।'

सामाजिक सञ्जालले आत्मविश्वास घटाउने वा मानसिक रूपमा नकारात्मक प्रभाव पार्ने आमधारणा छ । तर, सपनाले त्यस्तो नकारात्मकता महसुस गरेकी छैनन् । उनी भन्छिन्, 'म सामाजिक सञ्जालमा धेरै पोस्ट गर्ने वा सधैं सक्रिय रहने सोच राख्दिनँ, त्यसैले मलाई यसले मेन्टल्ली इफेक्ट गर्दैन ।' उनका लागि सामाजिक सञ्जाल एउटा 'पर्सनल स्पेस' हो, जहाँ उनी आफ्नो अनुकूलतामा रमाउने गर्छिन् ।

काठमाडौं रानीवन बस्ने प्राञ्जल दुवाडीका लागि सामाजिक सञ्जाल केवल मनोरञ्जनको साधन मात्र नभई सूचनाको मुख्य स्रोत बनेको छ । उनी फेसबुकमार्फत खेलकुद, वित्तीय क्षेत्र र अन्तर्राष्ट्रिय घटनाक्रम नियाल्ने गर्छन् । प्राञ्जलका लागि सामाजिक सञ्जाल विश्वसँग जोडिने र समसामयिक विषयमा जानकार रहने एउटा महत्त्वपूर्ण डिजिटल मञ्च बनेको छ । कहिलेकाहीं धेरै समय सामाजिक सञ्जालमा बिताउँदा अल्झी लाग्ने उनको अनुभव छ । उनले पढाइको तनाव कम गर्ने माध्यम सामाजिक सञ्जाललाई बनाएका छन् । उनी भन्छन्, 'पढाइको तनाव कम गर्न मोबाइल चलाउँछु ।'

प्रतिभा मौलाउने बर्गैंचा

जेन-जी पुस्ताकी चर्चित गायिक हुन्, सलिना विक । उनको 'चाइनो जो जिन्दगानी'जस्ता धेरै गीत चर्चित छन् । उनी पनि फेसबुक, इन्स्टाग्राम र टिकटकमा सक्रिय छिन् । उनले आफ्नो कलाकारिताको सुरुवात र प्रतिभा प्रस्फुटन गर्न टिकटकजस्ता सामाजिक सञ्जालले ठुलो सहयोग गऱ्यो । यी सञ्जालले उनलाई धेरै श्रोतामाझ पुग्न मद्दत गऱ्यो । अहिलेको समयमा कलाकारका लागि सामाजिक सञ्जालमा देखिनु अनिवार्यजस्तै भएको उनी बताउँछिन् । म्युजिक अध्ययन गरिरहेको हुनाले कुनै कुराको रिसर्च गर्न वा जानकारी लिन पनि उनले अनलाइन र सामाजिक सञ्जालको प्रयोग गर्छिन् । आफ्नो कामको अपडेट दिन पनि फेसबुक, इस्टाग्रामजस्ता प्लाटफर्ममा उनले पोस्ट राख्ने गर्छिन् । उनी प्रायः अनलाइन नै रहन्छिन् । सलिना भन्छिन्, 'मैले सुरुवाती दिनमा आफ्नो ट्यालेन्ट सामाजिक सञ्जालमा देखाउन पाएँ । सञ्जाल नै मेरो प्रतिभा बाहिर ल्याउने माध्यम बन्यो ।'

अध्ययनको साथी

कानुन पढ्दै गरेकी अस्मिता विश्वकर्माको दिनको सुरुवात कुनै पुस्तकको पानाबाट होइन, मोबाइलमा आउने 'नोटिफिकेसन'बाट हुन्छ । उनी मुख्यतया इन्स्टाग्राम र टिकटकमा बढी समय बिताउँछिन् । कानुनको विद्यार्थी भएकाले उनलाई नयाँ सूचना र विश्वका घटनाक्रमसँग जानकार हुन सामाजिक सञ्जाल साथी भएको छ । पुस्तकालय धाएर ठेली पल्टाउनुभन्दा इन्टरनेटमा एक 'सर्च'को भरमा जानकारी पाउनु उनलाई सहज लाग्छ । उनी भन्छिन्, 'लामो भिडियोभन्दा एक-दुई मिनेटको रिल्सबाट कुनै पनि कुराको सारांश बुझ्न सजिलो हुन्छ, जसले अध्ययनमा पनि सहयोग पुग्छ ।'

सामाजिक सञ्जाल उनका लागि नयाँ खोज र अध्ययनको सारथी बनेको छ । राजनीति र अन्य गम्भीर विषयमा अल्गोरिदमले मानिसलाई अर्को पक्षको कुरा सुन्न वा बुझ्न नै नदिने अवस्था सिर्जना गरेको उनको अनुभव छ । 'अरूको जीवन सफल देख्दा आफूलाई कम ठान्ने र आफूलाई अरूसँग तुलना गर्ने प्रवृत्तिले गर्दा कतिपय युवा डिप्रेसनको सिकार भइरहेका हुन्छन्,' उनी भन्छिन्, 'यसको बानी परेपछि समय खेर गएको महसुस नहुने र अनहेल्दी प्रतिस्पर्धा बढ्ने हुँदा यसलाई सचेत भएर प्रयोग गर्छ ।'

विज्ञहरू भन्छन्- डिजिटल प्लाटफर्मलाई जिम्मेवार बनाउनुपर्छ

अधिवक्ता एंव डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक सन्तोष सिग्देलका अनुसार सामाजिक सञ्जालको 'अल्गोरिदम' मानिसलाई हुक गर्ने तरिकाले डिजाइन गरिएको हुन्छ । उनको बुझाइमा सामाजिक सञ्जालको बढ्दो लत (एडिक्सन) प्रयोगकर्ताको व्यवहारसँग मात्र सम्बन्धित विषय होइन । 'कम्पनीले प्रयोगकर्तालाई सकेसम्म धेरै समय आफ्नो प्लाटफर्ममा राख्ने उद्देश्यले विभिन्न प्रणाली र अल्गोरिदम विकास गरेका हुन्छन्, जसको प्रभाव विशेषगरी किशोरकिशोरी र जेन-जीमा बढी देखिन्छन्,' उनी भन्छन् ।

सिग्देलका अनुसार पछिल्ला वर्षमा सामाजिक सञ्जाल कम्पनीले बालबालिका र किशोरकिशोरीको सुरक्षा तथा मानसिक स्वास्थ्यमा ध्यान दिएका छन् कि छैनन् भन्ने विषयमा विभिन्न देशका अदालत र नीतिनिर्माण तहमा गम्भीर बहस भइरहेको छ । 'प्लाटफर्म बनाउने क्रममा प्रयोगकर्ताको सुरक्षा, विशेषगरी बालबालिका र किशोरकिशोरीको हितलाई प्राथमिकता दिइएको छ कि छैन भन्ने बहस अहिले विश्वव्यापी रूपमा उठिरहेको छ,' उनले भने ।

उदाहरणका रूपमा उनले अस्ट्रेलियाले १६ वर्षभन्दा कम उमेरका बालबालिकाले केही सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने कानुनी व्यवस्था अघि सारेको उल्लेख गरे । सामाजिक सञ्जाल प्रयोगका लागि न्यूनतम उमेर तोक्ने विषयमा पनि विभिन्न देशले नीतिगत छलफल अघि बढाएका छन् । तर, सिग्देलका अनुसार सामाजिक सञ्जाल उमेरका आधारमा प्रतिबन्ध लगाउनु मात्र समाधान होइन । 'सबै जिम्मेवारी प्रयोगकर्तामाथि थोपर्ने कि सामाजिक सञ्जाल निर्माण कम्पनीलाई सुरक्षित प्लाटफर्म बनाउन बाध्य पार्ने भन्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण छ,' उनी भन्छन्, 'सामाजिक सञ्जालमा पहुँच रोक्ने विषयले बालबालिका र किशोरकिशोरीको सूचनामा पहुँच, अभिव्यक्ति स्वतन्त्रता र सहभागिताको अधिकारसँग पनि सम्बन्ध राख्ने भएकाले यसलाई सन्तुलित ढंगले हेर्न आवश्यक छ ।'

नेपालमा भने यस विषयमा पर्याप्त बहस हुन नसकेको उनको धारणा छ । सामाजिक सञ्जालसम्बन्धी कानुन निर्माणको प्रयास भइरहे पनि त्यसले पार्ने सामाजिक, शैक्षिक र मनोवैज्ञानिक प्रभावका विषयमा पर्याप्त अध्ययन र छलफल आवश्यक रहेको उनी बताउँछन् । उनी भन्छन्, 'अहिलेको पुस्तालाई सामाजिक सञ्जालबाट पूर्ण रूपमा अलग गर्न सम्भव छैन । त्यसैले प्रतिबन्धभन्दा पनि डिजिटल साक्षरता र डिजिटल सुरक्षालाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ ।'

मनोविद् विजय ज्ञवालीका अनुसार जेन-जीहरू अहिले सामाजिक सञ्जालमा अधिकतम समय बिताइरहेका हुन्छन् । उनको बुझाइ यो पुस्ताले सामाजिक सञ्जाललाई केवल नेटवर्किङका लागि मात्र नभई सूचना संकलन, समाचार, नयाँ ट्रेन्ड र विचार बनाउने माध्यमका रूपमा प्रयोग गरिरहेका छन् । 'पहिले सामाजिक सञ्जाललाई मुख्यतः मानिसबिच सम्पर्क र नेटवर्क विस्तार गर्ने साधनका रूपमा हेरिन्थ्यो । नयाँ पुस्ताले यसलाई सूचना संकलन गर्ने माध्यमका रूपमा समेत उपयोग गरेको छ,' उनी भन्छन्, 'कुनै विषयमा धारणा बनाउनुपऱ्यो भने टिकटक, इन्स्टाग्राम, युट्युब, फेसबुकमा आएका सामग्री र त्यहाँ आएको सेयर र प्रतिक्रियाका आधारमा विचार निर्माण गरिरहेका छन् । सामाजिक सञ्जाल उनीहरूका लागि पढ्ने किताबजस्तै बनेको छ ।'

उनका अनुसार पहिले पुस्तक पढेर प्राप्त गरिने सूचना अहिले सामाजिक सञ्जालमार्फत प्राप्त हुन थालेको छ । नयाँ पुस्ता सामाजिक सञ्जालमा धेरै समय बिताइरहेका छन् । तर, सामाजिक सञ्जालको प्रयोगसँग चुनौती पनि जोडिएको मनोविद् ज्ञावाली बताउँछन् । उनका अनुसार यहाँ सेन्सर वा तथ्य परीक्षणको प्रभावकारी व्यवस्था नहुँदा गलत सूचना र भ्रामक सामग्री सजिलै फैलिन सक्छ । 'कसैले आफ्नो निश्चित उद्देश्य राखेर गलत सूचना सेयर गरिरहेको पनि हुन सक्छ,' उनी भन्छन्, 'यस्ता सामग्री फिल्टर गर्ने प्रभावकारी संयन्त्र नहुँदा सामाजिक सञ्जालमा आएका सामग्रीले गलत बुझाइ विकास हुन सक्छ । जसले भ्रम सिर्जना गर्न सक्छ ।'

ज्ञवाली सामाजिक सञ्जालको प्रभावलाई मनोवैज्ञानिक दृष्टिकोणबाट पनि हेर्नुपर्ने धारण राख्छन् । उनी यसलाई 'डिजिटल सुस्वास्थ्य'को सन्दर्भमा चर्चा गर्नुपर्ने आवश्यकता औंल्याउँछन् । डिजिटल सुस्वास्थ्य भन्नाले सामाजिक सञ्जाललाई यस्तो तरिकाले प्रयोग गर्नु हो, जसले व्यक्तिको मनोसामाजिक स्वास्थ्यमा नकारात्मक असर नगरोस् ।

विकसित देशमा डिजिटल माध्यम धेरै पहिलेदेखि प्रयोगमा आएको र त्यहाँ डिजिटल साक्षरता पनि बढी भएको उनको बुझाइ छ । तर, नेपालजस्तो विकासोन्मुख देशमा डिजिटल साक्षरता कम रहेको उनले सुनाए । ज्ञवालीका अनुसार नयाँ पुस्ता सामाजिक सञ्जालभित्र गहिरोसँग प्रवेश गरिसकेको छ । 'त्यसबाट पूर्ण रूपमा बाहिरिन सम्भव छैन । त्यसैले, सामाजिक सञ्जाललाई सन्तुलित ढंगले प्रयोग गर्नुपर्ने आवश्यकता छ,' उनी भन्छन् ।

युवामा डिजिटल साक्षरता अभाव भए आपराधिक मनोविज्ञान हाबी हुन सक्ने चिन्ता ज्ञवाली औंल्याउँछन् । उनका अनुसार डिजिटल माध्यम युवालाई एकांगी बनाउन प्रयोग भइरहेको हुन सक्छ । त्यसैले, डिजिटल साक्षरतामा सरकारले नै विशेष काम गर्नुपर्छ । उनले विद्यालय तहकै पाठ्यपुस्तकमा डिजिटल लिटरेसी समावेश गर्नुपर्ने आवश्यकता औंल्याए । जेन-जी पुस्ता डिजिटल प्लाटफर्ममा सक्रिय भइरहेको सन्दर्भ उल्लेख गर्दै उनी भन्छन्, 'राम्रो-नराम्रो छुट्याउन सक्ने क्षमता विकास गर्नुपर्छ । अन्यथा समाजमा कट्टरपन्थी सोच हाबी हुन सक्छ ।'

मानवशास्त्री डा. डम्बर चेम्जोङका अनुसार जेनरेसन ग्यापलाई केवल पुस्ताबिचको दूरीका रूपमा मात्र बुझ्न मिल्दैन । समाज, परिवार र विश्व परिवेश निरन्तर परिवर्तन भइरहेका वेला नयाँ पुस्ताको व्यवहारलाई सतही दृष्टिले मूल्यांकन गर्नु उचित नहुने उनको भनाइ छ । उनी भन्छन्, 'हरेक पुस्ताले आफ्नो अनुभव र मान्यताका आधारमा अर्को पुस्तालाई हेर्ने गर्छ । मानिसले आफ्नै दृष्टिकोण र पूर्वाग्रह लिएर समाजलाई हेर्ने गर्छ ।'

चेम्जोङका अनुसार अहिलेका युवापुस्तालाई एकलकाँटे, व्यक्तिवादी वा सामाजिक सम्बन्धबाट टाढिएको भनेर आलोचना गरिन्छ । तर, उनीहरू समाजलाई फरक ढंगले बुझिरहेका छन् । उनी भन्छन्, 'उनीहरूको समाज केवल घर, टोल वा गाउँमा सीमित छैन । साथीभाइको सञ्जाल, अनलाइन समुदाय र सामाजिक सञ्जालमार्फत उनीहरूले आफ्नो छुट्टै सामाजिक संसार निर्माण गरिरहेका छन् ।'



परिवारले बुझ्नुपर्छ, जेन-जीको समाज स्क्रिनभित्र पनि छ

● डा. डम्बर चेम्जोङ, मानवशास्त्री

समाज हामीले देखेकोभन्दा धेरै टाढा पुगिसकेको छ । जेन-जी विश्वसँग प्रत्यक्ष जोडिएको पुस्ता हो । धेरै अभिभावक अझै पनि आफ्ना छोराछोरी घरमा पाहुना आउँदा बसेर गफ गरून्, परिवारसँग समय बिताऊन् भन्ने चाहना राख्छन् । तर, नयाँ पुस्ताले सिक्ने, बुझ्ने र विचार व्यक्त गर्ने नयाँ माध्यम फेला पारिसकेको छ । उनीहरूसँग आफ्ना कुरा राख्ने र संसारसँग जोडिने क्षमता छ, जुन पुरानो पुस्ताले पाएको थिएन । राज्यले डिजिटल साक्षरता र बालबालिकाको सुरक्षित प्रविधि प्रयोगका विषयमा प्रभावकारी नीति बनाउनुपर्ने आवश्यकता छ । तर, घरभित्रको अनुशासन, संवाद र पारिवारिक सम्बन्ध बलियो बनाउने जिम्मेवारी भने अभिभावककै काँधमा रहन्छ । विद्यालय र शिक्षकको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । विद्यालय केवल पढाइ हुने ठाउँ होइन, सामाजिकीकरण हुने थलो पनि हो । शिक्षकले दोस्रो अभिभावकको भूमिका निर्वाह गर्नुपर्छ । बालबालिकाको सामाजिक विकासमा हजुरबुबा-हजुरआमाको भूमिका विशेष हुन्छ । हजुरबुबा-हजुरआमासँग हुर्किएका बालबालिकामा सामाजिक घुलमिल, अनुभव र पुस्तान्तरणको अवसर बढी हुन्छ । तर, पढाउने बाहनामा धेरै जेन-जी हजुरबुबा-हजुरआमासँग बस्न पाएका छैनन् ।

निराश हुनुहुँदैन खेलाडी

खेल



● तारादेवी पुन
राष्ट्रिय भारोत्तोलन खेलाडी

जीवनको २४ वर्ष भारोत्तोलनमै बिताएँ। यो केवल एउटा खेलयात्रा थिएन, मेरो पहिचान, संघर्ष र समर्पणको यात्रा पनि हो। यति लामो समय खेल्दा राष्ट्रिय प्रतियोगितामा म कहिल्यै दोस्रो हुनुपरेन। हरेक राष्ट्रिय प्रतियोगितामा प्रथम नै भएँ। वर्षमा तीन-चारवटा प्रतियोगिता भइरहन्थे र प्रायः प्रत्येक प्रतियोगितामा मैले आफ्नै रेकर्ड तोड्ने अवसर पाएँ।

नेपालमा मेरो प्रतिस्पर्धी नभएका भने होइनन्। मपछिका खेलाडी निकै क्षमतावान् थिए। कहिलेकाहीं उनीहरूसँग हारिएला कि भन्ने सोच पनि आउँथ्यो। तर, मैले आफूलाई सधैं तयारीमा राखें। निरन्तर मिहिनेत गरें र आफ्नो लक्ष्यमा केन्द्रित भएँ। त्यसैले, राष्ट्रियस्तरमा हार्ने अवस्था कहिल्यै आएन। धेरै जितेपछि मानिसले मबाट सधैं जितको अपेक्षा गर्थे। तर, प्रत्येक जितको पछाडि वर्षौंको अभ्यास, पसिना र त्याग लुकेको हुन्थ्यो।

अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि मैले नेपालको प्रतिनिधित्व गर्ने अवसर पाएँ। साउथ एसियन च्याम्पियनसिपमा तीनवटा स्वर्ण पदक जितें। १२औं र १३ औं साफ खेलकुदमा दुइटा कास्य पदक जित्न सफल भएँ। साफ गेम, एसियन गेम र विभिन्न च्याम्पियनसिपमा सहभागी हुँदा मैले खेल मात्र खेलेको होइन, धेरै कुरा सिकें पनि। सन् २०१६ मा भारतमा भएको १२ औं साफ खेलकुद मेरो जीवनको अविस्मरणीय क्षण हो।

त्यो प्रतियोगितामा निकै कडा प्रतिस्पर्धा थियो। प्रतिस्पर्धीले जित्ला कि भन्ने डर पनि थियो। खेल सुरु हुनुअघि मनमा अनेक सोच आउँथे। तर, खेलाडीको वास्तविक परीक्षा मैदानमा हुन्छ। अन्ततः मैले आफ्नो प्रदर्शनमार्फत त्यो चुनौती पार गरें। आज पनि त्यो प्रतियोगिताको सम्झना आउँदा रोमाञ्चित हुन्छु। त्यसबेला पहिलोपटक साग खेलकुदमा सहभागिता जनाउँदा कास्य पदक जित्न सफल भएँ। तर, त्यो साँच्चै अप्रत्यासित प्रतिस्पर्धा रह्यो। भारत र श्रीलंकाका खेलाडी हामीभन्दा निकै सशक्त छन्। भारत र श्रीलंकाका खेलाडीले क्रमशः स्वर्ण र रजत जिते। कास्यका लागि बंगलादेशको खेलाडीसँग मेरो कडा प्रतिस्पर्धा रह्यो। दुवैले बराबरी भार उठाएपछि शरीरको तौल कम भएका आधारमा मैले पदक जितें। मैले १३औं साग खेलकुदका लागि पनि तयारी सुरु गरें। यो नेपालमा आयोजना भएकाले धेरैले स्वर्ण पदकको अपेक्षा गरेका थिए। मैले आफूलाई निकै तयारी गरें। अन्ततः १३ औं साफ गेम्स पनि स्वर्ण पदक जितें।



> हार्दा पनि त्यस्तो दुःखी हुनुपर्छ जस्तो लाग्दैन। हारले पनि जीवनमा धेरै नयाँ कुरा सिकाउँछ। हारले निराश बनाउँछ, तर निरन्तर अघि बढ्नुपर्छ।

१८औं एसियन गेम्स, इन्डोनेसियामा पनि राम्रो प्रदर्शन गरेको थिएँ। केही खेलाडीलाई पछि पार्दै अघि बढें। राम्रो प्रदर्शन गर्दागर्दै पनि त्यो प्रतियोगिता हारें। मैले तीन-चारजनालाई जित्दै गएको थिएँ। मेडल ल्याउन सकिनँ। हारले दुःख त दिन्छ, तर म हारलाई अन्तिम परिणामका रूपमा कहिल्यै हेर्दिनँ। त्यसबेला विदेशी खेलाडीसँग खेल्दा धेरै सिक्ने अवसर पाएँ।

कतिपय प्रतियोगितामा आफ्नो रेकर्ड मात्रै ब्रेक पनि भयो। हार्दा पनि त्यस्तो दुःखी हुनुपर्छ जस्तो लाग्दैन। हारले पनि जीवनमा धेरै कुरा सिकाउँछ। हारले निराश बनाउँछ, तर निरन्तर अघि बढ्नुपर्छ। खेलाडीले कहिल्यै निराश हुनुहुँदैन भन्ने मान्यता राख्छु। अझै राम्रो गर्नुपर्छ भन्ने पाठ सिक्नुपर्छ। हारले नयाँ कुरा सिकाउँछ। कमजोरी देखाउँछ। अझ राम्रो बन्न प्रेरणा दिन्छ। त्यसैले, खेलाडीले हारेर निराश हुनुहुँदैन भन्ने मेरो विश्वास छ। हारपछि उठेर फेरि अगाडि बढ्न सक्नुपर्छ।

अहिले खेलबाट अलग भएको करिब १० महिना भयो। पछिल्ला केही वर्षमा प्रतियोगिता कम भए। तर, खेलसँग जोडिएका सम्झना भने अझै ताजा छन्। २४ वर्षसम्म निरन्तर खेल्न सक्नु आफैंमा ठुलो उपलब्धि हो। त्यस क्रममा म नेपालकी सबैभन्दा बलियो महिला भनेर चिनिएँ, जुन मेरा लागि गर्वको विषय हो।

भारोत्तोलनमा पुरुषहरूका लागि २० केजीको वेटबारबाट सुरु हुन्छ। महिलाको १५ केजीको वेट बारबाट सुरु हुन्छ। तर, २० केजीको वेटबारबाट मैले खेल्न थालें। मैले पुरुषको वेटबारबाट खेल सुरु गरें।

मैले खेल्न थालेको समयमा भारोत्तोलन महिलाले खेल्ने खेल होइन भन्ने धारणा थियो। छोरी मान्छेले यो खेल खेल्दा शारीरिक समस्या हुन्छ भन्ने गलत बुझाइ समाजमा थियो। तर, समयसँगै त्यो सोच परिवर्तन भएको छ। अहिले धेरै महिला आत्मविश्वासका साथ यो खेलमा आउँदै छन्। महिलालाई हेर्ने सामाजिक मान्यता भत्किँदै छन्।

भारोत्तोलन केवल बलको खेल होइन। यसमा दिमाग, शक्ति र टेक्निक तीनवटै पक्ष आवश्यक हुन्छ। बलियो भएर मात्र पुग्दैन, सही टेक्निक र मानसिक तयारी पनि चाहिन्छ। यही कारणले यो खेल मलाई सधैं विशेष लाग्यो।

मेरो २४ वर्षको यात्रामा व्यक्तिगत मिहिनेतसँगै पुलिस क्लबको ठुलो योगदान छ। पुलिस क्लबको सहयोगविना यो यात्रा सम्भव हुने थिएन। आज खेलबाट टाढा भए पनि भारोत्तोलनले दिएको अनुशासन, आत्मविश्वास र जीवनका पाठ सधैं मेरो साथमा रहनेछन्।



चतराको बदलिँदो पर्यटन

'पूर्वको हरिद्वार'देखि प्याराग्लाइडिङ हबसम्म

पर्यटन



● विदुर कटुवाल

झन्डै एक दशकअघि उदयपुर र सुनसरीको सीमामा पर्ने सप्तकोशीको चतरामा वारिपारि गर्ने डुंगा वा लामो घुमाउरो सडकको भर पर्नुपर्थ्यो। वर्षायाममा उर्लिएको कोशीले दुई किनारका बासिन्दालाई मात्र होइन, पूर्वी नेपालको आवागमनलाई नै चुनौती दिन्थ्यो। तर, २०७२ साउनमा एउटा ऐतिहासिक क्षण आयो। चतरा क्षेत्रमा सुनसरी र उदयपुरलाई जोड्ने कोशी पुल उद्घाटनसँगै वर्षौंदेखिको प्रतीक्षा अन्त्य भयो र कोशीमाथि विकासको नयाँ अध्याय सुरु भयो।

अहिले त्यही पुलसँगै आएको परिवर्तनले चतरा क्षेत्रलाई कोशी प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित गराउँदै लगेको छ। एक समय धार्मिक तीर्थस्थलका रूपमा मात्र चिनिएको चतरा अहिले धार्मिक पर्यटन, सांस्कृतिक सम्पदा, नदी पर्यटन, वन्यजन्तु संरक्षण तथा साहसिक खेलकुदको केन्द्रका रूपमा विकसित हुँदै गएको छ। उदयपुर र सुनसरीको सीमाक्षेत्रमा अवस्थित चतरा पूर्वी नेपालको पर्यटन नक्सामा नयाँ आशाको केन्द्र बनेको छ।

■ पर्यटकको आकर्षण केन्द्र

हिन्दु धर्मावलम्बीले चतरालाई 'पूर्वको हरिद्वार' भनेर चिन्छन्। यसको प्रमुख कारण यहाँको धार्मिक महत्त्व हो। सप्तकोशी नदीको किनारमा अवस्थित चतराधाम, वराह क्षेत्र, विभिन्न आश्रम तथा स्नानघाटले यस क्षेत्रलाई धार्मिक पर्यटनको केन्द्र बनाएका छन्। विशेषगरी वराह क्षेत्र नेपालका चार प्रमुख धाममध्ये एक मानिन्छ। हिन्दु धार्मिक मान्यताअनुसार भगवान विष्णुले वराह अवतार धारण गरेको स्थानका रूपमा यसको विशेष महत्त्व छ। वर्षभरि हजारौं भक्तजन दर्शनका लागि यहाँ पुग्ने गर्छन्। माघे संक्रान्ति, एकादशी तथा अन्य धार्मिक अवसरमा श्रद्धालुको ठुलो भिड लाग्ने गर्छ। धार्मिक पर्यटकका लागि चतरा केवल दर्शन गर्ने स्थान मात्र होइन, आध्यात्मिक शान्ति प्राप्त गर्ने स्थल पनि हो। यही धार्मिक विरासतले चतराको पर्यटन विकासको बलियो आधार तयार गरेको छ।

यता सप्तकोशी नदीमा अवस्थित विशाल शिला खुवालुङ किरात समुदायको सांस्कृतिक तथा ऐतिहासिक पहिचानसँग जोडिएको स्थान हो। किरात मुन्धुमअनुसार पुर्खाहरू यही मार्ग हुँदै पूर्वी पहाडी क्षेत्रमा प्रवेश गरेको विश्वास गरिन्छ। खुवालुङ किरात समुदायका लागि केवल ढुंगा होइन, सभ्यता र अस्तित्वको प्रतीक हो। पछिल्ला वर्षमा यसको संरक्षण र महत्त्वबारे राष्ट्रिय बहससमेत भएको थियो। त्यसपछि खुवालुङबारे देशव्यापी चासो बढेको छ। आज खुवालुङ किरात संस्कृति अध्ययन गर्ने अनुसन्धानकर्ता, विद्यार्थी तथा पर्यटकका लागि महत्त्वपूर्ण गन्तव्य बनेको छ। यसले चतरालाई धार्मिक मात्र नभई सांस्कृतिक पर्यटनको केन्द्रका रूपमा पनि स्थापित गरेको छ।

चतराको पर्यटन विकासमा आधुनिक कोशी पुलको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। उदयपुरको बेलका नगरपालिका र सुनसरीको बराह क्षेत्रलाई जोड्ने यो पुल आफैंमा आकर्षणको केन्द्र बनेको छ। मदन भण्डारी राजमार्गसँग जोडिएको पुल निर्माणपछि पूर्वी नेपालका विभिन्न जिल्लाबिचको दूरी छोटिएको छ। स्थानीय युवा रमेर तिम्सिनाका अनुसार पुल बनेपछि यहाँ आउने पर्यटकको संख्या उल्लेखनीय रूपमा बढेको छ। उनका अनुसार धेरै मानिस पुल अवलोकन गर्न, तस्बिर खिच्न र सप्तकोशीको मनोरम दृश्य हेर्न मात्र पनि पुग्ने गरेका छन्।

पुलआसपासको क्षेत्र वनभोजका लागि पनि लोकप्रिय बनेको छ। शनिबार तथा सार्वजनिक बिदाका दिन सयौं समूह यहाँ वनभोजका लागि पुग्ने गर्छन्। सप्तकोशीको किनारमा बसेर रमाइलो गर्ने, बोटिङ गर्ने र मनोरञ्जन लिनेहरूको घुइँचो लाग्ने गरेको छ।

सप्तकोशी नदीले चतरालाई दिएको सबैभन्दा ठुलो सम्भावनामध्ये एक हो जल पर्यटन। अहिले चतराबाट वराह क्षेत्र हुँदै भोजपुर, धनकुटा र उदयपुरका विभिन्न गन्तव्यसम्म जेटबोट सञ्चालन छ। वर्षायाममा बन्द हुने जेटबोट सेवा हिउँदमा प्रमुख आकर्षण बन्ने गरेको छ। शनिबार तथा बिदाका दिन जेटबोट चढ्न आउनेहरूको भिड लाग्ने गरेको व्यवसायीहरू बताउँछन्। कतिपय पर्यटक केवल जेटबोटको अनुभव लिनकै लागि चतरा पुग्ने गरेका छन्। नदीको बहावसँगै दौडिने जेटबोटले चतरालाई नेपालको प्रमुख नदी पर्यटन गन्तव्य बनाउने सम्भावना बोकेको छ।

चतराबाट केही दूरीमा रहेको कोशीटप्पु वन्यजन्तु आरक्ष प्रकृतिप्रेमीहरूको स्वर्ग मानिन्छ। नेपालको एक मात्र जंगली भैंसी अर्थात् अर्नाको प्रमुख वासस्थान रहेको यो आरक्ष जैविक विविधताका लागि अन्तर्राष्ट्रिय रूपमा परिचित छ। यहाँ सयौं प्रजातिका

साप्ताहिक राशिफल

२३ जेठ ०८३ (शनिबार)
२९ जेठ ०८३ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

प्रतीक्षित नतिजाले उत्साह बढाउनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने साता रहेको छ। बिहीबारदेखि थोरै लाभ भए पनि ठुलो आवश्यकता पूरा हुनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुन सक्छ। साताको अन्त्यमा ईर्ष्या गर्नेहरूले काममा अवरोध पुऱ्याउन सक्छन्। योजना गोप्य राख्नुहोला।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

श्रममूलक काम वा कृषिक्षेत्रका काममा मन जानेछ। प्रयाससाध्य समय छ, संयम भई पूर्ण गर्नुहोला। प्राविधिक कामबाट ढिलो भए पनि सोचेजस्तो सफलता हात पर्नेछ। अध्ययन र चिन्तनमा ध्यान केन्द्रित हुन सक्दैन। नतिजाको पर्खाइमा हुनुहुन्छ भने निराश हुनुपर्छ भने व्यवसायबाट फाइदा नै हुनेछ। भूमि, वाहन र पैतृक सम्पत्तिको कारोबार गर्दा ढिलो गरी लाभ मिल्ने सम्भावना छ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

पारिवारिक समस्या हल गर्ने साता रहेको छ। जीवनसाथी वा बालबच्चासँग कुराकानी गरी व्यावहारिक जानकारी लिनु असल हुनेछ। आफ्नुमानिका नातेदार वा बालबच्चासित राम्रो व्यवहार गर्नुहोला। अभिभावक वा इष्टमित्रको शुभकामना प्राप्त गर्न सकेमा शुभफल प्राप्त हुनेछ। गरेका काममा भाग्यले साथ दिनेछ। धार्मिक, सामाजिक वा सांस्कृतिक काममा खट्नुपर्ने छ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साताको सुरुमा खिन्नताले सताउन सक्छ। विश्वास गरेकाले धोका दिनेछन्। कुरा काट्नेहरू बढ्नेछन्। गलत विचार आउनुको साथै धार्मिक कार्यमा अरुचि बढ्नेछ। विनाकारण दुःख पाउने समय छ। साताको अन्त्यमा बौद्धिकता बढ्ने समय रहेको छ। राज्यबाट सम्मान पाउने योग छ। बोलीको प्रभावमा अरूको मन जित्न सकिए पनि परिवारबाट सहयोग मिल्नेछैन।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

प्रशंसनीय कार्य गर्ने अवसर मिल्नेछ। भेटघाटमा अरूबाट हुने प्रशंसाले खुसी हुने योग छ। भाग्यले साथ नदिए पनि कर्म बलियो भएकाले गरेका कामबाट आम्दानीको सोत प्रशस्त प्राप्त हुनेछ। सन्तानपक्षबाट सहयोग मिल्नेछ। समय राम्रो छ, प्रशंसा, बढुवा वा जिम्मेवारी मिल्ने देखिन्छ। साझेदारीमा फाइदा छ। हाँसखेल, भ्रमण र मनोरञ्जनका क्रममा साता बित्नेछ। सुखद यात्राको योग छ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

प्रतिस्पर्धीहरूले औंला ठड्याउने अवसर पाउनेछन्। अनपेक्षित वादविवादमा पर्ने सक्ने योग भएकाले संयमता अपनाउनु वेश हुनेछ। मनोरञ्जनात्मक क्षेत्रमा समय र धन खर्च हुन सक्छ। काममा अधिकारप्राप्तिका लागि तर्क, बहस र छलफलमा समय बिताउनुपर्नेछ। शरीरमा चोटपटक लाग्न सक्छ। विश्वासमा धोका हुने भएकाले विश्वासमा भन्दा प्रयासमा अघि बढ्नुहोला।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

समग्रमा यो साता राम्रो छ। सुरुमा नैराश्यता र उदासीनता बढ्नुका साथै धार्मिक कार्यमा संलग्न हुँदा अपजस पाउने योग छ। मनमा द्विविधाले दरिलो डेरा जमाउनेछ। कुरा काट्नेहरूले मौका पाउनेछन्। लेनदेनमा अघि नबढ्नु नै उचित होला। संयम भएमा आइतबारदेखि पढाइमा राम्रो सफलता प्राप्त होला। व्यापारमा गरेका प्रयास फलदायी रहनेछन्।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

सुरुमा नैराश्यता र उदासीनता बढ्नुका साथै धार्मिक कार्यमा संलग्न हुँदा अपजस पाउने योग छ। लेनदेनमा अघि नबढ्नु नै उचित होला। धन मनग्ये कमाउने योग छ। सभा-सम्मेलनमा संलग्न भई अन्तर्क्रिया गर्ने अवसर पनि पाउनुहोला। साताको अन्त्यमा राज्यले तपाईंको इमान्दारिताको मूल्यांकन राम्रो गर्नेछ। ठुला व्यक्तिसामु आफूलाई स्थापित गर्न सकिनेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

सामाजिक काममा संलग्न हुनुपर्ला। दाजुभाइ वा नजिकका मित्रबाट विशेष सहयोग र सुख प्राप्त हुने देखिन्छ। पेसा-व्यवसाय वा रोजगारीका क्षेत्रमा सम्मान र साख जोगाउन सकिनेछ, आकांक्षा पूर्ण हुनेछन्। आम्दानीमा कमी आउनेछैन। व्यापारिक वा दैनिक काम सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्। अर्थलाभका अवसर आउनेछन्। धार्मिक/सामाजिक काममा मन जाला।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

अचल सम्पत्ति बेचबिखन गर्ने वा दीर्घकालिक लगानी गर्नु फाइदाजनक नभए पनि दैनिक कारोबारबाट फाइदा नै हुनेछ। पारिवारिक र घरायसी जीवनमा विभिन्न समस्या देखापरे तापनि तिनलाई सजिलै समाधान गर्नुहुनेछ। साझेदार वा सहयोगीको साथ पाइनेछैन। साताको अन्त्यमा गरेका कामबाट ठुलो उपलब्धि लिन सकिँदैन र श्रमको समुचित मूल्यांकन नहुनाले दिक्क लाग्नेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

खर्च बढ्ने र काममा अवरोध आउने र मनमा चिन्ता बढ्ने योग छ। काममा अवरोध खडा गर्नेहरू प्रशस्तै हुनेछन्। झुटा आरोप लगाउने प्रयास पनि धेरै हुनेछन्। आइतबारदेखि भोजभतेरमा संलग्न भई अन्तर्क्रिया गर्ने अवसर मिल्नेछ। पराक्रम बढ्नेछ। सोच्ने शक्ति बढ्नेछ। महत्त्वपूर्ण जिम्मेवारी आफूमाथि आउनेछ। घरजग्गा जोड्ने समय छ। राज्यबाट सम्मान पाउने योग छ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सुरुमा अलि चुनौतीसँग सामना गर्नुपर्ला। स्वास्थ्य कमजोरी हुनुका साथै झमेला व्यहोर्नुपर्दा आफन्तजनहरू टाढिन सक्छन्, निर्णय गलत ठाउँमा पर्नाले फाइदा अर्कैको हातमा जाने सम्भावना छ। बिहीबारदेखि भने प्रयत्नले महत्त्वपूर्ण काम भने बन्नेछ, प्रशस्त धनार्जन हुने योग छ, सहयोगीहरूको पनि राम्रै साथ मिल्नेछ, काममा सोचेजस्तै सफलता मिल्नेछ।

समीक्षा



● रोशन जागरी

तुलसी घिमिरे निर्देशित चलचित्र 'बलिदान' (सन् १९९७) मा पञ्चायतकालीन एउटा विद्रोही राजनीतिक विचार तथा क्रान्तिको 'रोमान्टिक छवि', एवं असल र खराब, अनि क्रान्तिकारी र शोषकबिचको रेखा स्पष्ट देखा परेको छ। मीनबहादुर भामको 'कालो पोथी' (सन् २०१५) ले 'दशवर्षे जनयुद्ध'को आघात, सामाजिक विभाजन र गाउँमा प्रवेश गरेको राजनीतिको सूक्ष्म र यथार्थपरक चित्रण गरेका छन्। भनिन्छ, जीवनको रङ हरियो हुन्छ। हरियो रङको चस्मा लगाएर रातो वस्तु हेर्दा त्यो कालो देखिन्छ। निर्देशकले यथास्थितिवादी जीवनको हरियो चस्मा लगाएर 'रक्तरञ्जित जनयुद्ध' हेर्न खोज्दा 'करिस्मा' नाउँ गरेकी सेतो पोथी निक्खुर 'कालो' देखिन्छ। अनिल बुढामगरको चलचित्र 'मीतज्यू' (सन् २०२६) ले 'बलिदान'ले जस्तो 'आदर्शवादी क्रान्ति'को नारा लगाउँदैन, अनि दर्शकलाई 'कालो पोथी'मा जस्तो 'जनयुद्धको कालो करिस्मा' मात्र देखाउँदैन।









चराचुरुंगी, हरिण, नीलगाई तथा अन्य वन्यजन्तु पाइन्छन् । विशेषगरी, बर्ड वाचिङका लागि कोशीटप्पुको छुट्टै पहिचान छ । जाडोयाममा साइबेरियासहित विभिन्न देशबाट आउने प्रवासी चराहरू अवलोकन गर्न विदेशी पर्यटकसमेत यहाँ पुग्ने गरेका छन् । जंगल सफारी, बोट सफारी तथा प्रकृति अवलोकन यहाँका प्रमुख गतिविधि हुन् ।

■ प्याराग्लाइडिङको उदाउँदो गन्तव्य

चतराको पर्यटन विकासमा पछिल्लो समय सबैभन्दा धेरै चर्चा बटुलेको क्षेत्र हो प्याराग्लाइडिङ । उदयपुरको बेलका नगरपालिका-८ स्थित बोप्ताङ डाँडा अहिले पूर्वी नेपालको सम्भावनायुक्त प्याराग्लाइडिङ केन्द्रका रूपमा चिनिन थालेको छ ।

प्याराग्लाइडिङ उडानका लागि आवश्यक सीप सिकाउने आधारभूत पाइलट प्रशिक्षण विद्यालय स्थापना भएसँगै बोप्ताङमा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण बढ्न थालेको छ । फ्लाइङ अन्डर प्याराग्लाइडिङ स्कुलका सञ्चालक तथा प्रशिक्षक सुरेन गुरुङका अनुसार नेपाल मात्र होइन, भारत, चीन, स्पेन, फ्रान्स, जर्मनी, पोल्यान्ड तथा पोर्चुगललगायत देशबाट समेत प्रशिक्षण लिन आउने गरेका छन् ।

प्याराग्लाइडिङसम्बन्धी विभिन्न प्रतियोगितासमेत यहाँ आयोजना हुन थालेका छन् । गत चैतमा बोप्ताङ डाँडामा कोशी प्रदेशकै पहिलो प्रदेशस्तरीय प्याराग्लाइडिङ प्रतियोगिता सम्पन्न भएको थियो । नेपाल प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङ संघ जिल्ला समिति उदयपुरका अध्यक्ष ईश्वर राईका अनुसार चतरा क्षेत्र कोशी प्रदेशकै उत्कृष्ट प्याराग्लाइडिङ केन्द्रमध्ये एक हो ।

धार्मिक आस्था बोकेको वराह क्षेत्र, किराँत सभ्यताको प्रतीक खुवालुङ, जैविक विविधताको धनी कोशीटप्पु, आकर्षक कोशी पुल, रोमाञ्चक जेटबोट यात्रा, उदाउँदो प्याराग्लाइडिङ तथा च्याप्टिङजस्ता गतिविधिले चतरालाई पूर्वी नेपालको बहुआयामिक पर्यटन केन्द्रका रूपमा स्थापित गरिरहेको छ

बोप्ताङबाट उडान गर्दा तल फैलिएको सप्तकोशी नदी, चुरे क्षेत्रका हरिया डाँडा, जंगल तथा बस्तीहरूको दृश्यले पर्यटकलाई रोमाञ्चित बनाउँछ । फिसिङ, क्याम्पिङ, बर्ड वाचिङ र प्याराग्लाइडिङजस्ता गतिविधिले चतरालाई पूर्वी नेपालको नयाँ पर्यटकीय गन्तव्यका रूपमा स्थापित छ । यता सुनकोशी, तमोर र अरुण नदीमा हुने च्याप्टिङका पर्यटकको प्रमुख वासस्थान पनि चतरा क्षेत्र बन्दै गएको छ ।

■ होटेल, रिसोर्ट र होमस्टे विस्तार

पर्यटकको चहलपहल बढेसँगै होटेल तथा आवास व्यवसाय पनि विस्तार जारी छ । कोशीटप्पु क्षेत्रका रिसोर्ट, कोशी पुलआसपासका होटेल, चतरा बजारका गेस्टहाउस तथा होमस्टेहरूले पर्यटकलाई बसोवास र स्थानीय खानाको सुविधा प्रदान गरिरहेका छन् । विशेषगरी, स्थानीय समुदायले सञ्चालन गरेका होमस्टेहरूले पर्यटकलाई स्थानीय संस्कृति र जीवनशैलीसँग जोड्ने काम गरिरहेका छन् ।

बेलका होटेल तथा पर्यटन व्यवसायी संघका अध्यक्ष रमन भट्टराईका अनुसार चतरा क्षेत्र कोशी प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बन्दै गए पनि अझै धेरै पूर्वाधार विकास आवश्यक छ । उनका अनुसार खानेपानी, फोहोर व्यवस्थापन, पार्किङ, सूचना केन्द्र, पदमार्ग तथा पर्यटन पूर्वाधारका क्षेत्रमा थप लगानी आवश्यक छ । प्याराग्लाइडिङ, जेटबोट तथा अन्य साहसिक गतिविधिका लागि स्पष्ट सरकारी नीति र दीर्घकालीन योजना आवश्यक रहेको उनको भनाइ छ ।

भट्टराईका अनुसार पछिल्लो समय भारतको बिहार राज्यबाट आउने पर्यटकको संख्या उल्लेखनीय रूपमा बढेको छ । उनले भने, 'मेरो बेलका बिच रिसोर्टमा मात्रै मासिक एक हजारदेखि दुई हजार पाँच सयसम्म भारतीय पर्यटक आउने गरेका छन् । अन्य होटेल तथा रिसोर्टहरूको तथ्यांकसमेत जोड्दा मासिक सातदेखि आठ हजारसम्म बिहारी पर्यटक चतरा क्षेत्र पुग्ने गरेका छन् ।' यो संख्या निरन्तर बढ्दो क्रममा रहेको व्यवसायीहरूको भनाइ छ ।

धार्मिक आस्था बोकेको वराह क्षेत्र, किरात सभ्यताको प्रतीक खुवालुङ, जैविक विविधताको धनी कोशीटप्पु, आकर्षक कोशी पुल, रोमाञ्चक जेटबोट यात्रा, उदाउँदो प्याराग्लाइडिङ तथा च्याप्टिङजस्ता गतिविधिले चतरालाई पूर्वी नेपालको बहुआयामिक पर्यटन केन्द्रका रूपमा स्थापित गरिरहेको बेलका नगरपालिकाका पूर्वमेयर दुर्गाकुमार थापा 'स्वतिक' बताउँछन् । उनी थप्छन्, 'अब चतरा क्षेत्रमा एउटा पर्यटन सूचना केन्द्रको जरुरी देख्छ । यस चतरा क्षेत्रको पर्यटनलाई अझै व्यवस्थित गर्न मुन्दुम पदमार्गलाई चतरासँग जोड्नुपर्छ । वराह क्षेत्र, मैनामैनी र छिन्ताङ क्षेत्रमा केवल कार निर्माणका लागि कोशी प्रदेश सरकारले विस्तृत गुरुयोजन बनाउँदै छ । त्यसले पनि थप आकर्षण थप्नेछ ।'

उनले अब सप्तकोशीलाई सौन्दर्यकरण गर्न जरुरी रहेको बताउँदै जेटबोट दोलालघाटसम्म सञ्चालनमा सरकारले ध्यान दिनुपर्ने सुझाव पनि दिए । उनले भने, 'त्यसले जलजल यातायातको पनि विकास गर्नेछ ।'

मीतज्यू : बौद्धिक रूपमा समृद्ध सिनेमा




'मीतज्यू'ले सीधै उत्तर-संक्रमणकालीन सत्ता र नेतृत्वको नैतिक पतनलाई आफ्नो मुख्य प्रहारको केन्द्र बनाउँछ । दीपक रौनियारको 'सेतो सूर्य' (सन् २०१६) को कथा 'जनयुद्ध'पछिको गतिरोधमा टुंगिन्छ, 'मीतज्यू'ले सोही गतिरोधपछिको विद्रूप राजनीतिक अभ्यास र अवसरवादी गठबन्धनको नग्न रूप रजतपटमा देखाइदिन्छ । 'बलिदान', 'कालो पोथी' अनि 'सेतो सूर्य'मा राजनीति पृष्ठभूमिमा देखिन्छ र पात्रहरू सामुने हुन्छन्, 'मीतज्यू'मा भने 'मेलमिलापको राजनीति' नै मुख्य पात्रको रूपमा उभिन्छ । 'मीतज्यू'का दुई केन्द्रीय चरित्र आत्माराम (दयाहाङ राई) र जयराम (सौगात मल्ल) एउटै बाटोका दुई जिपचालक हुन्, यी दुई प्रतिस्पर्धीले जब पर्दामा 'मीत' सम्बन्ध गाँस्छन्, दर्शकले यसको संकेत २०७४ को निर्वाचनपछि सम्पन्न केपी शर्मा ओली नेतृत्वको एमाले र पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको माओवादी केन्द्रको राजनीतिक गठबन्धनतिर हो भनेर बुझिहाल्छन् । त्यसैले 'मीतज्यू'मा 'जिप' तथा 'जिपमा सवार यात्रु' क्रमशः राजनीतिक दल र नागरिक वा दलका कार्यकर्ता हुन् । जिपको साँघुरो स्थानमा धेरै पात्रलाई अटाउन खोज्दा स्वाभाविक रूपमा छट्पटी हुन्छ । जिपबाहिरको असीम पहाडी परिदृश्य र भित्रको चापग्रस्त अनुहारबिचको विरोधाभासले नेपाली राजनीतिको एउटा सूक्ष्म सत्य व्यक्त गर्छ- राजनीतिक दलबाट निकासको जनआकांक्षा र साँघुरो राजनीतिक मानसिकता । यसरी चलचित्रले तीन राजनीतिक धाराको प्रतिनिधित्व गर्छ- आन्दोलनबाट आएको तर क्षयग्रस्त वाम-नेतृत्व (आत्माराम), प्रतिस्पर्धी र आत्ममुग्ध वामधारा (जयराम), अनि पुरानो सहज-अवसरवादी प्रतिष्ठान (फट्टे) । यी तीनको अन्तर्क्रिया नेपालको गठबन्धन राजनीतिको दुर्दशाको सूक्ष्म-चित्र नै 'मीतज्यू' हो ।

एरिक होब्सबामले बखान गरेको 'परम्पराको आविष्कार'मा राजनीतिक समूहहरू आआफ्नो वैधानिकता सिद्ध गर्न ऐतिहासिक निरन्तराको ढोंग गर्छन्, सोही प्रक्रिया 'मीतज्यू'मा 'डिलक्स बसको दृश्य'मा प्रत्यक्ष देख्न सकिन्छ ।

'मीतज्यू'ले परम्परागत तीनअंकीय नाटकीय ढाँचा पछ्याउँदैन, किनभने यसमा कुनै केन्द्रीय द्वन्द्वको स्पष्ट समाधान छैन । रोलाँ बार्थले प्रस्तुत गरेको पाठको खुलापनको सिद्धान्त 'मीतज्यू'मा दृश्यात्मक भाषामा अभिव्यक्त भएको देखिन्छ, अर्को शब्दमा आधुनिक युरोपेली कला-सिनेमाको स्पष्ट प्रभाव, जहाँ कथाको इतिश्रीभन्दा अवस्था, मनोदशा र परिस्थिति महत्त्वपूर्ण हुन्छ । 'सिप अफ थिसियस'को चरमोत्कर्षमा एउटा छोटो चलचित्र देखाइएको छ, जसमा एउटा मानव-छाया एउटा गुफाबाट बाहिर निस्कन खोजिरहेको छ, यो प्लेटोको 'एलेगरी अफ द केभ' (गुफाको दृष्टान्त) हो, जसअनुसार मानवअस्तित्व एउटा कालकोठरी हो, र दर्शनशास्त्रले बाहिर निस्कने बाटो देखाउँछ । 'मीतज्यू'मा जिप गुफाको दृष्टान्त नै हो, जसको भित्री स्थान मीत-सम्बन्ध वा राजनीतिक गठबन्धनको चापग्रस्त प्रकृतिको भौतिक प्रतिरूप बन्छ ! अन्त्यमा, आत्मारामले आफ्नो जिपमा आगो लगाइदिन्छन्, जसको अर्थ उनको पराजयले गुफाबाहिरको बाटो रोक्छ र विजयले सारा संसार ढाक्न खोज्छ ?

त्यस्तै, चलचित्रको टुंग्याउनीमा, गाउँमा जिपको नामनिसान छैन, अनि आत्मारामकी पत्नी उजेली (टेरिया मगर) घरको गुफाबाट बाहिर निस्किएकी छिन् र नानी बोकेर गाडी कुदाइरहेकी छिन् । आत्माराम तथा जीवराम औ फट्टेहरू गाडीको पछिल्लो सिटमा बसेर लुँडो खेलिरहेका छन् । उजेलीले हाँकिरहेको गाडी नेपाली राजनीतिको परिवर्तित स्वरूप हो, र उनले बोकेको नानी 'नयाँ नेपाल' ? देशको स्टेयरिङ आखिर कसको हातमा छ ? यही यस लोकतान्त्रिक मुलुकको सबैभन्दा मौलिक र अनुत्तरित प्रश्न हो । यो प्रश्न उठाउने चलचित्र केवल मनोरञ्जनको साधन मात्र रहँदैन, नागरिक विमर्शको 'सिप अफ थिसियस' बन्न पुग्छ ? 'मीतज्यू'मा प्रत्येक आकृति र प्रत्येक क्रियाले दोहोरो अर्थ बोक्छन्, जसले चलचित्रलाई बौद्धिक रूपमा समृद्ध बनाएको छ, तर पात्रहरूले कहिलेकाहीं मानिस कम र प्रतीक बढी हुने जोखिम पनि उत्पन्न गरेको छ ।

चेतना बदले बदलिन्छ देश



योग



● रामचन्द्र शर्मा

चेतना बदल्नु भनेको बोधको चरणमा पुग्नु हो । जानाजान कसैले पनि आफ्नो बेहित गर्दैन । देशको अवस्था बिग्रनु भनेको आफ्नै अहित हो । त्यसैले चेतना के हो ? कसरी बदलिन्छ भन्ने बेलैमा बुझ्न जरुरी छ ।

धेरै जन, धन र लामो समय खर्चिएर ल्याएको संघीय गणतन्त्रको मर्मअनुरूप सत्ता सञ्चालन नगरिँदा कमजोर बन्न पुगेको देशको अवस्था बदल्न जेन-जी पुस्ताले सुशासनको माग राखेर गत सालको भाद्र २३ मा आन्दोलन सुरु गऱ्यो । तत्कालीन सरकारले शान्तिपूर्ण रूपमा गरिएको आन्दोलनका जायज माग सम्बोधनको उचित उपाय नअपनाई दबाउन गोली चलायो । विद्यालय पोसाकमै आन्दोलनमा सहभागी भएका विद्यार्थीसमेत गोलीको सिकार भएको देखेपछि भोलिपल्ट आन्दोलन भड्कियो भड्काइयो । आन्दोलन दबाउन खोजेको सरकार नै भाग्नुपर्ने अवस्था सिर्जना गराई सिहदरबार, सर्वोच्च अदालत, राष्ट्रिय अभिलेखसमेत जलाइए । जनधनको विनाशसँगै देशको गरिमा र अस्मितामा धक्का पुऱ्याइयो । देशले व्यहोरेको यति ठुलो पीडाको प्रतिफल हो, वर्तमान सरकार । सरकारले हनिमुन पिरियड मानिने मान्यता तोड्दै सय दिनभित्र सयवटा सुधारका काम गर्ने घोषणा गर्दै कार्यान्वयनका लागि आवश्यक कानुन अध्यादेशबाट ल्याएको छ । मनमौजी राजनीतिक नियुक्तिलाई प्रतिस्पर्धात्मक विधिमा ढाल्दै सिनियरलाई प्रधानन्यायाधीशमा सिफारिस गर्ने, अनिवार्यता नभए पनि जता पनि प्रधानमन्त्री जाने, धेरैजसो भेटवार्ता र सरकार सञ्चालनका काम निजी निवास बालुवाटारमा गर्ने परम्परागत मान्यतामा क्रमभंग गर्दै आफूले घोषणा गरेका सुधार कार्यक्रम समेटूदै नीति तथा कार्यक्रम ल्याएको छ । व्यवस्थामा आयामगत परिवर्तन भए पनि सरकार सञ्चालनको शैलीमा तदनुरूप परिवर्तन नगरिएकाले देश आर्थिक क्रान्तिउन्मुख हुन नसकेको बोध गरेर सरकार सञ्चालनमा मौजुदा व्यवस्थाअनुरूपको आयामगत परिवर्तन गर्दै वर्तमान सरकार अघि बढ्न खोजेको देखिन्छ ।

राजनीति गर्ने हतियार बनाइएको सुकुमवासीको पीडा र सर्वत्र दलीयकरणले विद्रुप बनाइएका राज्य संरचनालाई स्वाधीन बनाउन जुटेको सरकारको विरोध मात्र होइन, आन्दोलन गर्ने घोषणा गरेका छन्, विपक्षी दलले । सुकुमवासीहरूको नामबाट सडकमा जुलुस र सदनमा सरकारविरुद्ध नाराबाजी गर्दै प्रधानमन्त्रीको राजीनामा समेत मागिएको छ । प्रधानमन्त्रीले संसद्मा आएर जवाफ नदिएको कुरालाई आधार बनाएर संसद् अवरोध गरी संसदीय कामको गति सुस्त पारिएको छ । प्रधानमन्त्रीमाथि विगतका मान्यता उल्लंघन गरेको आरोप छ । प्रधानमन्त्रीले सामाजिक सञ्जालमार्फत आफू संविधान पालना गर्दै देश र जनताको हितमा काम गर्न आएकाले त्यसैमा समय खर्चिन्छु, मान्यताका लागि समय छैन भनेका छन् ।

सरकारले सय दिन पनि पूरा नगर्दै संसद् पटक-पटक अवरोध गरिएको र संसदीय गरिमामा आँच पुऱ्याउने खालका उच्छृंखल शब्द सत्तारुढ र विपक्षी दलका सांसदले बोलेकाले रेकर्डबाट हटाउँदै मर्यादित हुन सभामुखबाट पटक-पटक ध्यानाकर्षण गराउनुपरेको अवस्था देखेर जनता विलखबन्दमा परेका छन् । पटक-पटकका आन्दोलनले थिलथिलिएको देशले अब त उपचार पाउँछ कि भन्ने आशा गरेका जनतालाई निराश बनाउने छुट सत्ता पक्ष र विपक्षमा रहेका सांसद कसैलाई पनि छैन । यी सबै क्रियाकलाप अज्ञानताका उपज हुन् । अर्थात्, सामान्य चेतनाका सिर्जना हुन् । चेतना बदल्न सकिन्छ । चेतना बदल्नु भनेको बोधको चरणमा पुग्नु हो । जानाजान कसैले पनि आफ्नो बेहित गर्दैन । देशको अवस्था बिग्रनु भनेको आफ्नै अहित हो । त्यसैले चेतना के हो ? कसरी बदलिन्छ भन्ने बेलैमा बुझ्न जरुरी छ ।

आफू र संसार हुनुको आभास हो चेतना । चेतनाका दुई एकाइ हुन्छन्, विषय र विषयता । विषय हो म (अहं) र विषयता संसारका सारा वस्तु अर्थात् जगत् । त्यसैले, सामान्य चेतना द्वैतात्मक हुन्छ । आँखाले कसैलाई देखेको छ । आँखा द्रष्टा हो, देखिनेचाहिँ दृश्य । द्रष्टा जीव हो भने दृश्य हो जगत् । यसैलाई अहं र प्रकृति पनि भनिन्छ । द्रष्टाले दृश्य निर्धारित गर्छ अनि देख्छ । दृश्यले पनि द्रष्टा निर्धारित गर्छ । दृश्यले द्रष्टाको मनस्थिति बदलिदिन्छ । दृश्य द्रष्टाले प्रक्षेपित गरेको हुन्छ । यसरी द्रष्टा र दृश्य एक-अर्कोमा निर्भर हुन्छन् । अझ भनौं, दृश्य नै द्रष्टा हुन्छ । जगत् जीवको छाया नै हो । सामान्य चेतनाले द्रष्टा र दृश्य एउटै हो भन्ने जानेको हुँदैन । म र संसार अलग-अलग हौं भन्ने ठान्छ द्रष्टा । यो पृथक्ताले अपूर्णता र असुरक्षा महसुस गर्छ द्रष्टा (अहं) । द्रष्टामा कहिले डर र कहिले प्रेम करुणा पनि पैदा हुन्छ । द्रष्टाको संसारसँग भयको यो नाता नै चेतना हो । भय मेट्दै तृप्त हुन दृश्यको पछि लाग्छ द्रष्टा । दृश्यमा तृप्ति खोज्छ, द्रष्टाले मिल्दैन । तर, अरू थप खोजी गरे मिल्छ भन्ने आश्वासन दिन्छ दृश्यले । मैले पूरै नखोजेकाले तृप्ति भेटिन भन्ने ठान्छ द्रष्टा र दृश्यमा लिप्त हुँदै डुब्छ । तृप्ति नभेटी मर्छ द्रष्टा । तृप्ति भनेको चैन अर्थात् आनन्द हो । आत्मा चिनेजाने मात्र आनन्द भेटिन्छ । आत्मा चिन्नु भनेको बोधको चरणमा पुग्नु हो । जीवले तृप्ति मेट्न आकाशतिरको उडान भर्नुपर्छ भनिएको हो । आकाश भनेको आत्मा हो, जमिन चेतना हो भने आकाश बोध हो । चेतना बदलेर बोधमा पुग्न सकिन्छ ।

अधिकांश हामी चेतनाका चार अवस्था भय वा मजबुरी वा आफूलाई संसारमा सरेन्डर वा पाखण्डी भएर जिएका छौं । यी चार विकल्प छाडेर पाचौं निर्विकल्पको अवस्थामा पुगे मात्र चेतना बदलिन्छ । भारतीय आध्यात्मिक गुरु आचार्य प्रशान्तले चेतनाको प्रयासबाट चेतनाको मृत्यु हुँदैन, चेतनाको बाहिरबाट अचिन्त्य कुरा प्रकट भएर आएपछि मात्र चेतनाको मृत्यु हुन्छ, जहाँ मौन त्यहाँ चेतनाको विश्राम, चैतन्य प्रार्थनाले चेतना बदलिन्न मौन प्रार्थना चाहिन्छ, चेतनाको पाचौं निर्विकल्प अवस्था नै मौन प्रार्थना हो भन्छन् ।

चेतनाको चार अवस्थाको चक्रमा फसेको उदाहरण बनेको छ, हाम्रो संसद् अहिले । संसद्मा प्रधानमन्त्री आएन भन्ने स्वरमा सार छैन निस्सार छ । हुनुपर्ने कुरा जनताको संघर्षले आर्जेको संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण हो । त्यसकै लागि संविधान संशोधन र आर्थिक क्रान्तिको तयारीका लागि चाहिने कानुन र पारदर्शी पद्धति बनाउन, उच्चस्तरीय विदेशी कूटनीतिज्ञसँग मात्र आवश्यक भेटवार्ता गरी लिपुलेकबारे कूटनीतिक नोट पठाउँदै देशको स्वाभिमान जोगाउनमा सरिक रहेका प्रधानमन्त्रीको काम गराइमा सारगर्भिता भेटिन्छ ।

चेतनाभित्र आत्मा हुँदैन । न चेतना भएको हुँदा आत्मा हुन्छ । आत्मा त चेतना प्रस्फुटित हुने विन्दु वा स्रोत हो । संसार, घर, परिवार, सबै पदार्थ, वस्तु, विषय र आकाशसमेत चेतना हो, चेतनामा नै सबै क्रिया हुन्छन् भन्छन् आचार्य प्रशान्त । आत्मा त्यो महाआकाश हो, जहाँ चेतनाका धेरै आकाश डुल्ने-फिर्ने गर्छन् भन्ने तर्क छ उनको ।

चेतनशील भएर मनुष्यले जीवन बिताउन भनेर नै ऋषिले अध्यात्मको अवधारणा अघि सारेका हुन् । दर्शन शास्त्र, अध्यात्म र आधुनिक मनोविज्ञानले चेतनाको फरक-फरक अर्थ गरेका छन् । दार्शनिक तथा आध्यात्मिक दृष्टिकोणले चेतनाका चार आयाम जाग्रत, स्वप्न, सुषुप्ति र तुरीय (आत्मज्ञानको अवस्था) दर्साएको छ भने आधुनिक मनोविज्ञानले सचेत मन, अचेतन मन, अर्धचेतन मनमा वर्गीकरण गरेको छ । व्यावहारिक जीवनमा जागृत, स्वप्न, ध्यानस्थ, सम्मोहित र असामान्य गरी चेतनाका पाँच अवस्था अनुभव गरिन्छ ।

जीवन्तताको अनुभव नै चेतना हो, जो सबै मनुष्यमा एउटै छ । चेतना शरीरसँग जोडिए कामुकता, भावनासँग जोडिए प्रेम, चेतनशीलतासँग जोडिए योग घटित हुन्छ । योग भनेको अहं आत्मामा प्रतिष्ठित हुनु हो । चेतनाको अनन्तता नै आत्मा हो । चेतनामा पहुँच विस्तार गर्दै अनन्तितामा पुगिन्छ । ध्यान र अवलोकन अहंलाई आत्मामा जोड्ने सेतु हुन् । ध्यान र अवलोकन कर्म होइनन् मनुष्यका स्वभाव हुन् । कर्म गर्नुपर्दैन, मौन प्रार्थना गरे पुग्छ । प्रयास गरे शान्त होइन अशान्त र ज्ञानको प्रज्ञा होइन अहंकारी घमण्ड बढ्छ । अहंकारलाई आफ्नो सीमाको ज्ञान हुँदैन । जसले गर्दा असीमको पनि तुच्छ सम्झिन्छ र आदर गर्दैन । सीमाको ज्ञान हुनु विनम्रता हो ।

अतीतको कर्म वा संस्कारले चेतनालाई प्रभावित गर्छ । अतीतका कर्म र संस्कारभन्दा पर जानु मुक्ति हो । मुक्तिको मार्ग साक्षीत्व हो । निर्लिप्त भएर अवलोकन गर्ने जागरुकता साक्षीत्व हो । श्रद्धा, संयम र साधना गर्दै मनलाई विकाररहित (राग, द्वेष, मोह, आसक्ति नभएको) शुद्ध राखिएको एक अवस्थाको निरन्तरता मुक्ति हो । मुक्ति कुनै लक्ष्य वा गन्तव्य होइन, यात्रा हो भन्नेमा ग्रन्थ र दार्शनिकको एक मत छ । बाँचेको अनुभूतिमा सीमित राखिएको चेतना मुक्तिको द्वार बन्न सक्छ । न्युरो साइन्सले पनि चेतना बदलावशील मान्दछ । हाम्रो दैनिक जीवनको विचार, भावना र अनुभवको समग्रता नै चेतना हो ।

भ्याप्पै !



रवि मिश्र
@rabimishra

सोलुदेखि अस्ट्रियासम्म आङछुटिनको यात्रा

सोलुबाट अस्ट्रिया पुगेकी आङछुटिन शेर्पा त्यहाँ प्रतिष्ठित जागिर गरेपछि फर्केर नेपालका गाउँगाउँका स्कुल बनाइरहेकी छिन्

अभियान



● शान्ति तामाङ

उमेरले सात दशक टेक्नै आँट्यो । तर, आङछुटिन शेर्पाको जोस, जाँगर भने अझै तन्नेरी छ । त्यही जोशले उनलाई कहिले कर्णालीको जाजरकोट पुऱ्याउँछ । कहिले धादिङको चेपाङ बस्ती । ती ठाउँमा उनी कहिले विद्यालय बनाउन पुग्छिन्, कहिले विद्यार्थीका लागि शैक्षिक सामग्री लिएर पुग्छिन् । कहिले स्वास्थ्य सामग्रीसँगै प्राथमिक उपचारमा समेत संलग्न हुन्छिन् । विनाहोहल्ला उनी चुपचाप ती बस्तीहरूमा पुग्छिन् । आफ्नो बुताले भ्याएको काम गरेर फर्किन्छिन् ।

सहयोगी हृदयकी आङछुटिन करिब चार दशकदेखि अस्ट्रिया बस्दै आएकी छिन् । नेपाल आएको मेसोमा सोमबार मध्य दिनमा भेट्दा उनी पुनः अस्ट्रिया फर्कने तरखरमा थिइन् । सोधैं, 'जीवनको लामो समय युरोपमा बिताउनुभयो । बुढेसकालमा जन्मभूमिको उकालो, ओरालो गर्दै हुनुहुन्छ । किन ?'

जन्मथलो सोलुदेखि अस्ट्रिया पुग्नुको अन्तरकथा, त्यसपछि त्यहाँको बसाइ र जीवनको उत्तरार्द्धमा जन्मभूमिको कुनाकन्दरा घुम्दाका कथाहरू उनले बेलिविस्तार लगाइन् ।

सोलुदेखि अस्ट्रियासम्म

माथिल्लो सोलुको खुम्बु क्षेत्रमा विश्वकै अग्लो शिखर सगरमाथासँगै उभिएका ल्होत्से, नुप्से, चोयु, अमादब्लम, पुमरी, थाम्सेर्कु आदि हिमचुचुराका छायामा उनी हुर्किन् । कक्षा आठसम्म ती हिमालकै काखमा दिनहरू बिताइन् । त्यसपछि विद्यालय शिक्षा पूरा गर्न उनी काठमाडौं आइन् । सन् १९७७ मा एसएलसी पास गरेपछि सोलुखुम्बु नै फर्किन् । उनी गाउँकी छोरीमध्ये पहिलो एसएलसी पास गर्ने छोरी थिइन् । 'मेरो बुबाआमा अहिले हुनुहुन्न । तर, उहाँहरूले देखाएको शिक्षाको बाटोले म अहिले यहाँसम्म पुगेको छु । उहाँहरू नरहे पनि कृतज्ञ छु,' उनले भनिन् ।

त्यो वेला सगरमाथा आरोहण गर्ने लहर सुरु भइसकेको थियो । हिमाल चढ्ने रुटमा उनीहरूको सानो होटेल थियो । त्यहीवेला अस्ट्रियाबाट पुगेका पर्यटकहरू उनको होटेलमा पुगे । फर्किंदा एकजनाले अस्ट्रिया लैजाने भए । त्यही नै वेला उनलाई युरोप पुग्ने अवसर मिल्यो ।


अस्ट्रिया पुगेपछि उनलाई डाक्टर बन्ने रहर थियो । तर, आर्थिक अवस्था बाधक बन्यो । छिट्टै पैसा कमाएर घर हेर्नुपर्ने भयो । उनी सबैभन्दा छिट्टै पैसा कसरी कमाउने भन्नेतिर लागिन् । त्यसपछि उनी नर्सिङ पढ्न थालिन् । चार वर्ष नर्सिङ पढेर उनी त्यहींको अस्पतालमा नर्सको रूपमा जागिरे भइन् ।

नयाँ देश, नयाँ भाषा र फरक संस्कृतिबिच उनले नर्सिङ पेसामा आफूलाई स्थापित गरिन् । अस्ट्रियामा नर्सको रूपमा काम गर्दागर्दै चार दशक बित्यो । उनले अस्ट्रियाको अस्पतालमा करिब ४० वर्ष काम गरिन् । त्यहाँ अप्रेसन नर्सको रूपमा काम गरिन् । 'अस्ट्रियामा धेरै सिर्कै । ठुला अप्रेसनमा सहभागी भएँ,' उनले भनिन् । उनले पेट र नसासम्बन्धी क्षेत्रमा विशेषज्ञता हासिल गरिन् । कुनै पनि विषयको अप्रेसन विशेषज्ञ नर्स स्वास्थ्य क्षेत्रमा निकै महत्त्वपूर्ण मानिन्छ । बिरामीको सेवा गर्दै बितेका वर्षहरूले उनलाई केवल दक्ष स्वास्थ्यकर्मी मात्र बनाएन, मान्छेको दुःख बुझ्ने संवेदनशील मन पनि दियो । यही संवेदनशीलताले उनलाई पटक-पटक नेपाल फर्किन घच्घच्यायो ।

वर्षौंपछि नेपाल फर्किंदा उनले आफ्नो देशको अवस्था उस्तै देखिन् । फेरिएको थियो केवल क्यालेन्डरमा समय । त्यसपछि उनलाई लाग्यो, युरोपको केही अनुभव नेपालमा बाँड्नुपर्छ । त्यहींबाट सुरु भयो उनको नेपालका गाउँहरू घुम्ने, शिक्षा र स्वास्थ्यमा काम गर्ने सिलसिला ।

अस्ट्रिया गएको दुई वर्षपछि उनी सन् १९८१ उनी नेपाल आइन् । पटक-पटक नेपाल आउने क्रममा नेपाल र यहाँको अवस्था देखेर उनलाई केही गर्न मन लाग्यो । सन् २००४ तिर नेपाल आउने क्रममा नै उनले ठमेल, लैनचौर क्षेत्रमा बस्ने सडक बालबालिका लागि खाना खुवाउने गर्थिन् । सन् २०१५ को भूकम्पको वेला पनि उनी वर्षको दुईपटक नेपाल आइन् । साथीहरूले दिएको पैसाले सिन्धुपाल्चोकका केही ठाउँमा सहयोग गरिन् । सोही वर्ष नेपालमा भारतले नाकाबन्दी गर्दा खाद्यान्नलगायतको अभाव भयो । त्यतिवेला पनि केही ठाउँमा सहयोग गरिन् । वर्षको दुईपटक अप्रिल र नोभेम्बरमा नेपाल आएर विभिन्न ठाउँमा पुगेर कपडा, खाना वितरण गरिन् । २०१९ तिर नेपाल आउने क्रममा एक गैरसरकारी संस्थासँग उनको भेट भयो । त्यही भेटले उनलाई धादिङको चेपाङ बस्ती पुऱ्याएको थियो ।

तीन वर्षअघि जाजरकोटमा भूकम्प जाँदा पनि उनी यत्तिकै बस्न सकिनन् । किनभने त्यहाँको अवस्था झनै दयनीय थियो । त्यसमाथि भूकम्पका कारण त्यहाँका केही घर, विद्यालय बस्न नमिल्ने भएको थियो । जाजरकोटको विद्यालय बनाउनका लागि उनीसँगै उनका छोरा र अन्य सहयोगीहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए । उनीहरूले त्यहाँ तीनवटा विद्यालय बनाए । भूकम्पपछि अस्थायी रूपमा टेन्टमा बसेको विद्यालय उनीहरूको प्राथमिकतामा पऱ्यो । महिला प्रधानाध्यापक भएको अर्को विद्यालय पनि उनीहरूको रोजाइमा पऱ्यो ।



जाजरकोट पुग्नकै लागि उनले जागिरबाट पनि राजीनामा दिइन् । अस्ट्रियामा अवकाश पाउने उमेर ६५ वर्ष हो, उनी विद्यालय बनाउनकै लागि ६२ वर्षमै राजीनामा दिएर नेपाल फर्केकी थिइन् ।

स्वास्थ्य चेतना, शिक्षा सहयोग र स्थानीय समुदायका साना आवश्यकतामा उनले निरन्तर सहयोग गर्न थालिन् । 'अस्ट्रियाले मलाई धेरै कुरा दियो,' उनी भन्छिन्, 'आफ्नो देश सम्झिने मन कहिल्यै हराएन । किनभने ममाथि मेरो बुबाआमाको सेवामुखी व्यवहारको छाया परेको थियो ।'

चार दशक युरोपमा बिताउँदा उनले आधुनिक स्वास्थ्य प्रणाली नजिकबाट देखिन् । तर, नेपालको दुर्गम भेगमा अझै सामान्य उपचारको पहुँच कठिन रहेको यथार्थले उनलाई बारम्बार छोयो । त्यसैले नेपाल आउँदा उनी सकेसम्म स्वास्थ्य सामग्री, औषधि र सहयोग लिएर आउँछिन् ।

> वर्षौंपछि नेपाल फर्किंदा उनले आफ्नो देशको अवस्था उस्तै देखिन् । फेरिएको थियो, केवल क्यालेन्डरमा समय । त्यसपछि उनलाई लाग्यो, युरोपको केही अनुभव नेपालमा बाँड्नुपर्छ । त्यहींबाट सुरु भयो, उनको नेपालका गाउँहरू घुम्ने र शिक्षा र स्वास्थ्यमा काम गर्ने सिलसिला ।

महत्त्वपूर्ण भूमिकामा काम गरेर विशेषज्ञता हासिल गरेकी उनलाई जीवनको उत्तरार्द्धमा दौडधुप गर्नुपर्ने कुनै जरुरी छैन । तर, उनलाई आफ्नो जन्मभूमिनजिकबाट चिन्नुछ । गाउँ-गाउँ पुगेर आफूले सक्दो सहयोग गर्नुछ । विकट, कुनाकन्दरा देख्नुछ । 'मैले यस्तो ठाउँ रोज्नुको कारण नेपालका यस्ता धेरै ठाउँ छन्, जो प्रकृतिले भरिपूर्ण छन् । त्यहाँका मानिसलाई लोभ, डाह, ईर्ष्या छैन । उनीहरूको मन सफा छ । जस्तोसुकै परिस्थितिमा रमाउन सक्ने मन छ,' उनी भन्छिन्, 'मैले सोलुखुम्बु, काठमाडौंबाहेक अझै धेरै ठाउँ चिन्न सकेको छैन । मलाई ती ठाउँमा नजिक भएर हेर्न मन छ ।'

केही वर्षअघि उनी धादिङस्थित कोम्राङको कोम्राङ आधारभूत विद्यालय पुगिन् । जहाँ एक सय ४० विद्यार्थी थिए । ती विद्यार्थीलाई देखेर उनी जति चकित भइन्, त्यति नै कहिले नौलो मान्छे नदेखेका ती विद्यार्थी पनि चकित भए । त्यहाँका सबैजसो बालबालिका घाउ, खटिरा बोकेर पढ्न आएको देखिन् । ती घाउ, खटिरा फोहोरले पुरिएको थियो । यो सबै देखेपछि उनले विद्यालयको शिक्षिकाको सहयोगमा सबै बालबालिकालाई नुहाइदिइन् । उनीहरूका घाउ सजिलै देखिन सक्ने भए । उनीहरूको प्राथमिक उपचार गरिन् । पाँच कक्षा पढ्ने विद्यार्थीलाई प्राथमिक उपचार गर्ने तरिका सिकाइन् ।

आङछुटिनलाई त्यहाँको चेपाङ संस्कृतिले चकित बनायो । भौगोलिक विकटता, अभावका बिच उनीहरू आफ्ना समृद्ध संस्कृतिलाई जोगाएर राख्न सफल थिए । चेपाङ समुदायले प्रकृतिलाई पूजा गरेको थाहा पाइन् । बाली पाकिसकेपछि सबैभन्दा पहिले नजिकको थानी भूमिलाई चढाइसकेपछि मात्र मकै खान्छन् भन्ने थाहा पाइन् । यो कुराले उनलाई अचम्मा पाऱ्यो । उनी भन्छिन्, 'उनीहरूले मबाट होइन, मैले पो उनीहरूबाट धेरै सिर्कै ।'

अर्कोपटक फेरि चेपाङ गाउँ जाँदा अस्ट्रियाबाट ल्याएको लुगा वितरण गरिन् । गरिबीले थिलथिलो भएको त्यो बस्तीमा इमान्दारिता भने साँच्चै सगरमाथाजस्तै अग्लो पाइन् । उनलाई त्यो घटना अझै ताजै लाग्छ । 'बाबु र आमा नै नभएको बच्चालाई एकजना विपन्न महिलाले आफ्नो छोराका लागि छुट्याएको लुगा दिइन्,' उनले भनिन् । त्यो घटनाले मलाई झनै अचम्मित बनायो । ती चेपाङ महिलाबाट निस्वार्थपन के हो भन्ने सिकिन् । उनलाई लाग्यो, 'युरोपमा मान्छेहरू दगुरेको दगुऱ्यै गर्छन् । जिन्दगी के हो ? थाहै छैन । यो ठाउँ त जिन्दगी बुझ्नकै लागि भए पनि आउनुपर्ने रहेछ । हाँस्न सिक्नका लागि यी ठाउँ आउनुपर्ने रहेछ ।'

ती बस्तीमा उनी पहिलोपटक एक हप्ता बसिन् । पटक-पटक आउने-जाने गरिरहिन् । त्यसपछि कोम्राङभन्दा विकट चेपाङ बस्ती रोवाङ, बोमराङ र ओर्बाङ पुगिन् ।

ती बस्तीका बालबालिकाहरूको विद्यालय जान सक्ने अवस्था छैन । गइहाले पनि विद्यालय शिक्षा पूरा गर्न सक्ने अवस्था छैन । केही विद्यार्थीमा थप शिक्षा हासिल गर्ने हुटहुटी भए पनि उनीहरू कक्षा पाँचमै रोकिन्छन् । बालबालिकालाई पढाउने, लेखाउने विषयमा अभिभावक सचेत छैनन् । त्यसैले उनको मनमा लाग्यो, 'यहाँको धेरै बच्चालाई मास्टर बनाउनुपर्छ ।'

त्यहाँको अवस्थालाई नजिकबाट देखेकी उनले केही विपन्न बालबालिकालाई पढाउने योजना बनाइन् । सोहीअनुरूप बेनीघाट रोराङ गाउँपालिकाभित्र पर्ने एक विद्यालयमा पढाउने व्यवस्था गरिन् । ती बालबालिकाका लागि आवश्यक केही शुल्क, किताब, कापी, पोसाक, खाजा सहयोग गर्दै आएकी छिन् । २२ जना विद्यार्थीका लागि उनले आवश्यक सामग्री उपलब्ध गराउँदै आएकी छिन् । ती सबै चेपाङ समुदायका हुन् । त्योभन्दा अघि तीनजनालाई निजी विद्यालयमै पढ्नका लागि सहयोग गरेकी थिइन् ।

एक जना विद्यार्थी अहिले कक्षा १२ पढ्दै छिन् । उनलाई आशा छ, 'त्यो बच्चा १२ कक्षा पास गरेपछि विद्यालयमा मास्टरी गर्नेछिन् ।' उनी मास्टर बनेपछि अरूले पनि आफ्ना बालबालिकालाई विद्यालय पठाउने सोच बनाउने विश्वास लिएकी छिन् ।

उनले बस्तीमा भोक, रोग र अभावको ठुलो खाडल देखिन् । जुन पुर्न सकिन्छ कि भनेर उनी लागिरहेकी छिन् । उनी आफैं ती विद्यार्थीसँग भेटेर कुरा गर्छिन् । उनीहरूको पढाइको अवस्थाबारे बुझ्छिन् । उनलाई लाग्छ, एक व्यक्तिले विद्यालय बनाएरभन्दा व्यक्तिलाई विद्यालयमा टिकिरहने वातावरण बनाउने सके उपलब्धि हुन्छ । 'मजस्तो एउटा व्यक्तिले स्कुल बनाएर धेरै फाइदा छैन,' उनी भन्छिन्, 'सबैभन्दा ठुलो शिक्षा हो । शिक्षा नभएको भए म पनि अस्ट्रियासम्म पुग्ने थिइनँ । त्यसैले जति सक्छु, पढ्नका लागि सहयोग गर्छु ।'

चेपाङ बस्तीमा आङछुटिन र हात धुनु पर्याय नै बनेको छ । उनी देख्नेबित्तिकै बालबालिका हात धुन गइहाल्छिन् । 'पटक-पटक ती बस्तीमा पुगेर हात धुन सिकाएँ । फोहोर हातकै कारण धेरै रोगको संक्रमण हुन्छ,' उनी भन्छिन्,'एकपटक हात धुन सिकाएर त्यसको नतिजा आउन सक्दैन । समय लाग्छ । त्यसैले म बारम्बार पुग्ने गरेको छु ।'

आङछुटिलाई आफ्नो जन्मथलो सोलुखुम्बुमा पनि अझै केही गर्न मन छ । तर, त्यहाँ विकासका नाममा भएका अनावश्यक गतिविधिले भने पिरोल्छ । 'मेरो पालाको भन्दा अहिले गाउँ धेरै फरक भएको छ । गाउँ अहिले तल्लो सोलुजस्तै विकसित भइसकेको छ । मलाईचाहिँ यो विकासले त्यति राम्रो अनुभव गराएको छैन । मलाई मेरो सात दसकअघिकै गाउँ मन पर्छ,' उनले भनिन्, 'विकास राम्रो हो । तर, आफ्नो संस्कृतिलाई जगेर्ना गरेर विकास गर्नुपर्छ । आफ्नो भाषा, संस्कृतिलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । युरोप, अमेरिकाको जस्तो विकास हामीलाई किन चाहियो ?'

छिमेक



● एचएम नजमुल आलम



लोकतान्त्रिक निराशाको नयाँ मस्कट साङ्लो

> भारत अहिले उथलपुथलबाट मुस्किलले बचेको छ । तैपनि, भावनाको भर हुँदैन, यो जुनसुकै वेला बग्न सक्छ । निराशा अब क्रान्तिकारी घोषणापत्र बोकेर आउँदैन । यो मिम पोसाक लगाएर र इन्स्टाग्राममा रिलमार्फत आउँछ । साँच्चै असहज प्रश्न यो हो कि साङ्लो अभियानले किन धेरै युवाको ध्यानाकर्षण गर्न सफल भयो ?

भारतीय राजनीतिमा सधैं बेतुकका कुरालाई सार्वजनिक मनोरञ्जनमा रूपान्तरण गर्ने उल्लेखनीय प्रतिभा छ । दल परिवर्तन रोक्न विलासी रिसोर्टमा लुक्ने सांसद, चुनावको वेला हिमालयका गुफाभित्र ध्यानमा रमाउने राजनीतिज्ञ र व्यावसायिक कुस्तीजस्तै टेलिभिजन बहस देख्ने देशले अब लोकतान्त्रिक निराशाका लागि नयाँ मस्कट पत्ता लगाएको छ, साङ्लो । तथाकथित साङ्लो जनता पार्टी (सिजेपी)को उदयले एउटा घृणित किरा कसरी युवा क्रोध, राजनीतिक थकान र व्यंग्यको नवीन प्रतीक बन्न सक्छ भन्ने पुष्टि गरेको छ ।

मिम संस्कृति र वैचारिक विद्रोहबिच भारतको नयाँ डिजिटल अभियानले आधुनिक लोकतन्त्रबारे केही असहज कुरा उजागर गरेको छ । कहिलेकाहीं नागरिकलाई अब दूषित राजनीतिक प्रणालीलाई मर्मत गर्न सकिँदैन भन्ने लाग्छ, त्यसैले तिनीहरू रचनात्मक रूपमा ती प्रणालीको खिल्ली उडाउन थाल्छन् । अनि माध्यम बन्छ सामाजिक सञ्जाल । सिजेपीको उदय सुरुमा इन्टरनेट मजाकजस्तो देखिन्थ्यो । बोस्टन विश्वविद्यालयका विद्यार्थी र कुनै वेला आम आदमी पार्टीनिकट अभिजित दीपकले खडा गरेको अनलाइन अभियान रातारात भाइरल भयो ।

सदस्यताका लागि आवश्यक क्राइटेरियामा बेरोजगारी, दीर्घकालीन रूपमा आलश्य, जतिखेर पनि अनलाइनमा झुन्डिने र सबै कुराका बारेमा गुनासो गर्ने आदत थियो, जुन प्रायः भारतीय युवामा देखिन्छ । सिजेपीको सामाजिक सञ्जाल पृष्ठले आन्दोलनलाई जिद्दी, राजनीतिक रूपमा निराश मानिसहरूको भेलाको रूपमा वर्णन गऱ्यो । घोषणापत्रको सट्टा त्यहाँ मिम थिए । विचारको सट्टा बेरोजगारी, भ्रष्टाचार, र भावनात्मक थकानबारे मजाक थिए । त्यो मजाक बेवास्ता गर्न हम्मेहम्मे भयो ।

केही दिनमै लाखौंले अनलाइन आन्दोलनलाई पछ्याए । 'म पनि साङ्लो हुँ' ह्यासट्याग सामाजिक सञ्जालमा भाइरल भयो । अखिलेश यादव, महुआ मोइत्रा, कीर्ति आजाद र प्रशान्त भूषणजस्ता दिग्गज विपक्षी राजनीतिज्ञले अभियानलाई समर्थन गरे । युवाले विरोधस्थल र सरसफाइ अभियानमा साङ्लो पोसाक लगाएर राजनीतिज्ञको मजाक गरे । इन्स्टाग्राममा फलोअर्सको संख्या करोड नाघेर भाजपाको अकाउन्टलाई उछिन्यो । आलोचकले आम आदमी पार्टीसँग दीपकेको पहिलेको सम्बन्ध औल्याउँदै कक्रोच आन्दोलनलाई विपक्षी राजनीतिसँग जोडे । तर, समर्थकले ती आरोप खारेज गरे र आन्दोलनले युवा निराशालाई प्रतिबिम्बित गरेको तर्क गरे । सिजेपीको महत्त्व यो अभियान वास्तविक राजनीतिक संगठन बन्छ कि बन्दैन भन्नेमा निहित छैन । यसको महत्त्व यो तथ्यमा निहित छ कि लाखौं युवाले आफूलाई साङ्लोको प्रतीकका रूपमा ढालेका छन् । यो रूपान्तरण मननयोग्य छ ।

भारत विश्वको सबैभन्दा द्रुत गतिमा बढेको मुख्य अर्थतन्त्रमध्ये एक हो । तैपनि यहाँका युवाले बेरोजगारी, काममा अनिश्चितता, बढ्दो जीवनयापन लागत, शैक्षिक दबाब र असमानताको सामना गरिरहेका छन् । भारतका १.४ अर्ब नागरिकहरूमध्ये लगभग आधा ३० वर्षमुनिका छन्, तर राजनीतिक दलहरूमा औपचारिक युवा सहभागिता उल्लेखनीय रूपमा सीमित छ । बारम्बार वास्तविक निर्णय लिने प्रक्रियाबाट संरचनात्मक रूपमा बहिष्कृत भारतीय युवामा व्यापक राजनीतिक चेत बढेको छ ।

सुनुवाइको क्रममा प्रधानन्यायाधीश सूर्यकान्तले विवादास्पद टिप्पणी व्यक्त गरेपछि आन्दोलनले थप गति लियो । अवसरवादी सक्रियता मानेको कुरामा निराशा व्यक्त गर्दै उनले केही बेरोजगार युवा, सामाजिक सञ्जाल कार्यकर्ता, मिडियाकर्मी र आरटिआई अभियानकर्तालाई जताततै फैलिएका र संस्थाहरूमा आक्रमण गर्ने साङ्लासँग तुलना गरे । यद्यपि, उनले आफ्नो भनाइ जेहेन्दार युवालाई भन्दा नक्कली प्रमाणपत्र भएका मानिसतर्फ लक्षित रहेको स्पष्टीकरण दिए । तर, उनको अभिव्यक्तिले धेरै असर गरिसकेको थियो । आजको इन्टरनेट युगमा स्पष्टीकरण पैदल यात्रा गर्दछ जबकि आक्रोश रकेटबाट यात्रा गर्दछ । युवा भारतीयले अपमानलाई कब्जा गरे र प्रतीकात्मक रूपमा पुनः प्रयोग गरे । अहिले धेरैजसो युवा घोषणापत्रभन्दा मिम्सप्रति बढी विश्वास गर्छन् । परम्परागत राजनीतिले उनीहरूलाई दिक्क बनाएको छ । हरेक पार्टीले विकास, राष्ट्रवाद, सामाजिक न्याय, भ्रष्टाचारविरोधी सुधार र आर्थिक समानताको वाचा गर्छन् । तैपनि लाखौं शिक्षित युवाले स्थिरताको सुनिश्चितता नगर्ने डिग्री सर्टिफिकेट बोकेर लामो समयसम्म आमाबाबुमा निर्भर रहँदै रोजगारसम्बन्धी वेबसाइट स्क्रोल गर्छन् ।

स्थिर र आशावादी समाजमा कसैले पनि किराको प्रतीकात्मक रूपमा विरोध गर्दैन । यो केवल भ्रष्ट र अनियमित समाजमा हुन्छ । यसबारे दक्षिण एसियाले ध्यान दिनुपर्छ किनभने यो ढाँचा भारतभन्दा बाहिर फैलिएको छ । श्रीलंका, नेपाल र बंगलादेशमा निराशा कति छिटो राजनीतिक संकटमा परिणत हुन सक्छ भनेर युवाप्रेरित अशान्तिले पहिले नै देखाइसकेको छ ।

राजनीतिक जटिलता र बलियो आर्थिक प्रदर्शनका कारण भारत अहिले उथलपुथलबाट मुस्किलले बचेको छ । तैपनि, भावनाको भर हुँदैन, यो जुनसुकै वेला बग्न सक्छ । निराशा अब क्रान्तिकारी घोषणापत्र बोकेर आउँदैन । यो मिम पोसाक लगाएर र इन्स्टाग्राममा रिलमार्फत आउँछ । साँच्चै असहज प्रश्न यो हो कि साङ्लो अभियानले किन धेरै युवाको ध्यानाकर्षण गर्न सफल भयो ? दक्षिण एसियाली युवाहरूको ठुलो समूह निरन्तर दौडधुप गर्छन्, चुपचाप अपमान सहन्छन् र आफ्ना आकांक्षाहरूप्रति संरचनात्मक रूपमा उदासीन देखिने वातावरणमा अगाडि बढिरहन्छन् । सिजेपी अन्ततः यसको अगाडि अनगिन्ती भाइरल प्रवृत्तिजस्तै गायब हुन सक्छ । यसको इन्स्टाग्राम खाता बन्द हुन सक्छ । यसका समर्थकहरू अर्को महिना अर्को मजाकमा लाग्न सक्छन् । तैपनि यसलाई उत्पन्न गर्ने अवस्था जीवित रहनेछन् ।

विडम्बनाको कुरा के छ भने, स्थापित राजनीतिक दलहरूले सिजेपीले हासिल गरेको कुराको ईर्ष्या गर्न सक्छन् । वर्षौंदेखि, भारतका प्रमुख दलहरूले डिजिटल आउटरिच टोली, प्रभावकारी नेटवर्क र जैविक देखिन डिजाइन गरिएका एल्गोरिदममैत्री अभियानमा विशाल स्रोत लगानी गरेका छन् । तैपनि, एक सुधारिएको साङ्लो आन्दोलनले पार्टीको महँगो राजनीतिक अभियानले उत्पादन गर्नेभन्दा बढी भावना उत्पन्न गऱ्यो । यसले नयाँदिल्लीका प्रत्येक रणनीतिज्ञलाई चिन्तित बनाएको हुनुपर्छ । जब व्यंग्य नीतिभन्दा बढी प्रेरक हुन्छ, लोकतान्त्रिक सञ्चार खतरनाक क्षेत्रमा प्रवेश गर्छ ।

यसको अर्थ भारत अहिले नै विद्रोहको किनारमा उभिएको छैन । अनलाइन ऊर्जा विरलै संगठनात्मक शक्तिमा राम्रोसँग रूपान्तरण हुन्छ । संस्थाभन्दा ह्यासट्यागहरू सिर्जना गर्न सजिलो हुन्छ । इन्टरनेट आक्रोश प्रायः व्याकुलतामा गायब हुनुअघि चम्किलो रूपमा जल्छ । तैपनि, सिजेपीलाई अर्थहीन कमेडीको रूपमा खारेज गर्नु बौद्धिक रूपमा अल्छी हुनेछ । हास्यले प्रायः समाजको अनौपचारिक निदान उपकरणको रूपमा काम गर्दछ । मिम्स, पोसाक र किराहरूको कल्पनामुनि एक पुस्ताले सोधिरहेको छ कि के लोकतान्त्रिक प्रणालीले अझै पनि आफ्नो चिन्ता, महत्त्वाकांक्षा र थकानलाई चिन्छ ?

*(ढाका ट्रिब्युनमा प्रकाशित ढाकास्थित प्राज्ञिक, पत्रकार तथा राजनीतिक विश्लेषक एचएम नजमुल आलमको आलेखलाई **सुभाष शर्मा**ले अनुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २३ जेठ ०८३

आगामी मौद्रिक नीतिको तयारीमा जुट्यो राष्ट्र बैंक

७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने बजेटको लक्ष्यलाई सघाउ पुऱ्याउने गरी मौद्रिक नीति बनाउन जुटेको राष्ट्र बैंकले सुझाव संकलनका लागि गऱ्यो आह्वान



पवन तिमिल्सिना / नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८३/८४ को मौद्रिक नीति निर्माणमा जुटेको राष्ट्र बैंकले सुझाव पेस गर्न आह्वान गरेको छ। केन्द्रीय बैंकले मौद्रिक नीतिलाई सन्तुलित र प्रभावकारी बनाउन सरोकारवालाबाट राय तथा सुझाव माग गरेको हो।

सरकारले १५ जेठमा जारी गरेको आगामी बजेटलाई सघाउ पुऱ्याउने गरी राष्ट्र बैंक ऐन, २०५८ मा भएको व्यवस्थाबमोजिम आगामी आर्थिक वर्षको नीति तर्जुमा गर्ने प्रक्रिया अघि बढेको हो। राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभागद्वारा सूचना जारी गर्दै सरोकारवाला, विज्ञ तथा सर्वसाधारणलाई सुझाव पठाउन अनुरोध गरेको छ। ५ असारसम्म सुझाव पठाइसक्न राष्ट्र बैंकले समयसीमा तोकेको छ।

> राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभागद्वारा सूचना जारी गर्दै सरोकारवाला, विज्ञ तथा सर्वसाधारणलाई सुझाव पठाउन अनुरोध

बजेटले लिएका आर्थिक लक्ष्यहरूलाई सघाउने गरी राष्ट्र बैंकले हरेक वर्ष साउन पहिलो वा दोस्रो हप्ताभित्र मौद्रिक नीति सार्वजनिक गर्दै आएको छ। आगामी आर्थिक वर्षको बजेटमार्फत सरकारले ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको छ। यसलाई सघाउन केन्द्रीय बैंकले लचिलो मौद्रिक नीति ल्याउनुपर्ने जानकारहरू बताउँछन्। पछिल्लो समय बैंकिङ प्रणालीले अधिक तरलता खेप्दै आएको छ। आर्थिक गतिविधि चलायमान नहुँदा कर्जाको मागसमेत बढ्न सकेको छैन। १८ जेठसम्म बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ८० खर्ब सात अर्ब रुपैयाँ कायम छ। कर्जा प्रवाह भने ५८ खर्ब ९५ अर्ब छ। कर्जा निक्षेपको अनुपात ७२.९५ प्रतिशत छ।

सुविधाजनक विदेशी मुद्रा सञ्चिति रहेको अवस्थामा केन्द्रीय बैंकले सरकारलाई सघाउने उद्देश्यले लचिलो मौद्रिक नीति ल्याउने तयारी गरेको हो। ०८२ चैत मसान्तमा विदेशी मुद्रा सञ्चिति ३४ खर्ब ९४ अर्ब ७३ करोड पुगेको छ। यो सञ्चितिले १८.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ। यसपटक समयमै मौद्रिक नीति ल्याउने तयारी गर्दै राष्ट्र बैंकले जेठ महिनामै राय-सुझाव संकलनको कामलाई तीव्रता दिएको हो।

धुलो दुध कारखाना साढे दुई वर्षदेखि परीक्षण उत्पादनमै सीमित

प्रदेश सरकारको ४७ करोड लगानीमा साढे दुई वर्षअघि स्थापना भएको उद्योग सञ्चालनको मोडालिटी अझै टुंगिएन

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशले करिब ४७ करोड लागतमा हेटौंडा- १०, सिसौघारीमा निर्माण गरेको धुलो दुध कारखाना निर्माण सम्पन्न भएको साढे दुई वर्ष बित्दा पनि परीक्षण उत्पादनमै सीमित छ। सञ्चालन मोडालिटी तय गर्न ढिलाइ हुँदा सरकारको करोडौं लगानी उपलब्धिविहीन भएको स्थानीयको आरोप छ।

प्रदेश सरकारले दुध उत्पादन बढी हुने समयमा 'मिल्क होलिडे' समस्या समाधान गर्ने, अतिरिक्त दुधलाई धुलो तथा बटरमा रूपान्तरण गर्ने तथा दुग्धजन्य उत्पादनमा मूल्य अभिवृद्धि गर्ने उद्देश्यले उद्योग स्थापना गरेको थियो। दुग्ध विकास बोर्ड, बागमती प्रदेशका उपाध्यक्ष हेमराज पौडेलका अनुसार उद्योग निर्माणअघि नै सञ्चालन मोडालिटी टुंगो नलाग्दा सञ्चालनमा जटिलता देखिएको हो। 'सबैभन्दा पहिला सञ्चालन मोडालिटी तयार हुनुपर्थ्यो, तर यहाँ पहिला कारखाना बन्यो र त्यसपछि कसरी चलाउने भन्ने विषयमा अध्ययन सुरु भयो,' उनले भने, 'अहिले सञ्चालन कार्यविधि, वित्तीय विश्लेषण, बजार अध्ययन, सञ्चालन मोडेल र प्रदेशस्तरीय दुग्ध नीति तयार गरेका छौं। अब निर्णय कार्यान्वयनको चरणमा पुगेका छौं।'

■ बल्ल बन्यो कार्यविधि

दुग्ध विकास बोर्डले कारखाना सञ्चालनका लागि आवश्यक कार्यविधि तयार गरी कृषि तथा पशुपक्षी विकास मन्त्रालयमा बुझाएको छ। उक्त कार्यविधि मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा स्वीकृत गराउने प्रक्रिया अघि बढाइएको छ। उपाध्यक्ष पौडेलका अनुसार प्रारम्भिक चरणमा निजी-सहकारी-सरकारी साझेदारी मोडेलमा सञ्चालन गर्ने सम्भावना अध्ययन गरिएको थियो। तर, संघीय सहकारी ऐनले सहकारी संस्थालाई कम्पनीमा लगानी गर्न नदिने व्यवस्था गरेपछि उक्त मोडेल कानुनी रूपमा सम्भव देखिएन। कार्यविधि तयार भइसकेपछि पनि निर्णय प्रक्रियामा ढिलाइ हुनुको एउटा कारण गत वर्षको आन्दोलनका क्रममा भएको आगलागीलाई पनि बोर्डले मानेको छ। पौडेलका अनुसार मन्त्रालयमा बुझाइएका केही महत्त्वपूर्ण कागजात आगलागीमा नष्ट भएपछि पुनः ड्राफ्ट तयार गरेर प्रक्रिया अघि बढाउनुपरेको छ। 'साउनमै कार्यविधि तयार भएको थियो। तर, आन्दोलनका क्रममा आगलागी हुँदा केही डकुमेन्ट जले। पछि, पुरानो ड्राफ्टका आधारमा पुनः तयार गरेर मन्त्रालयमा बुझाएका छौं,' उनले भने।





उद्योग सञ्चालनको कार्यविधि तयार भएको छ

● **हेमराज पौडेल**, उपाध्यक्ष, दुग्ध विकास बोर्ड, बागमती प्रदेश

सबैभन्दा पहिला सञ्चालन मोडालिटी तयार हुनुपर्थ्यो, तर यहाँ पहिला कारखाना बन्यो र त्यसपछि कसरी चलाउने भन्ने विषयमा अध्ययन सुरु भयो। अहिले सञ्चालन कार्यविधि, वित्तीय विश्लेषण, बजार अध्ययन, सञ्चालन मोडेल र प्रदेशस्तरीय दुग्ध नीति तयार गरेका छौं। अब निर्णय कार्यान्वयनको चरणमा पुगेका छौं। साउनमै कार्यविधि तयार भएको थियो। तर, भदौमा भएको जेन-जी आन्दोलनका क्रममा आगलागी हुँदा केही डकुमेन्ट जले। पछि, पुरानो ड्राफ्टका आधारमा पुनः तयार गरेर मन्त्रालयमा बुझाएका छौं।

■ उद्योग सञ्चालन कसले गर्ने ?

बोर्डले पहिलो विकल्पका रूपमा प्रदेश सरकार आफैंले उद्योग सञ्चालन गर्ने सम्भावना अध्ययन गरेको थियो। तर, आवश्यक जनशक्ति, संगठन तथा व्यवस्थापन (ओएनएम) संरचना, सञ्चालन बजेट र कच्चा पदार्थ खरिदको स्रोत नहुँदा तत्काल यो विकल्प कार्यान्वयन गर्न नसकिने निष्कर्ष निकालिएको छ।

कारखाना सञ्चालनका लागि डेरी इन्जिनियर, डेरी टेक्नोलोजिस्ट, ल्याबविज्ञ, प्राविधिक सहायकलगायत दक्ष जनशक्ति आवश्यक पर्ने भए पनि हालसम्म सरकारले त्यस्ता कर्मचारीको दरबन्दी स्वीकृत गरेको छैन। त्यस्तै, दुध खरिद, दाउरा, ऊर्जा तथा दैनिक सञ्चालन खर्चका लागि आवश्यक बजेटसमेत उपलब्ध नभएको बोर्डको भनाइ छ।

■ विशिष्टीकृत सहकारी मोडेल

उद्योग सञ्चालनका लागि प्रदेशस्तरीय विशिष्टीकृत सहकारी गठन गरेर जिम्मा दिने विकल्पमाथि पनि छलफल भएको छ। बोर्डले कोशी प्रदेशमा सहकारीमार्फत सञ्चालन भइरहेको धुलो दुध उद्योगको अध्ययनसमेत गरेको थियो। तर, बागमती प्रदेशमा दुग्ध सहकारीहरू मिलेर विशिष्टीकृत सहकारी गठन नभएकाले यो विकल्प पनि तत्काल कार्यान्वयन हुन नसक्ने देखिएको छ। उपाध्यक्ष पौडेलका अनुसार सरकारले सहकारी गठन गरिदिने होइन, सहकारीहरू स्वयं संगठित भएर आउनुपर्ने हुन्छ। तर, हालसम्म त्यस्तो पहल नदेखिएकाले यो मोडेल व्यावहारिक बन्न सकेको छैन।

■ डिडिसीसँग जिटुजी मोडेलमा सहमतिनजिक

प्रदेश सरकार आफैंले सञ्चालन गर्न नसक्ने निष्कर्षपछि बोर्डले दोस्रो विकल्पका रूपमा दुग्ध विकास संस्थान (डिडिसी)लाई उद्योग सञ्चालनको प्रस्ताव गरेको छ। डिडिसीसँग पटक-पटक छलफल भइसकेको र संस्थान सञ्चालनका लागि सकारात्मक रहेको बोर्डले जनाएको छ।

हाल परीक्षण उत्पादनको कामसमेत डिडिसीकै प्राविधिक सहयोगमा भइरहेको छ। बोर्डका अनुसार सरकारी-सरकारी (जिटुजी) मोडेलमा सञ्चालन गर्दा पारदर्शिता कायम हुने, निजी क्षेत्रलाई पक्षपात गरिएको आरोप नलाग्ने र डिडिसीको अनुभव तथा दक्ष जनशक्ति उपयोग गर्न सकिने भएकाले यो विकल्प सबैभन्दा व्यावहारिक देखिएको छ।

'डिडिसीसँग लामो समयदेखि वार्ता भइरहेको छ। उहाँहरू सञ्चालन गर्न तयार हुनुहुन्छ,' पौडेलले भने, 'तर, यो स्थायी हस्तान्तरण होइन। प्रदेश सरकारले आवश्यक ठानेसम्म रोयल्टी तिरेर सञ्चालन गर्ने अल्पकालीन व्यवस्थापन मोडेलमा छलफल भइरहेको छ।' बोर्ड स्रोतका अनुसार डिडिसीले सकेसम्म न्यून दायित्वमा उद्योग सञ्चालन गर्न चाहेको थियो। तर, प्रदेश सरकारले ठुलो लगानी भएको सम्पत्ति निःशुल्क हस्तान्तरण गर्न नसकिने अडान राख्दै आएको छ। त्यसैले रोयल्टी तिर्ने सर्तमा सहमति खोज्ने प्रयास भइरहेको छ।



■ चीनमा हिमालय एयरलाइन्सको व्यावसायिक उडान



हिमालय एयरलाइन्सले काठमाडौंबाट चीनको सेन्जेन बोओआन अन्तर्राष्ट्रिय विमानस्थलसम्म व्यावसायिक उडान गरेको छ। हिमालय एयरलाइन्स चीनको सेन्जेनसम्म व्यावसायिक उडान गर्ने पहिलो र एक मात्र नेपाली वायुसेवा कम्पनी बनेको छ। एक सय ८० सिट क्षमताको एयरबस ए३२० विमानमार्फ यो रुटमा नियमित उडान गर्ने कम्पनीले जनाएको छ। पहिलो उडान भने बिहीबार साँझ नेपाली समयअनुसार ९.५९ मा ९८ जना यात्रु बोकेर काठमाडौंबाट सेन्जेनतर्फ प्रस्थान गरेको थियो। चिनियाँ स्थानीय समयअनुसार शुक्रबार बिहान ४.१७ मा विमान सेन्जेनमा अवतरण गरेको थियो। सोही विमानबाट चिनियाँ स्थानीय समयअनुसार बिहान ६.१२ मा एक सय ५७ जना यात्रु लिएर आएको र शुक्रबार बिहान ८.२६ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भएको कम्पनीले जनाएको छ।

'उबर'को नेपालमा औपचारिक सुरुवात



काठमाडौं / विश्वप्रसिद्ध अमेरिकी राइडसेयरिङ कम्पनी 'उबर'ले नेपाली बजारमा औपचारिक रूपले सेवा सुरु गरेको छ। काठमाडौंमा आयोजित एक समारोहबिच नेपालका लागि अमेरिकी दूतावासका कार्यवाहक उपनियोग प्रमुख चेलान ब्लिसले उबरको सेवा शुभारम्भको घोषणा गरेका हुन्।

उबरको यस प्रवेशलाई नेपालको बढ्दो डिजिटल अर्थतन्त्र र प्रविधिको विकासमा एउटा महत्त्वपूर्ण कोसेढुंगाका रूपमा हेरिएको छ। उद्घाटन कार्यक्रममा बोल्दै कार्यवाहक उपनियोग प्रमुख चेलान ब्लिसले भने, 'नेपालमा सेवा विस्तार गर्ने उबरको निर्णय यहाँको आर्थिक मार्गचित्र र नेपाली जनताप्रतिको बलियो विश्वासको प्रतीक हो।'

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको
आ.व. २०७३/७४,२०७४/७५,२०७५/७६ र २०७६/७७ को नगद लाभांश लिन बाँकी शेयरधनी महानुभावहरूलाई अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८३/०२/२३)

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७३/०८/०२ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम कम्पनी ऐन, २०६३ को दफा १८३ ले व्यवस्था गरे बमोजिम लगानीकर्ता संरक्षण कोषको स्थापना, व्यवस्थापन तथा सञ्चालन गर्नको लागि "लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३" स्वीकृत भई उक्त कोषको स्थापना भईसकेकोले कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (९) अनुसार लाभांश वितरण गर्ने विषयमा युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको साधारण सभाले निर्णय गरेको मितिले ५ वर्षसम्म पनि युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको शेयरधनीले बुझी नलिएको आ.व.२०७३/७४, २०७४/७५, २०७५/७६ र २०७६/७७ को नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (१०) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७३ को दफा ५ को उपदफा (३) तथा दफा ७ को उपदफा (२) समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको शेयर रजिष्ट्रार सिटिजन्स क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाण्डौंमा आवश्यक कागजात तथा विवरणहरू सहित सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा उक्त अवधि पश्चात् लिन बाँकी नगद लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।

पुनश्चः हालसम्म पनि शेयर अभौतिकीकरण गर्न बाँकी रहनुभएका शेयरधनीहरूले शेयर अभौतिकीकरण गराउनु हुन तथा हितग्राही खातामा बैंक खाता नं. अद्यावधिक नभएका शेयरधनीहरूलाई आफ्नो हितग्राही खाता (BOID No.) मा बैंक खाताको विवरण अद्यावधिक गराउनु हुन समेत अनुरोध गरिन्छ।

UMH UNITED MODI HYDROPOWER
युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड
पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.-२८, काठमाण्डौं
फोन : ०१-४१६९११४/०१-४१६९११३
इमेल : unitedmodi@ntc.net.np, वेबसाइट: www.umh.com.np

सेबोन अध्यक्षको पर्खाइमा सेयर बजार

साताको पहिलो कारोबार जुन विन्दुबाट सुरु भएको थियो, अन्तिम दिन सोही विन्दुमा रोकियो नेप्से

नयाँ पत्रिका

साताभरमा सेयर बजार परिसूचक नेपाल स्टक एक्सचेन्ज (नेप्से) स्थिर देखिएको छ। बजार खुलेको पहिलो दिन २,७५५.३७ विन्दुमा पुगेको बजार परिसूचक अन्तिम दिन शुक्रबार आइपुग्दा २,७५५.४१ विन्दुमा पुगेर रोकिएको छ। अर्थात्, परिसूचक समग्रमा नगण्य (०.०४) अंकले मात्रै बढेको हो।

आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटपछि यो साता खुलेको बजारमा उत्साह बढ्न सकेन। पुँजी बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन)को अध्यक्ष नियुक्ति प्रक्रिया टुंगोमा नपुग्दा पनि लगानीकर्ता पर्ख र हेरको अवस्थामा छन्। नयाँ अध्यक्ष आएपछि सेयर बजारले लिने नीतिको पर्खाइमा रहको जानकारहरू बताउँछन्। सिफारिस समितिले अध्यक्षका लागि तीनजना सिफारिस गरे पनि मन्त्रिपरिषद्ले हालसम्म निर्णय लिन सकेको छैन। अध्यक्ष नियुक्तिका लागि गठित सिफारिस समितिले बोर्डको कार्यकारी निर्देशक विनयदेव आचार्य, राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्री र डा. गोपालप्रसाद भट्टको नाम मन्त्रिपरिषद्मा सिफारिस गरेको छ।

सिफारिस समितिले चारजना उम्मेदवार डा. नवराज अधिकारी, विनयदेव आचार्य, मुकुन्दकुमार क्षेत्री र डा. गोपालप्रसाद भट्टको कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता सम्पन्न गरी तीनजनाको नाम गत आइतबारको मन्त्रिपरिषद्मा सिफारिस गरेको थियो। सिफारिसमा आचार्य, क्षेत्री र भट्ट परेका छन्। स्रोतअनुसार क्षेत्रीलाई नै अध्यक्ष बनाउने उद्देश्यसहित अर्थ मन्त्रालयले सम्पूर्ण प्रक्रिया अघि बढाएको थियो। तर, प्रधानमन्त्री बालेन्द्र शाहले क्षेत्रीले सेबोनको सञ्चालक समितिमा हुँदा विवादित व्यवसायी दीपक भट्ट सञ्चालक रहेको हिमालयन रि-इन्स्योरेन्सलाई प्रिमियम मूल्यमा सार्वजनिक सेयर निष्कासन (आइपिओ) निष्कासन गर्न सघाउने गरी निर्देशिका बनाउन मद्दत गरेको उजुरीपछि उक्त नियुक्तिलाई विचाराधीन राखेको स्रोतले जानकारी दिएको छ। आवेदन दिने ४७ जनाको नामावली गोप्य राखेको अर्थ मन्त्रालयले सिफारिसका लागि समितिले तर्जुमा गरेको कार्यविधिसमेत सार्वजनिक गरेको छैन।

आगामी सोमबार बस्ने बैठकले सम्भवतः नयाँ अध्यक्ष नियुक्ति गर्ने अर्थ मन्त्रालय स्रोतले जानकारी दिएको छ। नयाँ अध्यक्ष र उनले लिन सक्ने नीतिले आगामी सेयर बजारको कार्यदिशा तय हुने लगानीकर्ता बताउँछन्। सेबोनले गत १६ वैशाखमा आगामी आर्थिक वर्ष ०८३/८४ का लागि धितोपत्र बजारसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्न सरोकारवालासँग राय-सुझाव पनि माग गरेको थियो।

नेप्सेमा साताभरमा प्रत्येक दिन पाँच अर्ब रुपैयाँभन्दा बढीको सेयर कारोबार भएको छ। बिहीबार एक दिन चार अर्ब २२ करोडको सेयर कारोबार भएको थियो। सर्वाधिक सेयर कारोबार बुधबार पाँच अर्ब ३३ करोड रुपैयाँको भएको थियो। शुक्रबार कुल बजार पुँजीकरण ४७ खर्ब एक अर्ब २८ करोड रुपैयाँ कायम छ।


सेबोन अध्यक्षमा सिफारिस भएका तीन उम्मेदवार



गोपाल भट्ट | मुकुन्दकुमार क्षेत्री | विनयदेव आचार्य



साताको नेप्से सूचकांक



महिला लघुवित्त वित्तीय संस्था लि.
Mahila Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय: साँगा, काभ्रे, फोन नं.: ०११-६६१३२९
Email: gsd@mlbsl.com.np, Website: www.mlbsl.com.np

संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना

महिला लघुवित्त वित्तीय संस्था लिमिटेडका तपसिलमा उल्लेखित संस्थापक समूहका शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्नका लागि निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुऱ्याई बिक्री गर्न प्रक्रिया अगाडि बढाउन यस वित्तीय संस्थाको सञ्चालक समितिबाट निर्णय भएकोले संस्थाका संस्थापक शेयरधनीलाई नै उक्त संस्थापक शेयर खरिद गर्न प्राथमिकता दिनुपर्ने व्यवस्था भए बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई यस संस्थाको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक वा शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड कमलादी, काठमाडौंमा आफूले खरिद गर्ने शेयर कित्ता संख्याको व्यहोरा खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ। बिक्रेताले शेयरको न्युनतम मूल्य प्रति शेयर रु. ५१५/- (अक्षरेपी पाँच सय पन्ध्र रुपैयाँ मात्र) तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी निवेदन गर्नु पर्नेछ र कम्पनीको धितोपत्र बजारको मूल्यका आधारमा धितोपत्र बजारमा कारोबार हुने जानकारी गराउँदछौं। संस्थापक शेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार संस्थापक शेयरधनी बाहेकका अन्य व्यक्ति वा संस्थालाई शेयर बिक्रीका लागि आवश्यक प्रकृया अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	शेयरधनीको नाम ठेगाना	बिक्री गर्ने शेयर संख्या
१	शान्ति गौतम, डाँखा खाडी-६, प्यूठान	५००० (पाँच हजार)

बिक्री प्रबन्धक:
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
कमलादी, काठमाडौं
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: https://nsmbl.com.np

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०

नयाँ पत्रिका

यसपटक विश्वकप गुमाएका ६ चर्चित खेलाडी

रमेश सुवेदी/नयाँ पत्रिका

अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने फिफा विश्वकप २०२६ नजिकिँदै छ। यी तीनवटै राष्ट्रहरूमा विश्व फुटबलकै सबैभन्दा बृहत् प्रतियोगिता ३९ दिनसम्म चल्नेछ। १०४औँ खेलमा सहभागी ४८ राष्ट्रमध्ये एक विजेता बन्नेछ। विश्वकपअगाडि नै यसले नयाँ रेकर्ड बनाइसकेको छ। फिफाका अध्यक्ष इन्फाटिनोले यसपटक सर्वाधिक ४८ राष्ट्रलाई सहभागी गराउने निर्णय नै रेकर्ड बन्यो। यसअघि कतार विश्वकपसम्म ३२ राष्ट्रले भाग लिएका थिए, जसमा अर्जेन्टिना इतिहासमै तेस्रोपटक विश्वकप विजेता बन्यो।

विश्वकप खेल्ने सबैको चाहना हो। तर, यो सपना धेरैले पूरा गर्न सक्दैनन्। भावनासँग जोडिएका केही यस्ता खेलाडी छन्, जसलाई समर्थकले फुटबलकै ठुलो मञ्चमा देख्नेछैनन्। व्यावसायिक फुटबलमा राज गरेका चर्चित खेलाडी घाइते छन्। केही खेलाडी आफूले प्रतिनिधित्व गरेको राष्ट्र विश्वकपसम्म पुग्न सकेन। कोही भने मुख्य प्रशिक्षकलाई खुसी पार्न नसक्दा टोलीमै परेनन्।

इंग्लिस क्लब म्यानचेस्टर सिटी तथा इटालीका गोलरक्षक जिअन्लुजी डोनारुम्मा, बार्सिलोनालाई स्पेनिस ला लिगा जिताएका पोल्यान्डका स्ट्राइकर रोबर्ट लेवान्डोस्की, इन्टर मियामी तथा उरुग्वेका चर्चित स्ट्राइकर लुइस सुआरेज, नाइजेरियाका भिक्टोर ओसिम्हेनलगायत खेलाडी अमेरिका, क्यानडा र मेक्सिकोले आयोजना गर्ने विश्वकपमा हुनेछैनन्।



कोल पाल्मर (इंग्ल्यान्ड)

इंग्ल्यान्डका प्रशिक्षक थोमास टुचेलले विश्वकपका लागि अन्तिम २६ खेलाडीको नाम सार्वजनिक गर्दा समर्थक आश्चर्यमा परे। थोमासले चेल्सीबाट व्यावसायिक फुटबल खेलिरहेका २४ वर्षीय युवा पाल्मरलाई राष्ट्रिय टोलीमा छनोट नै गरेनन्। थोमासले पाल्मरसँगै फिल फोडेन, ट्रेन्ट एलेक्जान्डर अर्नोल्ड, ह्यारी म्यागुइर र लुक साजस्ता प्रतिभाशाली खेलाडीलाई यसपटक बाहिर राखे। प्रशिक्षकको यो निर्णयले इंग्ल्यान्ड मात्रै नभएर विश्वका धेरै समर्थक आश्चर्यमा परेका छन्। युरो २०२४ इंग्ल्यान्ड उपविजेता हुँदा पाल्मरले स्पेनविरुद्ध एक मात्र गोल गरेका थिए। उनी पेनाल्टी सुटआउटका लागि उत्कृष्ट मानिन्छन्। पाल्मर पछिल्लो सिजन फिट रहन निकै संघर्ष गरिरहेका थिए। उनी यस सिजन भने तयारी अवस्थामा रहेका थिए।

रोड्रिगो (ब्राजिल)

रियल म्याड्रिडका पूर्वप्रशिक्षक कार्लो एन्सोलोटीले आफैंले प्रशिक्षण गराएका रोड्रिगोलाई ब्राजिलको टोलीमा समावेश गरेनन्। एन्सोलोटी रियलमा रहँदा रोड्रिगो उनका विश्वास पात्र थिए। तर, जब एन्सोलोटी ब्राजिलका प्रशिक्षक बने, रोड्रिगो नजरमै परेनन्। सिजनको अन्त्यतिर एन्टेरियर क्रुसिएल लिगामेन्ट (एसिएल) गुमाउँदा रोड्रिगो विश्वकप खेल्न स्थान बनाउन सकेनन्। यससँगै २५ वर्षीय अट्याकिङ मिडफिल्डर रोड्रिगोले ब्राजिलको विश्वकप जित्ने अभियानमा साथ बन्न नसक्ने भएका छन्। ब्राजिलले रोड्रिगोसँगै एडर मिलिटाओ, जोआओ पेड्रो र १९ वर्षीय एस्टेभाओले पनि विश्वकप गुमाएका छन्। आश्चर्यजनक रूपमा शतप्रतिशत फिट नभएका ब्राजिलका अनुभवी स्ट्राइकर नेमार जुनियर भने टोलीमा परेका छन्।

इडुआर्डो कामाभिंगा (फ्रान्स)

स्पेनिस क्लब रियलबाट व्यावसायिक फुटबल खेलिरहेका इडुआर्डोले पनि विश्वकपमा स्थान बनाउन सकेनन्। फ्रान्सका प्रशिक्षक डिडिएले विश्वकपका लागि अन्तिम २६ खेलाडी छनोट गर्दै २३ वर्षीय मिडफिल्डर कामाभिंगालाई बाहिर राखे। कामाभिंगाले अहिलेसम्म रियलबाट एक सय ४० भन्दा बढी खेल खेलिसकेका छन्। उनले फ्रान्सको राष्ट्रिय टोलीबाट २९ अन्तर्राष्ट्रिय खेल खेलिसकेका छन्। गत सिजनमा उनले रियलमा समेत राम्रो प्रदर्शन गर्न सकेनन्। चोटका कारण उनी गत आधा सिजनजस्तो बेन्चमै रहे। कामाभिंगा टोलीमा रहँदा त्यति आश्चर्य कसैले मानेनन्। उनीसँगै फ्रान्सको विश्वकप खेल्ने टोलीमा लिभरपुरका स्टार हुगो एकिटेके बाहिर छन्। उनले सन् २०२५ मा मात्रै फ्रान्सको टिमबाट डेब्यु गरेका थिए।

जाभी सिमेन्स (नेदरल्यान्ड्स)

सन् २०२४ को युरोमा नेदरल्यान्ड्स सेमिफाइनलमा पुग्यो। यसपटक नेदरल्यान्ड्सले नयाँ इतिहास रच्नेछ। त्यसवेला फर्ममा रहेका सिमोन्सले प्रेरणादायी खेल प्रदर्शन गरेका थिए। तर, नेदरल्यान्ड्स सेमिफाइनलबाट माथि जान सकेन। गत अप्रिलमा टोटनह्यामबाट उल्भ्सविरुद्ध खेल्दा उनी घाइते भएका थिए। सो खेलमा उनले एसिएल गुमाएका थिए। उनले आरबी लाइपजिगबाट प्रिमियर लिगमा अनुबन्ध हुँदा पनि डेब्युका लागि संघर्ष गर्नुपऱ्यो। सिमोन्ससँगै यसपटक म्यानचेस्टर युनाइटेडका म्याथिज डी लाइट र लिभरपुरका जेरेमी फ्रिम्पोङ पनि नेदरल्यान्ड्सको विश्वकप टिममा हुनेछैनन्।

सर्ज जिनाब्री (जर्मनी)

विश्वकप गुमाउने अर्का युवा स्टार जिनाब्री पनि हुन्। जर्मनीका प्रशिक्षक जुलियन नागेल्सम्यानले उनलाई विश्वकपको टोलीमा राखेका छैनन्। जिनाब्रीले अन्तिम ६ खेलमा चार गोल गरेका थिए। यो प्रदर्शनले जिनाब्री प्रशिक्षक जुलियनको नजरमा पर्न सकेनन्। गत सिजन बायर्न म्युनिखले बुन्डेस लिगाको उपाधि जित्दा उनी मुख्य खेलाडी बनेका थिए। बायर्नले उपाधि उचाल्दा ह्यारी केन र माइकल ओलिसकोजस्ता सिनियर खेलाडीलाई जिनाब्रीले सहयोग गरेका थिए। फर्ममा रहेका खेलाडी बाहिर राखेर टोली घोषणा गरेको क्षणमै प्रशिक्षक जिनाब्रीले आलोचना खेपेका थिए। जर्मनीले विश्वकपमा सोचेको जस्तो सफलता चुम्न नसक्दा प्रशिक्षक जुलियनले थप टिप्पणीको सामना गर्नुपर्ने हुन्छ।

काओरी मिटोमा (जापान)

एसियाली राष्ट्र जापान विश्वकपमा 'डार्क हर्स'का रूपमा रहने गर्छ। जापानले गत संस्करणमा देखाएको प्रदर्शनका आधारमा युरोपेली राष्ट्रभन्दा कमजोर नभएको उदाहरण प्रस्तुत गरेको थियो। कतार विश्वकपमा जापान प्रिक्वार्टरफाइनलमा पुगेको थियो। यसपटक जापानको टोलीमा प्रमुख खेलाडी मिटोमा छैनन्। गत मार्चमा भएको इंग्ल्यान्डविरुद्धको खेलमा ऐतिहासिक विजयी गोल उनले गरेका थिए। उनलाई पछिल्लो सिजन ब्राइटनबाट प्रिमियर लिग खेल्दा ह्यामस्ट्रिङ भएको थियो। यो चोटबाट उनी बाहिर आउन सकेका छैनन्। एसिएल गुमाएका अर्का खेलाडी मिनामिनो पनि जापानको टोलीमा छैनन्।

(एजेन्सीको सहयोगमा)

तथ्यांकमा विश्वकप

एजेन्सी/ जुन ११ देखि फिफा विश्वकप सुरु हुँदै छ। यसपटकको विश्वकप फुटबल इतिहासकै बृहत् हुन सक्ने विश्लेषकहरूले जनाएका छन्। तीन राष्ट्रहरूले आयोजना गर्ने विश्वकपमा व्यक्तिगतदेखि सहभागी टोलीले रेकर्ड बनाउनेछन्। ४८ राष्ट्रको सहभागी हुने विश्वकपमा धेरै मिनेटका खेल हुनेछन्। खेलाडीले व्यक्तिगत धेरै गोल गर्नुका साथै टोलीले आफ्नो नाममा सर्वाधिक गोल गर्ने रेकर्ड राख्ने विश्वास छ। सन् १९३४ देखि सुरु भएको विश्वकपमा धेरै रेकर्ड बने र ती तोडिए। तथ्यांकमा कतार विश्वकपसम्मका मुख्य रेकर्ड यस्ता छन्।

सर्वाधिक च्याम्पियन


९६ वर्षको विश्वकप इतिहासमा अहिलेसम्म आठ राष्ट्रले मात्र ट्रफी उचालेका छन्। ब्राजिलले कीर्तिमानी रूपमा पाँचपटक विश्वकप जितेको छ। ब्राजिलले अन्तिमपटक सन् २००२ मा विश्वकप हात पारेको थियो।



त्यसवेला उसले जर्मनीलाई हराएको थियो। सन् २०१४ को विश्वकपमा सेमिफाइनलसम्म ब्राजिल पुग्यो। ब्राजिलले सन् १९५८, १९६२, १९७० र १९९४ मा ट्रफी हात पारेको थियो। ब्राजिलपछि विश्वकपमा सफल राष्ट्र जर्मनी र इटाली हुन्। यी दुवै राष्ट्रले समान चारपटक उपाधि जितेका छन्। जर्मनीले तीनपटक पश्चिम जर्मनीका नामबाट ट्रफी चुमेका थिए। एकीकरणपछि जर्मनीले सन् २०१४ को विश्वकप हात पारेको थियो। इटालीले सन् २००६ मा चौथोपटक उपाधि उचाल्दा फ्रान्सलाई हराएको थियो। साबिक विजेता अर्जेन्टिनाले तीनपटक विश्वकप ट्रफी चुमेको छ। फ्रान्स र उरुग्वेले समान दुईपटक ट्रफी जिते। इंग्ल्यान्ड र स्पेन एक-एकपटक च्याम्पियन बनेका छन्।

व्यक्तिगत धेरै गोल

जर्मनीका पूर्वस्ट्राइकर मिरोस्लाभ क्लोको नाममा व्यक्तिगत धेरै गोलको रेकर्ड छ। उनले विश्वकपमा सर्वाधिक १६ गोल गरेका छन्। उनले यो सफलता २४ खेलबाट प्राप्त गरेका थिए। ब्राजिलका पूर्वखेलाडी रोनाल्डोले १९ खेलमा १५ गोल गर्दै दोस्रो स्थानमा छन्।



क्लोजले रोनाल्डोको रेकर्ड सन् २०१४ को विश्वकपमा तोडेका थिए। यसैगरी, जर्मनीका गर्ड मुलरले १३ खेलमा १४ गोल गरेका छन्। अर्जेन्टिनाका कप्तान लियोनल मेसीले विश्वकपमा १३ गोल पुऱ्याएका छन्। चौथो स्थानमा मेसीसँगै फ्रान्सका जस्ट फोन्टाने छन्। उनले पनि विश्वकपमा १३ गोल नै गरेका छन्। रियल म्याड्रिड तथा फ्रान्सका स्ट्राइकर केलियन एम्बाप्पे र ब्राजिलका पेलेले १२ गोल गरेका छन्। चार वर्षअघिको कतार विश्वकपमा मेसी र एम्बाप्पेबिच धेरै गोल गर्ने प्रतिस्पर्धा चलेको थियो। सो विश्वकपमा मेसीले सात र एम्बाप्पेले आठ गोल गरेका थिए।

मैदानमा धेरै समय बिताउने

अर्जेन्टिनाका मेसी मैदानमा धेरै समय बिताउने खेलाडीमा पर्छन्। पाँचौंपटकको विश्वकप यात्रामा उनले मैदानमा दुई हजार तीन सय १४ मिनेट प्रतिस्पर्धा गरेका छन्।



दोस्रो स्थानमा इटालीका डिफेन्डर पाओलो माल्दिनी हुन्। उनले सन् १९९४ को विश्वकप खेल्दा दुई हजार दुई सय १६ मिनेट मैदानमा बिताए। यसैगरी, जर्मनीमा मिडफिल्डर लोथार म्याथ्युजले दुई हजार ४५ मिनेट मैदानमा प्रतिस्पर्धा गरेका थिए। अर्जेन्टिनाका डिएगो म्याराडोनाले एक हजार नौ सय ४० मिनेट प्रतिस्पर्धा गरे।

अपि स्कुलले सैनिक आवासीयको सामना गर्ने

नयाँ पत्रिका

काठमाडौं जिल्ला क्रिकेट संघको आयोजनामा चलिरहेको तेस्रो जयकुमारनाथ शाह स्मृति यू-१६ अन्तरस्कुल क्रिकेट प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको छ। शुक्रबारको खेल सकिएपछि अन्तिम आठमा पुग्ने सबै टोलीको टुंगो लागेको हो। प्रतियोगिताको पहिलो क्वार्टरफाइनल खेलमा शनिबार डिएभी स्कुलले केएमसी स्कुलसँग प्रतिस्पर्धा गर्नेछ। दोस्रो क्वार्टरफाइनलमा अपि स्कुल र सैनिक आवासीय महाविद्यालयबिच हुनेछ। प्रतियोगिताको आइतबार मोक्षदा स्कुलले जेम्स स्कुलसँग सेमिफाइनल प्रवेशका लागि खेल्नेछ। त्यसै दिन अन्तिम क्वार्टरफाइनलमा नेपाल पुलिस स्कुलले रत्नराज्य माध्यमिक विद्यालयसँग भिड्नेछ।

प्रतियोगिताको लिग चरणको अन्तिम दिनमा रत्नराज्य माध्यमिक विद्यालयले संस्कृति इन्टरनेसनल स्कुललाई ९१ रनले पराजित गरेको थियो। जितसँगै टोलीले दुई खेलमा दुई अंक जोड्दै अन्तिम आठमा स्थान बनाएको हो। अर्को खेलमा मोक्षदा र क्लिन्टन स्कुलबिचको खेल वर्षाका कारण हुन नसकेपछि दुवै टोलीले एक-एक अंक बाँडे। दुई खेलमा एक जित र एक बराबरीसहित तीन अंक जोडेको मोक्षदा क्वार्टरफाइनलमा प्रवेश गऱ्यो।



त्रिवि क्रिकेट मैदानमा सैनिक आवासीयले क्रिएटिभ एकेडेमीलाई १० विकेटले पराजित गर्दै अन्तिम आठको स्थान पक्का गरेको हो। सैनिकले चार अंक बनायो। डिएभी स्कुलले रेडियन्ट रिडर्स स्कुललाई एक सय ७८ रनले पराजित गर्दै समूह 'ए'को विजेता बन्यो। तल्लो मूलपानी क्रिकेट मैदानमा जेम्स स्कुलले लिभरपुल सेकेन्डरी स्कुललाई १० विकेटले पराजित गर्दै समूह 'जी'को विजेता बन्यो। नेपाल पुलिस स्कुलले पिक प्वाइन्ट एकेडेमीलाई डकवर्थ-लुइस (डिएलएस) विधिअनुसार ४९ रनले पराजित गर्दै क्वार्टरफाइनलमा प्रवेश गऱ्यो।

एसियन गेम्स छनोट

नेपालले सेमिफाइनलमा ओमानसँग खेल्ने

नयाँ पत्रिका

नेपालले सिंगापुरमा चलिरहेको २०औँ जारी एसियन गेम्स पुरुष क्रिकेट छनोटको सेमिफाइनलमा ओमानसँग प्रतिस्पर्धा गर्ने भएको छ। प्रतियोगिताको शुक्रबार हङकङसँगको खेलमा ओमान एक सय ५४ रनले पराजित भएको थियो। समूह 'ए'को विजेता नेपालले समूह 'बी'को उपविजेता ओमानलाई अन्तिम चारमा प्रतिद्वन्द्वी पाएको हो।

प्रतियोगिताका चारवटै सेमिफाइनलिस्ट टोलीहरू जापानमा आयोजना हुने एसियन गेम्सका लागि छनोट भइसकेका छन्। दोस्रो सेमिफाइनलमा मलेसियाले हङकङको सामना गर्नेछ।



हङकङ १५४ रनले विजयी

समूह 'बी'मा हङकङले पहिलो ब्याटिङ गर्दै २० ओभरमा एक विकेटको क्षतिमा दुई सय ८७ रनको विशाल योगफल खडा गऱ्यो। प्रत्युत्तरमा ओमानले २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ३३ रन बनाउँदा हङकङ एक सय ५४ रनले विजयी भयो। हङकङका लागि अंश राठले सर्वाधिक एक सय ४० रनको योगदान दिए। उनले आफ्नो शतकीय इनिङ्समा ५६ बलमा १० छक्का र १३ चौका प्रहार गरेका थिए। यसैगरी, निजाकत खानले ४५ बलमा चार छक्का र ६ चौका प्रहार गरी ७६ रन बनाए। बाबर हयातले १९ बलमा पाँच छक्का र सात चौकाको सहयोगमा ६३ रन बनाए।

प्रत्युत्तरमा ओमानको ब्याटिङमा जुबेर अल बालुसीले २३ बलमा ४० रन बनाए। उनले पाँच चौका र दुई छक्का प्रहार गरेका थिए। मजफार सिराल्करले २६ बलमा ३६ रनको योगदान दिएका थिए। फैरिस अलले ११ बलमा १० रन बनाए। हङकङका लागि एहसान खानले चार ओभरमा १२ रन दिएर चार विकेट लिए। हङकङको पहिलो विकेटका लागि १४.५ ओभरमा एक सय दुई रनको साझेदारी भएको थियो।

धेरै रन बनाउनेमा भुर्तेल

एसियन छनोटमा नेपालका ओपनर कुशल भुर्तेल सर्वाधिक रन बनाउने सूचीको शीर्ष स्थानमा छन्। उनले दुई इनिङ्समा दुई सय ५५ रन बनाएका छन्। उनले दुई खेलमा १२७.५० को औसतमा ब्याटिङ गरेका छन्। यसैगरी, हङकङका अंशमानले तीन इनिङ्समा एक सय ७६ रन जोडेका छन्। उनी दोस्रो स्थानमा रहँदा हङकङका बाबर तेस्रो स्थानमा छन्। उनले तीन इनिङ्समा एक सय ७० रन बनाएका छन्। भुर्तेलले चीनसँगको खेलमा एक सय २९ रन तथा मलेसियाविरुद्ध एक सय २६ रन जोडेका थिए। नेपालको टी-२० आई इतिहासमा लगातार दुई खेलमा शतकीय इनिङ्स खेल्ने भुर्तेल पहिलो खेलाडी हुन्। यस्तो सफलता हात पार्ने उनी विश्वकका नवौं खेलाडी हुन्। पछिल्लो तीन सातामा उनले तीनवटा अन्तर्राष्ट्रिय शतक लगाएका छन्। आइसिसी विश्वकप लिग-२ मा उनले अमेरिकाविरुद्ध शतक ठोकेका थिए।

यसैगरी, धेरै विकेट लिने सूचीमा हङकङका इहसान खान छन्। उनले तीन खेलमा ६ विकेट लिएका छन्। मलेसियाका विजय उनीले पनि ६ विकेट हात पारेका छन्। इकोनोमी रेटमा उनी पछाडि छन्। ओमानका नवेद अल पनि तेस्रो स्थानमै छन्। उनले ६ विकेट लिएका छन्। यसैगरी, उत्कृष्ट स्ट्राइक रेटमा नेपालका पूर्वकप्तान रोहितकुमार पौडेल छन्। उनले दुई इनिङ्समा ३१३.६३ को स्ट्राइकमा ब्याटिङ गरेका छन्। नेपालका कप्तान दीपेन्द्रसिंह ऐरीले २८१.८१ को स्ट्राइकमा ब्याटिङ गरे। नेपालकै कुशल भुर्तेलको स्ट्राइक २६२.८८ रहेको छ।

राष्ट्रपति रनिङ सिल्डमा बागमती च्याम्पियन

१६औँ केन्द्रीय राष्ट्रपति रनिङ सिल्ड खेलकुदको टिम च्याम्पियनको उपाधि जित्दा बागमतीले सर्वाधिक २२ स्वर्ण, २१ रजत र १३ कांस्य जित्यो

नयाँ पत्रिका

साबिक विजेता बागमती प्रदेशले १६औँ केन्द्रीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिताको उपाधि जितेको छ। बागमतीले शुक्रबार ६ खेल समावेश प्रतियोगितामा सर्वाधिक २२ स्वर्ण, २१ रजत र १३ कांस्य जित्दै उपाधि रक्षा गरेको हो। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजनामा भएको प्रतियोगितामा सुदूरपश्चिम दोस्रो भएको छ। सुदूरपश्चिमले १९ स्वर्ण, नौ रजत र १४ कांस्य हात पाऱ्यो। १२ स्वर्ण, १५ रजत र १८ कांस्य जितेको लुम्बिनी तेस्रो बनेको छ। पाँच स्वर्ण, दुई रजत र १८ कांस्यसाथ गण्डकी चौथो बनेको छ। चार स्वर्ण, सात रजत र १७ कांस्य जितेको कोशी पाँचौं र तीन स्वर्ण, ६ रजत र ६ कांस्यसाथ मधेश छैटौं स्थानमा रहेका छन्। कर्णालीले दुई स्वर्ण, पाँच रजत र १२ कांस्य हात पार्दै सातौं स्थान रक्षा गऱ्यो। तीन दिनसम्म चलेको १६औँ केन्द्रीय राष्ट्रपति रनिङ सिल्डमा सात प्रदेशबाट ६ सय ८६ खेलाडीले एथलेक्टिस, भलिबल, कबड्डी, तेक्वान्दो, कराँते र उसुमा प्रतिस्पर्धा गरेका थिए। प्रतियोगिताको १७औँ संस्करण कोशी प्रदेशमा आगामी १९ देखि २२ फागुनसम्म हुने राखेपाले जनाएको छ। उद्घाटन समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रदेश खेलकुद विकास बोर्ड, कोशीका सदस्य-सचिव विप्लव घोषलाई प्रतियोगिता आयोजनाका लागि झन्डा हस्तान्तरण गरेका थिए।



भलिबल : गण्डकी र बागमतीलाई उपाधि

भलिबलको उपाधि गण्डकी र बागमतीले जितेका छन्। गण्डकी छात्र तथा बागमती छात्रामा च्याम्पियन बनेका हुन्। निर्णायक सेटमा विजेता बनेका दुवै टोलीले लुम्बिनीलाई पराजित गरेका थिए। गण्डकी र बागमतीले सुरुका दुई सेटमा पछि परेको स्थितिलाई उल्ट्याउँदै उपाधि जितेका हुन्। छात्र फाइनलमा गण्डकीले लुम्बिनीलाई २०-२५, २४-२६, २५-२२, २५-१७ र १५-११ को सेटमा हरायो। छात्राको उपाधि भिडन्तमा बागमतीले लुम्बिनीलाई २१-२५, २२-२५, २५-१२, २५-२१ र १५-८ ले पाखा लगायो।

कबड्डी : लुम्बिनीलाई दोहोरो उपाधि

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको कबड्डीको छात्र र छात्रा दुवैमा लुम्बिनीले उपाधि चुम्यो। छात्र र छात्रा फाइनलमा लुम्बिनीले प्रतिद्वन्द्वी बागमतीलाई हराएको थियो। छात्रको फाइनलमा लुम्बिनीले बागमतीलाई ३७-३२ ले पराजित गऱ्यो। कर्णाली र गण्डकी संयुक्त रूपमा तेस्रो भए। छात्राको उपाधि भिडन्तमा लुम्बिनीले बागमतीलाई ३५-२९ ले हरायो। सुदूरपश्चिम र मधेश तेस्रो स्थानमा रहे। यसैगरी, उसुमा सुदूरपश्चिमको वर्चस्व रह्यो। सुदूरपश्चिमले ६ स्वर्ण जित्यो। बागमतीले तीन तथा गण्डकी, लुम्बिनी र कर्णालीले एक-एक स्वर्ण हात पारे।

एथलेटिक्समा बागमतीलाई सर्वाधिक ११ स्वर्ण

बागमतीले प्रतियोगिताको अन्तिम दिन शुक्रबार एथलेटिक्समा सर्वाधिक ११ स्वर्ण जितेको छ। बागमतीले सात रजत र पाँच कांस्य पनि जित्यो। एथलेटिक्समा विभिन्न २६ स्पर्धा समावेश थिए। सुदूरपश्चिमले आठ स्वर्ण, तीन रजत र चार कांस्य हात पाऱ्यो। लुम्बिनीले पाँच स्वर्ण, नौ रजत र पाँच कांस्य जित्यो। गण्डकीले दुई स्वर्ण, दुई रजत र सात कांस्य जितेको आयोजकले जनाएको छ। कर्णालीले एक स्वर्ण, दुई रजत र तीन कांस्य जित्यो। स्वर्णविहीन कोशीले समान दुई रजत र कांस्य जितेको थियो। यस विधामा मधेश पदकविहीन बन्यो। दशरथ रंगशालामा अन्तिम दिन आठ स्पर्धाको फाइनल भएको थियो। छात्र दुई सय मिटर दौडमा लुम्बिनीका भगवानदास लोहार पहिलो भए। उनले निर्धारित दूरी २२.६४ सेकेन्डमा पूरा गरे। सो स्पर्धाको छात्रामा लुम्बिनीकी गरिमा चौधरीले निर्धारित दूरी २७.३७ सेकेन्डमा तय गर्दै स्वर्ण जितिन्।

तीनवटा जुनियर रेकर्ड

एथलेटिक्समा दुई व्यक्तिगत र एक टिममा गरी जम्मा तीन जुनियर राष्ट्रिय कीर्तिमान बनेका छन्। छात्र हाइजम्पमा बागमतीका अविनाश सुनारले १.८६ मिटर जम्प गर्दै कीर्तिमान कायम गरे। छात्रा चार सय मिटर दौडमा बागमतीकी भगवती खड्काले हिट चरणमा निर्धारित दूरी ५८.९४ सेकेन्डमा पूरा गर्दै कीर्तिमान बनाइन्। भगवतीले कीर्तिमानी एकसहित जम्मा चार स्वर्ण जितिन्। भगवतीले चार सय मिटर दौडबाहेक आठ सय मिटर दौड, चार गुणा एक सय र चार गुणा चार सय मिटर रिलेमा स्वर्ण जितेकी हुन्। छात्रा चार गुणा चार सय मिटर रिलेमा अतित थापा, आर्यन रानामगर, अंकित रानाभाट र सुदीप भण्डारी सम्मिलित गण्डकी टोलीले निर्धारित दूरी तीन मिनेट २७.९ सेकेन्डमा तय गर्दै कीर्तिमान रचे। यसैगरी, तेक्वान्दोमा बागमतीले पाँच स्वर्ण जित्यो। कराँतेमा कोशीले सर्वाधिक समान तीन स्वर्ण, रजत र कांस्य जित्यो।

साबल सहकारी संस्था लिमिटेड
धुम्बाराहीचोक, चक्रपथ, काठमाडौं
फोन नं. ४३७६६९५, ४३७०७२५

आवश्यकता

प्रकाशित मिति २०८३/०२/२३

यस संस्थामा रिक्त रहेको तपसिलको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्य र इच्छुक नेपाली नागरिकले रीतपूर्वक दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम शुल्क रु.२००।- (अक्षरेपी रु. दुई सय मात्र) लाग्नेछ।

क्र.सं.	वि.नं.	पद	तह	पद संख्या	आवश्यक न्यूनतम शैक्षिक योग्यता
१.	१८२।८३	कनिष्ठ सहायक	द्वितिय	१ (एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको।

द्रष्टव्य:
१. दरखास्त दिने स्थान:- संस्थाको कार्यालय
२. दरखास्त दस्तुर:- रु.५००।- (अक्षरेपी रु. पाँच सय मात्र)
३. दरखास्त दिने अन्तिम मिति:- २०८३/०२/२९ गते।
४. परीक्षाको किसिम:- लिखित परीक्षा र अन्तर्वार्ता। (लिखित परीक्षा सम्बन्धमा कार्यालयबाट पछि जानकारी गराइनेछ।)
५. उमेरको हद:- १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको।
६. आवेदन फारम साथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको लब्धांक पत्र, चारित्रिक प्रमाणपत्र र तालिम तथा सिप सम्बन्धी प्रमाणपत्र भए पेश गर्नु पर्नेछ।
७. तोकिएको प्रक्रियाहरू पूरा नभएको दरखास्त फारम जुनसुकै बेला पनि रद्द गरिनेछ। यसरी रद्द हुन जाने दरखास्तहरूको दरखास्त दस्तुर फिर्ता हुने छैन।
८. रिक्त पदमा आवेदन पेश गर्ने उम्मेदवारले आफूसँग कम्प्यूटर सम्बन्धी तालिमको प्रमाणपत्र तथा सवारी चालक अनुमतिपत्र भएमा पेश गर्नु पर्नेछ।
९. उल्लिखित पदको तलब, भत्ता तथा अन्य सुविधाको हकमा संस्थाको नियमानुसार हुनेछ।
१०. अन्य विषयहरू यस संस्थाको विनियम २०५६ (दोस्रो संशोधन २०७९ सहित) र कर्मचारी सेवा कार्यविधि २०८२ तथा सहकारी सम्बन्धी कानून बमोजिम हुनेछ।

थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com